साहित्यिक पत्रिका

# नवप्रज्ञापन

प्रकाशनारम्भ : २०५०, पूर्णाङ्क : ८६, कार्तिक–पौष २०७६

(प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रिय 'क' वर्गमा वर्गीकृत साहित्यिक पत्रिका)

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**सह-सम्पादक**
प्रमोद पाण्डे

**सहायक सम्पादक**
समीर पाख्रिन

**व्यवस्थापक**
गणेशराज रिजाल

**आवरण**
राजेश मानन्धर

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
इमेज प्रिन्टर्स
चावहिल, काठमाडौं

**सहयात्री**
निर्मोही व्यास
राममणि दुवाडी
दामोदर पुडासैनी 'किशोर'
गोपाल अश्क
भारद्वाज मित्र
रामकृष्ण काफ्ले
गोपाल बराल
शिव अधिकारी
पुरूषोत्तम अधिकारी
भक्तबहादुर पण्डित
माधव ओली
सहदेव रेग्मी
आरएम डंगोल
गगनदीप सर्व
डा. पुष्करराज भट्ट
हृदयनारायण चौधरी
मधुसुदन चौधरी
सुनिल कुमार
रामनिवास गुप्ता
हरिदेव खरेल
मिलन समीर
हेमराज अधिकारी
रमेश कडेल
होमराज श्रेष्ठ
श्याम भट्टराई
नन्दु उप्रेती

मूल्य : ५०/-

कार्यालयः स्वाभिमानवस्ती जीतपुर-सिमरा उपमहानगरपालिका-१६, बारा, प्रदेश-२, नेपाल
फोन नं.: ९८५५०२४९५५, काठमाडौं सम्पर्क : ९८५११३८६२४
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com

## नवप्रज्ञापन प्राज्ञसभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, ललितपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौं, ९. डा. सुषमा आचार्य, ललितपुर १०. निर्दोषकुमार, बारा ११. भद्रकुमारी घले, काठमाडौं १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौं १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौं १८. शर्मिला खड्का दाहाल, सुनसरी १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौं २६. वासुदेव श्रेष्ठ, धादिङ ७. केशव रुपाखेती, धादिङ २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा ३५. विद्याप्रसाद घिमिरे, काठमाडौं ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौं ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौं ४३. खगप्रसाद अर्याल, धादिङ ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाईं, धादिङ ४६. रमेश समर्थन, रुपन्देही ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौं ५०. जयन्ती स्पन्दन, काठमाडौं ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौं, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. प्रदीप प्रधान, रुपन्देही ६३. सीताराम उप्रेती, झापा ६४. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६५. कृष्ण खड्का, धादिङ ६६. गीता अधिकारी, काठमाडौं ६७. रश्मी असफल, झापा ६८. समीर पाख्रिन, बारा ६९. प्रभात सापकोटा, काभ्रे ७०. विजय मैनाली, बारा ७१. राधेश्याम शिवाकोटी, बारा ७२. मुना भट्टराई, बारा ७३. बैकुण्ठ नेपाल, बारा ७४. ईश्वरराज लोहनी, धादिङ ७५. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७६. मनदेवी तण्डुकार, ललितपुर ७७. छायादत्त न्यौपाने, पर्वत ७८. दुर्गा रिमाल, काठमाडौँ ७९. दीपक रुचाल, धादिङ, ८०. खिमानन्द पोखरेल, गुल्मी, ८१. रञ्जुश्री पराजुली, काठमाडौँ ।

## सम्पादकीय

मानिस सांस्कृतिक प्राणी हो । ऊ एउटा संस्कृतिमा बाँचेको हुन्छ । जो जहाँ जुनसुकै अवस्थामा बाँचेको भए पनि उसले एउटा संस्कृति अबलम्बन गरेकै हुन्छ । संस्कृतिले मान्छेलाई बचाएको मात्र हुँदैन सिङ्गो जीवन पनि दिएको हुन्छ ।

संस्कृति विभिन्न खालका छन् । मानिससँगसँगै संस्कृति पनि हिँड्छ । संसारमा अनेक संस्कृति छन् । संस्कृति निर्माणका विभिन्न आधारहरू पनि छन् । तिनै आधारले संस्कृति निर्माण र विकास हुन्छ । सबैलाई आ-आफ्नो संस्कृति प्यारो हुन्छ । त्यसको उत्थानका निम्ति मानिसहरू विभिन्न कर्म गर्छन् र आफ्नो संस्कृतिलाई सभ्य र सुसंस्कृत बनाउन कम्मर कस्छन् ।

कुन संस्कृति अब्बल र कुन संस्कृति कमजोर भन्ने प्रश्नको उत्तर दिन अत्यन्तै कठिन हुन्छ । शक्ति, सामर्थ्य, ताकत, हैसियत र औकातका आधारमा संस्कृतिको मूल्याङ्कन हुनेगर्छ । जो बलियो छ उसैको संस्कृति राम्रो मानिदै आएको छ । यो आजको मात्र हैन परापूर्वकालदेखिकै परम्परा हो । बलियोले निर्धोलाई लखेट्ने परिपाटी जीवनको सुरूवातदेखि नै रहिआएको छ ।

कुनै जमानामा पूर्वीय संस्कृति अब्बल मानिन्थ्यो र अझै पनि मान्नेहरूको सङ्ख्या ठूलो छ । तर आजका दिनमा यतातिर हाम्रा मानिसहरूको ध्यान कम गइरहेको छ । बाहिरी देखावटीले भित्री गुह्यतत्व पत्ता लगाउन सकिरहेको छैन । त्यसैले आजका युवायुवतीहरूलाई क्रमशः पाश्चात्य संस्कृतिले आकर्षित गरिरहेको अवस्था छ ।

उपभोगवादी चिन्तनले धेरैको मनमस्तिष्कमा घर गरेका कारण त्यस्तो स्थिति उत्पन्न भएको हो । हामीमा रहेको संयम, चिन्तन र अठोट क्रमशः बगिरहेको परिस्थिति छ । हिजो सिकाउने, बुझाउने, देखाउने र हिँडाउने हामीहरू आज अरूबाट त्यही काम गर्न खोजिरहेका छौँ । मानिस जब आफूलाई बिर्सन्छ तब उसले गर्ने काम यस्तै हुन्छ ।

भोलिको चिन्ता र आशा नगर्ने प्रवृत्ति हावी भइरहेका कारण आजका अधिकांश युवा मनमस्तिष्क त्यतातिर उन्मुख भएका हुन् । हामीले अनुशरण गर्न खोजेकाहरू सबै खुसी र सुखी छन् त ? यो प्रश्नको उत्तर दिनसक्ने हैसियत नभएकाहरू पनि तिनीहरूप्रति आकर्षित हुँदै गइरहेको अचम्मको परिस्थिति हामीमाझ उत्पन्न भइरहेको छ ।

हाम्रो सांस्कृतिक मूल्य मान्यतातिर ध्यान खिचिनै सकिरहेको छैन । यसो हुनु भनेको हामी उत्थान नभई पतनको बाटोतिर हिँड्न खोज्नु हो । हाम्रा पाइताला त्यतातिर किन अग्रसर बनिर

हेछन् सखल्दो उत्तर पाउन नसकिने अवस्था छ यतिखेर ।

संस्कृति जीवन बाँच्ने आधार हो । यसले मानिसलाई हिँडाउने मात्र हैन गन्तव्यमा पुऱ्याउने समेत काम गर्छ । संस्कृति सबैतिर एकैनासको पनि रहँदैन । समयक्रममा यसमा परिवर्तन आइरहन्छ । यसो हुनु पनि पर्छ । मानिसले संस्कृति बनाउने भएकाले जीवनशैलीमा परिवर्तन आएसँगै यसमा पनि फेरबदल आइरहन्छ ।

फेरबदलको नाममा अर्काको सिको गर्न खोजियो भने त्यसले समाउने बाटो नकरात्मक नै हुन्छ । परिवेश, समय, विकासक्रम, चिन्तनधारा, चिन्तन पद्धति, बाँच्ने र सोच्ने चिन्तन शैली आदिको पनि संस्कृतिमा गहिरो छाप पर्दछ वा संस्कृति निर्माणमा तिनीहरूको महत्वपूर्ण स्थान रहन्छ ।

हाम्रै देशमा पनि विभिन्न संस्कृति र प्रचलन छन् । एउटै धार्मिक आस्थामा पनि अनेकौँ संस्कृतिको विकास भएको पाइन्छ । नेपालको हिन्दू संस्कृति र भारतको हिन्दू संस्कृतिमा पनि कतिपय ठाउँमा ठूल्ठूला खाडलहरू छन् । यसमा विभिन्न तत्व तथा अवस्थाले फेरबदल पारेको हो ।

हाम्रा सांस्कृतिक चाडपर्वमा पनि त्यसको छाया देख्न सकिन्छ । यो समय, परिस्थिति, स्थान र परिवेशले ल्याएको भिन्नता हो । अझै नेपालमा त हामी सांस्कृतिक घुलनताका साथ बाँचेका छौँ । एकले अर्काको संस्कृतिको सम्मान र आदर गर्ने परम्परा रहिआएको छ । यो सकारात्मक पक्ष हो । हाम्रो संस्कृतिले यसलाई सहर्षका साथ आत्मसात पनि गरेको छ ।

वर्तमान परिवेशमा हाम्रो संस्कृतिमाथि विभिन्न प्रहारहरू हुन थालेका छन् । नयाँका नाममा पुराना मूल्यमान्यतालाई हामी रूढीवाद वा अन्धविश्वासको माला पहिऱ्याइरहेछौँ । अर्कोको किन राम्रो र मेरो किन नराम्रो भन्ने कुराको खोजतिर मनमस्तिष्क जान सकिरहेका छैनन् । आफ्नोलाई धारेहात लगाउँदै अर्काकोलाई राम्रो ठानेर अहिले स्वागत गरे पनि त्यसले पछिसम्म सन्तुष्टि दिइरहला भन्ने आधार अत्यन्त कम छ ।

सधै खुसी र सुखी बनिरहने हो भने आफ्नो गहिराई खोज्नु र त्यसको दायाँबायाँ हात लगाउनु आवश्यक छ । हो, राम्रोको स्वागत गर्नु पनि पर्छ तर त्यसको नाममा आफ्नो जति सबै नराम्रो र परायको जति सबै राम्रो भन्नु चाहिँ आफूले आफ्नै घाँटी थिचेर आत्महत्या गर्नु जस्तै हो । तसर्थ सम्बन्धित सबैको ध्यान यतातिर जानु नितान्त आवश्यक छ ।

वर्तमान जीउने नाममा विगतलाई भुल्नेहरू कोही पनि कालान्तरसम्म खुसी र सन्तुष्ट बन्न सकेका छैनन् । यसकारण खुसी खोज्ने बहानामा आफैलाई पूर्ण रूपमा नभुलौँ र तत्कालीन हैन दीर्घकालीन खुसीको खोजी गरौँ त्यसले मात्र हाम्रो उद्दार गर्न सक्दछ ।

## तपाई यी स्थानबाट नवप्रज्ञापन नियमित प्राप्त गर्न सक्नुहुन्छ:

| | | | |
|---|---|---|---|
| १. | श्रेष्ठ बुक एण्ड न्यूज सेन्टर | ०२३-५८४१२५ | दमक, झापा |
| २. | मुनाल पुस्तक भण्डार | ०३५-४२०१२५ | गाईघाट, उदयपुर |
| ३. | न्यू परजुना स्टेशनरी | ०४७-५२००२५ | सिन्धुली |
| ४. | श्री सूचना केन्द्र | ०५७-५२१७३७ | हेटौंडा, मकवानपुर |
| ५. | नारायणी पुस्तक सदन | ०५६-५२१२८० | नारायणगढ, चितवन |
| ६. | विपिन  पुस्तक पुसल | ०९९-५२०१४८ | महेन्द्रनगर कंचनपुर |
| ७. | सुनगाभा बक्स एन्ड स्टेसनरी | ०५६-५३१४७० | भरतपुर चितवन |
| ८. | भट्टराई पुस्तक पसल | ०२१५२४२४३ | विराटनगर |
| ९. | त्रिपूरा पुस्तक पसल | ०१०-५२०१९० | धादिङ |
| १०. | कञ्चन पुस्तक पसल | ०६१-५२४४६६ | पोखरा, कास्की |
| ११. | सिटी बुक एण्ड न्युज सेन्टर | ०७१-५४५२३६ | बुटवल, रुपन्देही |
| १२. | न्यू प्रभात पुस्तक पसल | ०८३-५२००७५ | सुर्खेत |
| १३. | श्रेष्ठ पत्रपत्रिका पसल | ०५३-५५१५१९ | कलैया बारा |
| १४. | सेभेन पीआर स्टेसनरी | ०५३-५२०६४३ | पथलैया, बारा |
| १५. | पाठ्य सामाग्री पसल | | जामेमस्जिद, घण्टाघर |
| १६. | हिमालयन बुक्स सेन्टर, | | बागबजार, काठमाडौं |
| १७. | पिपलबोट न्युरोड, | | काठमाडौं |
| १८. | घण्टाघर पत्रिका पसल | | वीरगन्ज, पर्सा |

## अनुरोध/जानकारी

- भाषा, साहित्य, कला र संस्कृतिको उत्थानप्रति सचेत,
- सम्भव भएसम्म साहित्यका विविध विधाको उपस्थिति,
- स्तरीय, मौलिक तथा अन्यत्र अप्रकाशित रचनाको सधैं स्वागत,
- शुद्ध प्रिती फन्टमा टाइप गरेर पठाएका रचना मात्र स्वीकार्य हुने,
- छायाँ छविका साथ रचनामा नाम, ठेगाना र परिचय स्पष्ट लेख्न आग्रह,
- प्रेषित रचना चार अङ्कभित्र अप्रकाशित भए अस्वीकार्य ठहरिने,
- रचना स्वीकृत-अस्वीकृत र काँटछाँटको अधिकार सम्पादक मण्डलमा,
- एक ठाउँमा प्रकाशनार्थ दिइएको रचना अन्यत्र नपठाउन अनुरोध,
- इमेलमा प्राप्त रचनालाई विशेष प्राथमिकता ।

# रचनाक्रम


- **गढीमाई विशेष**
  - सुनीलकुमार/७
  - गोपाल ठाकुर/१३
  - सञ्जय मित्र/१६
  - उपेन्द्र यादव (कुराकानी)/१९
  - सुदामा साह कानु (कुराकानी)/२३
  - मंगल चौधरी थारु (कुराकानी)/२४
  - गढीमाई परिसर (तस्वीर)/२५

- **कथा/लघुकथा**
  - कृष्ण बजगाईं/६३
  - डा. घनश्याम परिश्रमी/६४

- **सम्झना/निबन्ध**
  - प्रकाश ए. राज/३४
  - कृष्ण जोशी/३७
  - नरेन्द्रराज पौडेल/३९
  - जय छाङ्छा/४२
  - माधव काफ्ले/४८
  - छायादत्त न्यौपाने 'बगर'/५२

- **कविता/गीत/हाइकु/ताङ्का**
  - जानुका राई/३६
  - विवश वस्ती/५१
  - स्नेह सायमि/५४
  - मुकुन्द आचार्य/६५
  - श्रीराम श्रेष्ठ/६६
  - राम विनय/६८
  - पदम बडाल/६९
  - लक्ष्मी थापा/७०
  - शोभा खतिवडा/७२
  - आचार्य प्रभा/७२
  - लक्ष्मी श्रेष्ठ/७३

- **समालोचना/समीक्षा**
  - हरिप्रसाद भण्डारी/५५
  - ठाकुर शर्मा भण्डारी/६७
  - अरुणबहादुर खत्री 'नदी'/७४

- **पालो-पालो (अवधि भाषा)**
  - हंसा कुर्मी/७६

- **देशान्तर /भाषान्तर**
  - दुर्गालाल श्रेष्ठ/७१
  - कुमार अंबुज/७३

# बत्तीदेवी गढीमाई



• सुनील कुमार

मानवेतर प्राणी देवीदेवता पर आस्था-विश्वास राखेला कि ना ई पक्षी विशेषज्ञ आ पशु वैज्ञानिक लोग जानो माने मानव पुरूब के होखे आ पश्चिम के सब लोग देवीदेवता के मानेला, आस्था राखेला आ विश्वासो करेला । बाकिर तरिका अलग-अलग बा । केहु देवीदेवता के समर्थन क के त कोई विरोध क के माने दुनु के मन-मस्तिष्क में देवता रहेला । संसार में जेतना छोट-बड देश बा, सब आ-आपन धर्म-सम्प्रदाय के अनुसार देवस्थलन के निर्माण कइले बा आ आगा होतो रही । विश्व के मानचित्र में सुन्दर गाल पर के तील खनिया शोभेवाला, भौगोलिक दृष्टि से छोट आ प्रकृति से सजावल देश नेपाल भाषा, पहिरन, मौसम, जातजाति, संस्कृति, धर्म प्रभृति से बहुत लम्हर बा । श्वेताम्बर से सुसज्जित वेदवेत्ता तपोनिष्ट महर्षि जैसन रहल हिमाल, प्राकृतिक जडिबुटी, वृक्षन आदि से सज्जल पहाड आ अन्न के भण्डार तराई के अङ्ग प्रत्यङ्ग बनइले नेपाल पर्यटक ला आकर्षण के केन्द्र बा । सगरमाथा नेपाल के जेतना उचाइँ प्रदान कइले बा, ओही तरे जनक नन्दिनी जानकी नारी अस्मिता आ सभ्यता के दुनियाँ में फइलवले बाडी । भगवान बुद्ध के जन्मभूमि आ सीता के क्रीडास्थल नेपाल के देवालयसब में एक भोरे होखेवाला शंखनाथ आ घडीघण्टा के आवाज मानव आ मानवेत्तर प्राणी में उर्जा भरदेला ।

नेपाल के सुप्रसिद्ध देवस्थलन में गढीमाई मन्दिर भी पडेला, जवन विश्वविख्यात बा । नेपाल तराई के दु नम्बर प्रदेश के बारा जिल्ला के बरियापुर गाँव के उत्तर ओरिया गढीमाई के स्थान बा । नारायणी अञ्चल के बारा जिल्ला के सदरमुकाम कलैया से करिब सात किलोमिटर दखिन-पुरूब पसह नदी के पुल पार कइला पर सेमरा गाँव आवेला आ ओसे तन्के दुरी पर आद्शक्ति गढीमाई के स्थान अवस्थित बा । मन्दिर से करिब धन्द्रह किलोमिटर पर दखिन भारत के छौडादान पडेला । ओही तरे पुरूब में ऐतिहासिक जगहे सिम्रौनगढ बा । गढीमाई शक्तिपीठ के दखिन-पुरूब में ई क्षेत्रके बहुत लम्हर शिक्षालय बा, जवना के नाम गढीमाई के नाम से जोड के श्री गढीमाई उच्च माध्यमिक विद्यालय राखल गइल बा । विद्यालय के सटले उत्तर मठ आ विशाल मूर्ति हनुमान जी के बा । आम, कटहर आदि वृक्षन से सुसज्जित पावन भूमि

पर जगत्जननी गढीमाई के चौतारा बा आ ओकरा सटले पश्चिम सुन्दर-स्वच्छ जलाशय अवस्थित बा, जे में सूर्यमन्दिर के निर्माण कार्य चलरहल बा । गढीमाई के चौतारा पर वटवृक्ष, निम महुआ जैसन तान्निक महत्व के गाछ बा आ ओही में गढीमाई के दु गो पैगोडा शैली के मन्दिर बा ।

गढीमाई स्थापना के एगो रहस्यपूर्ण चकित करदेवेवाला कथा बा । आजु से करिब २५० वर्ष पहिले बरियापुर में थारू समुदाय के एगो टोला रहे, जवन आजो बा । ओही समुदाय में भगवान चौधरी नामके एगो आदमी रहलें जे गढीमाई के स्थापना कइलें, ई कथा जनमानस में बा । पहिले अभी खनिया लोग के घर दुआर ना रहे । लोग काठ, बाँस, फुस के घर बनाके गुजर काटे आ आनन्दित रहे । दिनभर मेहनत आ रात के कुछ देर भजन-कीर्तन, झरकी, ठाकरा खेल के मनोरंजित हो जाए । बाकिर कबो-कबो चोर घर में सेंह काटके छिपालोटा, कापडा, गरगहना चोरालेवे । एक रात भगवानो चौधरीके घर में चोर पइसल बाकिर चोरी करते में पकडागइल आ लोग ओकरा के पीटपीट के मुआदेलक । माने ई एगो लम्हर फसाद होगइल । जान मारे के मुद्दा आ गइल मगर केहु संकारे ना तब भगवान चौधरी अपने संकरले आ जेल गइलें । नखु जेल मे भगवान चौधरी के राखल गइल आ यातना दिआएला गल । पहिले के जेलजीवन अभी जैसन ना होखे । बडा कष्ट दियात रहे । एकदिन अध्सुतल अवस्था में भगवान चौधरीका देवी-दर्शन भइल आ चमत्कारवश चौधरी जेलमुक्त होगइलें । देवी के आदेश अनुसार चौधरी गढीमाई के त्रिशुल रूप के ल्याके अभी मन्दिर रहल स्थान पर स्थापित कइलें आ नित्य पूजा होखेलागला पहिले चौधरीय पूजा करत रहलें । धिरेधिरे आउरलोग पूजापाठ करेलागल । कुछ दिन के बाद बरियारपुर ग्रामवासी आर्थिक आ भौतिक सहयोग क के त्रिशुल का दखिन ओर गढीमाई के प्रतिमा आ छोट मन्दिर स्थापना कइलक । तब से गढीमाई के मूर्ति-पूजा होखे लगात । हिन्दु परम्परा में मूर्ति-पूजा के विधान बा । "हिन्दुरहस्य" नामक ग्रन्थ में-

वेदवैदिक विश्वासो गोभक्तो मूर्तिपूजकः ।
पूर्वजन्मपुनर्जन्मप्रत्ययो हिन्दुरूच्यते ॥

कहल गइल बा । यही विधान के अनुसार हिन्दुलोग मूर्ति के पूजा कइल शुरो कइलक । यही सिद्धान्त के अनुसार गढीमाई के प्रतिमा भी स्थापना भइल । हिन्दु का बारे मे आ एकरा पूजा पद्धति कर्म-धर्मका बारे मे अनेक प्राचीन ग्रन्थन में उल्लेख भइल बा । महर्षि शाकपुणि से ले के देवगुरू वृहस्पति, व्यास प्रभुति लोग भी 'हिन्दु' का बारे में बहुत कुछ कहले बाडें ।

हिन्दु आ ओकर संस्कारका बारे मे वार्हस्यत्यशास्त्र, कालिकापुराणम भविष्यपूराणम, मेरूतन्त्रम् अद्भुतकोष, हेमन्तकविकोष,रामकोष,शारङ्गधरपद्धति, शब्दकल्पद्रुमकोष, पारिजातहरणम, त्र्यम्बकरस्य आदि वैदिक ग्रन्थन में सविस्तार उल्लेख उल्लेख मिलेला । जगत्प्रसिद्ध भाषावैज्ञानिक महावैयाकरण पाणिनि त भाषा विज्ञान में 'हिन्दु' शब्द से पवित्र आ निर्विकार दोसर कवनो शब्द नैखे साबित कइले बाडें । व्याकरणशास्त्र के दृष्टिसे 'हिन्दु' शब्द के शब्दान्त में ह्रस्व आ दीर्घ ऊकार दुनु रूप के ठीक मनले

बाडें। हिन्दू संस्कार आ नियम अनुसार गढीमाई के पूजा होखेला तथा मेला के भी शुरूवात होगइल।

अब त गढीमाई के मूर्ति रहल छोट मन्दिर आ खुला रहल त्रिशुल का लगे बडका बडका पैगोडा शैली के मन्दिर बन चुकल बा। प्रत्येक पाँच बरिष में गढीमाई के मेला लागेला, ई मेला ना ह महामेला ह। सत्तर असी लाख श्रद्धालुके भीड ए मेला में होखेला। एतना जादा लोग के जमघट एसिया के कबनो जगहे देखेके ना मिलेला। अगहन महिना के शुक्ल पञ्चमी, षष्ठी, सप्तमी आ अष्ठमी के दिनतकले मेला के निश्चित समय भइलो पर कार्तिक पूर्णिमाका बाद से मेला के रंगरूप लउके लागेलाआ माघ संक्रान्ति तक गढीमाई क्षेत्र मे मेला लागल रहजाला। बाकिर पञ्चमी, षष्ठी, सप्तरी आ अष्ठमी चार दिन गढीमाई मन्दिर से १५ किलोमिटर चारू दिशा में आदमी आगाडी ठेलमठेल रहेला। नेपाल भारत के श्रद्धालु भक्तजनका साथे विदेशी पर्यटक लोग भी मेला देखे आवेला।

मेला लागे के साल के अगहन महिना के शुक्ल पञ्चमी षष्ठी, सप्तमी आ अष्ठमी के दिन बरियापुर का लगेके बीस पच्चीसगो गाँव में बडा भीड रहेला। घर दुआर, खेत-खरिहान, पर्ती-पराँत, बाँसवारी सब में लोग आपन डेरा जमइले रहेला। सब जगहे विद्युत त ना पुगेला मगर पानी के व्यवस्था चारूओर देखे के मिलेला। ऊ जगहे सबपर केहु नहात, केहु खाना बनावत, केहु खात त केहु साइकिल पर अपन छोट दोकान लेले घुमल फिरेके मनहर दृश्य देखलजाला।

मेला लागेका साल ६ महिना पहिले तिथि से आषाढ के प्रथम दिन गढीमाई के सिवान बान्हाजाला। गढीमाई के मूल धामी ओह दिन विशेष पूजा क के फूल, पान, अक्षत, कसैली आ भस्म लम्हर लम्हर हँाडी में ध के धामी, मूल पूजारी आ गाँवके कुछ आदमी निःशब्द रात में ऊ सामग्री गिरावट सिवान बान्हदेला। सिवान बान्हा गइला पर ई क्षेत्र के बेटी-पतोह सिवान लाङह के नइहर आ ससुरार ना जासकेला। विशेष परिस्थिति में जाहुँ के पडल त पुराने कपडा पेन्ह के जाएके पडी आ कवनो प्रकार के सनेश ना लेजाएके पडेला। सिवान ना खुले तक भिखभी ना दिआला। मेला बितलका बाद अगहने महिना के पूर्णिमा के दिन सिवान खोले के काजक्रम होखेला। गढीमाई शक्तिपीठ से ३-४ किलोमिटर पुरूब थलही नदी के किनार पर पुजारी, धामी, सहकर्मी, आ कुछ लोग पूजा करेला। गढीमाई के नाँव से राखल पाँचगो बोका में से एगो बोका आ एगो मुर्गी लेजाइल जाला। मुर्गी के खुब श्रृङ्गार क के देवी के विदाइ पूजा शुरो होखेला। पूजा पश्चात बोका के बली दिआला आ प्रसाद ग्रहण क के मुर्गी के छोडदिआला। मुर्गी सीमा पार चलगइला पर शुभ आ भित्तरे अइला पर फेरू पुजा कइलजाला। मुर्गी के गइला के बाद सिवान खुलजाला।

त्रिनेत्र शक्ति स्वरूपा गढीमाई के प्रतिमा सोना-चानी वसन-भूषणादि से सुसज्जित बा। एक हाथ में आँखवाला खड्ग आ दोसर हाथ मे बज्रवाण धारण कइले आद्शक्ति गढीमाई के मेला प्रत्येक पाँच वर्ष में लागेला। मेला के अवधि अगहन महिना के शुक्ल

पञ्चमी से अष्ठमी ह । गढीमाई मन्दिर के सटले पश्चिम विशाल पोखरा आ ओकरा पश्चिमी किनार पर गढीमाई के सिपाही जंगीनट, छठूनट, गंगाराम आ मोतीराम के छोट मन्दिर बा । यही तरे मन्दिर के उत्तरपूर्व से निकलल सडक के पंजरे बड्का पर्ती के पुरूब ओरिया विशाल बधशाला आ ब्रह्मस्थान बा । बधशाला बनला के बाद से सम्पूर्ण भैंसा के बली ओही में दिअला । गढीमाई मन्दिर के आगाडी मठ बा आ हनुमानजीके विशाल मूर्ति स्थापित बा । अनेक बाछवृक्ष से सजावल गढीमाई के चौतारा पर एगो विशाल वटवृक्ष बा । ई गाछ के कइअनगरे जर बा आ मूल जर केहु का पत्ता नैखे । सय वर्ष के आदमी भी ऊ गाछ कहिया के बा, ना बता पावेला । आजो ऊ गाछ हराभरा बा आ गढीमाई प्रतिमा के क्षत्रछाया देवेवाला सात फण के नाग खनिया ऊ वृक्ष मन्दिर के अपन सघन छाया प्रदान कइले बा । गढीमाई मन्दिर के दखिन ओरिया कृष्ण विक्रम शाह के समाधि स्थल बा आ ओकरा लगले कलेश्वर महादेव के देवालय बा । गढीमाई स्थापना के समय से भगवान चौधरी के परिवार के जेष्ट सन्तान मन्दिर के मूल पुजारी होत आवता । पुजारी परिवार के बेटीपतोह पाँच वरिष में एक दिन मात्र गढीमाई के मन्दिर परिसरमें प्रवेश कर पावेला । आ पूजा कर पावेला । ऊ दिनन मेला लागे के साल के अगहन शुक्ल सप्तमी ह । एही दिन साँझ मे पुजारी परिवार के बेटी पतोह दिया बत्ती आ पूजा सामाग्रीले के पूजा करेली ।

पाँच वर्ष पर लागेवाला गढीमाई के महामेला अगहन महिना के शुक्ल पक्ष से सुरूवात से लागजाला । बाकिर गढीमाई के विशेष पूजाका बादे बलीके काजक्रम शुरोहोखेला । गाई के दूध, दही, घिउ, गोंत-गोबर, तोरी के तेल, रूईके बत्तिहर, माटीके ढाकना, चौमुख, गंगाजल, लोहा के चिउरा, कसौली, अबिर, केशरी चन्दन, चुरी, बिन्दी (टिकुली) रिबिन, खँराव, आम के पल्लव, बासमती चाउर, चिउरा, काठ के करछुल, नारियल, चानी के छाता, छडी, तुलसी-पत्र, हाँसिन के अण्डा, मिठाइ शृंगार सामाग्री, आभूषण आ चौदहहाथ के उजर धोती गढीमाई पूजा के सामाग्री सब बा । ई सम्पूर्ण सामाग्री प्रयोग क के पाँच वर्षमें एक बेर गढीमाई के विशेष पूजा होखेला । ई पूजा मेला लागेका साल अगहन शुक्ल सप्तमी के ब्रह्ममुहुर्त से शुरो होजाला । बली ग्रहण करे खतिरा गढीमाई के ब्रह्मस्थान पर सवारी होखे के आग्रह करत ई विशेष पूजा कइलजाला । पूजा शुरो होखे से पहिले ब्रह्मस्थान के चौतारा लिपपोत के पवित्र करदियाला । आ ब्रह्मस्थान पर भी सारा पूजा सामाग्री तैयार राखल जाला । जब इहाँ पूजा शुरो होई त ब्रह्मस्थान के चौतारा पर उत्तर ओरिया राजदेवी वनशक्ति माई आ पुरूब ओर गडबडामाई के पूजा होखेला तब दखिन गाडल काठ के खाम्हा पर जाख-जाखिन के पूजा कइल जाला । एकरा बाद हरपति राजा, झटकी कंकाली, गढीमाई स्थापक भगवान चौधरी आ अपन शरीर के पञ्चाङ्ग के खुन चढाके पूजा करेवाला धामी तथा गढीमाई के बहिनसब रमनाकामनामाई, समेमाई, संसारीमाई, जोरलाहीमाई, बडबडामाई

आ राजदेवी वनशक्ति माई के पूजा कइलजाला । ब्रह्मास्थान पर माटी के ढकना के घिउ आ बत्तीहर राख के श्रद्धा भक्ति से विधिपूर्वक विशेष पूजा कइलजाला, जे मे गढीमाई के मूल धामी-पुजारीलोग असंलग्न रहेलें । मूल धामी आपन शरीर के पाँचगो अङ्ग से खुन निकाल के गढीमाई के अर्पित करेला । पूजा जब उत्कर्ष मे पुगजाई तब गढीमाई के सवारी ब्रह्मस्थान पर होते तोपके राखल दिया स्वस्फूर्त प्रज्जवलित होजाला । ईहे विशेषता से गढीमाई के बतीदेवी भी कहलजाला । गढीमाई के इहे शक्ति से प्रभावित होके एतना श्रद्धालु के जमघट होखेला । दीप प्रज्जवलन होते मातर जंगली मुस, भैंसा, बोका, मुर्गा आ सुगर के पञ्चबली दिआला । एकरा बाद बधशाला में एकदिन दुदिन पहिले से घेरल पाडा भैंसा के बली शुरो होजाला । दश से पन्ध्र हजार भैंसा आ पचासो हजार बोका के बली होखेवाला अइसन दैविक स्थान अन्य जगहे नैखे । मेला मे लाखो परेवा उडावल जाला, जवन मेलाका एक दु महिनाले गढीमाई क्षेत्र मे उडत रहेला । भैंसा बलीका बाद बधशाला खुन से रंगाजाला । तनका देरला खुन के नदी बहचलेला । एही तरे बोका के बली से गढीमाई के बान्हल सिवान भित्रर खुनेखुन देखे के मिलेला । अपने प्रज्वलित बत्ती जब अपने मुझा जाल तब बत्रली के सम्पूर्ण काम बन्द होजाला । एकदिन पर बली होखे नासकल भैंसा के दहिना कान आधा काटके दोसर मेला तक छोडदिआला मगर बोका मेलाका बाद पडेवाला माघ संक्रान्ति (खिचडी) के बली दियाजाला । कवनो कारणवश खिचडीओ में बली ना दिआएसकल बोका लगले पडेवाला होली के दिन बली चढावल जासेकला- मगर ई बली पुजारीका आङ्ना में दिआला । एकरा बाद पाँच वर्षला बलीके सम्पूर्ण काम बन्द होजाला । बधशाला मे सप्तमी के साँझका बेरा कटल भैंसा के मुडीए मुडी लउकेला । बली के बिहान भइला ब्रम्हस्थानके लगे बनावल लम्हर गडाहा में धके भरदिआला ।

बलीका बाद चारूओर खुनेखनु भइला पर भी ओ खुन पर माछी ना भिन्केला, ई भी गढीमाई के प्रताप के एगो दृष्टान्त बा ।

अइसे त हिन्दु धर्म आ संसकार मे विकृति के प्रमाण कतहुँ नैखे । हिन्दु के पूजा त आउरो निरविकृत बा । शब्द कल्पद्रुमकोष में- "हीनं दूषयति इति हिन्दू : ।" कहल गइल बा । एह धर्म के मार्ग में हिंसा अशोभनीय आ वर्जित बा । हिन्दु के प्रमाणिविक धर्म-गन्थ के कैयनगो मन्त्र मे हिंसा ना करे के कहल गइल बा ।

मा नो गोषु मा नो अश्वेषु रीरिषः । (ऋगवेद) अर्थात्- हमनी के गाय आ घोडा के मत मार । एही तरे यजुर्वेद में-

इममूर्णायुं वरूणस्य नाभिं त्वचं पशुनांद्विपदां चतुष्पदाम,

त्वष्टुः प्रजानां प्रथमं जानिन्नमग्ने मा हिश्सी परमे व्योम ॥

आइल बा । एकर अर्थ ऊन जैसन बालबाला बकरी, ऊँट आदि चौपाया आ पक्षी आदि दोपाया के भी मत मार ।

वेद मे अइसन सैकडो ऋचा बा जवना से सिद्ध कइल जासकेवा

कि हिन्दुधर्म में बली प्रथा निषेध बा आ ई प्रथा हिन्दु धर्म के हिस्सा नैखे । आधुनिक काल के वेदमूर्ति महान् तपोनिष्ट गायत्रीशक्तिपीठ के स्थापक महान् संत श्री राम शर्मा आचार्य के "पशुबली हिन्दु धर्म आ मानव सभ्यता पर एक कलंक" नामक ग्रन्थ भी पशुबली के नैखे मानव । तबो हिन्दु के कइअनगो पूजा के अवसर पर पशु-पक्षी के बली दिआला । एकर खोज कइला पर देवी पूजा तान्त्रिक विधि से होखे के कुछ बात मिलेला । १२ वी शतबदीमें तन्त्र-मन्त्र में बली देवे के प्रारम्भ भइल । अइसे ओहु में पहिले बली ना दिआत रहे मगर बाद में बली दिआए लागल । गढीमाई शक्ति स्वरूपा भइला से आ हिन्कर पूजा पर भी तान्त्रिक प्रभाव भइला से इहाँ भी बली दिआएलागल होई । अब ऊ बली एतना बढगइल बा कि गढीमाई मेलाके बदली प्रधान मेला नाव होगइल बा । पूजारी परिवार में कवनो उत्सव के शुरूवात भगवान चौधरीके समाधि पर पूजा कइला का बादे होखेला । ओ परिवार के पतोहका मन्दिर परिसरमें पाँच वर्ष मे एक बेर मात्र जाएके कडा नियम भी बा ।

जब गढीमाई के मेला लागेके महिना आवेला तब गढीमाई क्षेत्र के कइअनगो गाँव के घर घर में जग खनिया चाउर, दाल, मरमसाला, जर्नाकाठी आदि के जोगाड होखेलागेला । लोगका भीड से गढीमाई क्षेत्र के खेतबारी में बहुत क्षति होखेला । लोगका लतखुर्दन से खेत में काटके धइल धान के पसई के धान भरजाला । गहुँ मसुरीका खेतमाहे लोग रास्ता बनादेला । एतना जियान भइलो पर इहाँ का लोग में क्रोध या निराशा ना देखलजाला । गढीमाई मेला के सुव्यवस्थित करेला बरियारपुर ग्रामवासी आ दु तीनगरे जिल्ला के पुलिस प्रशासन, सरकारी गैर सरकारी संस्था के कर्मचारी यथाशक्य सेवा प्रदान करेला । मेला के भी के ध्यान में राख के सर्वसुलभ तरिका से गढीमाई के दर्शन खातिर लोहा के पाइप, रासा, खम्बा आदि से कृत्रिम मार्ग के निर्माण कइल जाला । जवन बहुत बरियार रहेला । मेला में श्रद्धा से आइल भक्तजन के दर्शन करावे ला हर व्यवस्था कइलजाला । पञ्चमी, षठी तक ऊ मार्ग सुरक्षित रहेला मगर सप्तमी तक पुलिस के कडा देखभाल के बाबजुद भी भीड से पाइप मोराजाला आ मार्ग टुटजाला । एतना भीड भइलो पर एह मेला भा मेला क्षेत्र मे कवनो प्रकार के खास अप्रिय घटना ना घटेला । धार्मिक आस्था आ विश्वास का साथे ई मेला से राष्ट्रका आर्थिक लाभ भी बहुत बा । एकर अर्थ व्यवस्था के इमानदारी से सदुपयोग होखे त ई क्षेत्र के विकास निश्चित बा । ई मेला नेपाल राष्ट्र के एगो शान बा । एकर विशेषता राष्ट्र आ अन्तराष्ट्र एक जानल जाला । जहाँकहीँ गढीमाई के चर्चा होई उहाँ नेपाल के जानल जाई । एसे गढीमाई के राष्ट्रिय सम्पदा, राष्ट्रिय धार्मिक स्थल बनावेला सरकारका ध्यान देल उचित बा । ई क्षेत्रके देश विदेश में प्रचार प्रसार कइला से आन्तरिक पर्यटकका साथे विदेशी पर्यटक आकर्षित होई । नेपाल के पर्यटन क्षेत्रमे विशेष योगदान देवेवाला गढीमाई के राष्ट्रिय स्तर पर विकास आ प्रचारप्रसारके आवश्यकता बा ।

*– बरियारपुर, बारा*

# गढीमाईको पाँचवर्षे मेला



● गोपाल ठाकुर

बाराको बरियारपुरमा लाग्ने गढीमाईको पाँचवर्षे मेला विश्वप्रसिद्ध हुन पुगेको छ । अहिले गढीमाईकै नाममा बरियारपुरलगायतका केही तत्कालीन गाउँ विकास समितिहरूलाई मिलाएर महागढीमाई नगरपालिकाको नाममा स्थानीय तहको संरचना बनेको छ । सनातनी परंपरामा तान्त्रिक आस्थाको जबर्जस्त प्रदर्शन स्थल हो यो । जहाँ विश्वास त्यहाँ धर्म र जहाँ प्रयोग त्यहाँ विज्ञानको सार्वभौम मान्यता छ । त्यसैले गढीमाईको पुरातात्विक आधारमा ऐतिहासिक लेखाजोखा अझै बाँकी छ । किंबदन्ती अनुसार कुनै बेला मकवानपुर कारागारमा रहेका सेमरीका एकजना बासिन्दा भगवान चौधरीलाई सपनामा गढीमाईले आदेश गरे अनुसार यो परंपराको शुरूवात भएको आधारमा तिनका सन्ततिहरू अहिले पुजारी छन् । ती सन्ततिहरूमध्ये धेरैजसो अहिले बरियारपुरमै छन् तर गढीमाईको पूजा पहिले सेमरीमै रहेका भगवान चौधरीका सन्ततिहरूबाट शुरू भई त्यहींबाट दशैंको शैलीमा फूलपाती लिएर उनीहरू बरियारपुर आउँछन् र पहिलो बलि तिनीहरूले नै दिन्छन् । तर कति पुश्ता पहिले, कुन साल भन्ने तथ्य तिनीहरूले पनि बताउन सक्तैनन् । यो मेला मंसीर महिनाभरि रहने गरेको पाइन्छ । तर खास दिन मंसीरको शुक्लपक्ष पंचमीदेखि अष्टमीसम्म मुख्य बलिको समय हो ।

पहिले यस मेलाको पूर्ण व्यवस्थापन र आउने आयस्ता भगवान चौधरीकै पुजारी सन्ततिहरूको भागमा पर्थ्यो तर पछि नेपाल सरकारको राजश्व विभागसित पनि जोडियो । केही समयदेखि गढीमाई ट्रस्ट स्थापना गरी मूलतः बरियारपुरवासीहरूले यसको व्यवस्थापन गर्न थाले । अहिले ट्रस्ट र महागढीमाई नगरपालिकाको संयुक्त व्यवस्थापनमा यो मेला संचालन हुन गइरहेको थाहा भएको छ । पहिला पनि ट्रस्टको चुनावले तनाव गराएको थियो र यसपालि पनि त्यो चुनाव निकै तनावग्रस्त अवस्थामा सम्पन्न भएको हो । राज्यलाई पनि यस मेलामा राम्रै राजश्व प्राप्त हुन्छ । आस्थावान भक्तजनहरूले गढीमाईको नाममा चढाएको भेटी र बलि यसरी एकातिर राज्यको लागि राम्रै आम्दानीको श्रोत भएको देखिन्छ । यसले पनि परम्परादेखि नै अन्धविश्वासलाई जनविश्वासमा परिणत

गरी एकथरि समूहले राम्रै आम्दानी गर्दै आएको प्रमाणित हुन्छ ।

यो सनातनी परम्परामा तान्त्रिक विश्वासमा आधारित यो मेला मूलतः नेपाल र भारतको बिहार र उत्तर प्रदेश लगायतका प्रान्तहरूको लागि एउटा राम्रो पर्यटन स्थल बन्न गएको छ । पर्यटन प्रवर्द्धनमा तीनै तहका सरकारहरूले अझै ध्यान पुऱ्याए यसले राम्रै टेवा दिन सक्छ । तर यस मेलाको मुख्य आकर्षणको केन्द्रको रूपमा रहेको बलि प्रथाले केही समय यता विश्वकै ध्यान आकर्षित गरेको छ । पशु अधिकारकर्मीहरूले केही वर्ष पहिले नेपालको सर्वोच्च अदालतमै पशु बलि प्रतिबन्धित गर्न याचिका दायर गरेका थिए र सर्वोच्च अदालतले क्रमशः बलि प्रथालाई निरूत्साहित गर्दै जाने आदेश पनि दिएको हो ।

निश्चित रूपमा बलि प्रथा अन्धविश्वासको उपज नै हो जो पहिले गोमेध, अश्वमेध, महिषमेध, अजोमेध हुँदै नरमेध यज्ञसम्म स्थापित थिए । तीमध्ये नरमेध अर्थात मानव बलि चढाउने प्रथा विश्वभरि नै उन्मूलन भई गैरकानूनी भइसकेको छ । तैपनि अन्धविश्वासमा यदाकदा यस्ता घटनाहरू घट्न पुग्छन् र कसुरियाहरू सजाय भागी पनि हुँदै आएका छन् । तर मूलतः पशु बलिकै अन्धविश्वासले मानव समाजलाई त्यस्तो हिंसक बनाएको हो भन्ने तथ्यबाट पनि पन्छिन मिल्दैन होला । त्यसैले कुनै किसिमले पशुपंछीको बलि तर्कसंगत मान्ने ठाउँ छैन । साथै शक्तिपीठहरूमा कुनै न कुनै देवी माताको पूजा हुने गरेको छ र माता सृजनाको मुहान हो जो आफ्नै सन्तानको बलि पक्कै पनि लिन्नन् होला । किनभने 'या देवी सर्वभूतेषु...' मन्त्रमा कुनै पनि देवीलाई चेतना, बुद्धि, शक्ति, लज्जा, शान्ति, श्रद्धा, लक्ष्मी, दयाको रूपमा संस्थापित बताइएको छ । यिनीहरूमा शक्तिको प्रतीक बनाएर देवीपीठहरूमा पशु बलि दिइएको पाइन्छ । तर बलिको खास अर्थ अरूको भलाईको लागि आफ्नो ज्यान त्याग गर्नु हो जो स्थापित बलि प्रथाले कदापि पुष्टि गर्दैन । किनभने चलेको बलि प्रथाको अभिप्राय आफ्नो स्वार्थको लागि निर्दोष र मूक पशुपन्छीहरूलाई बलि चढाइन्छ । तर यी पशु अधिकारकर्मीहरू पनि गढीमाईको मेलाका वर्षहरूमै अलि बढी तातेका देखिन्छन् जो तर्कसंगत ठहरिँदैनन् । साथै यस्ता अन्धविश्वास सनातनी हिन्दूहरू मात्रै नभई अन्य धर्मावलम्बीहरूमा पनि रहेको पाइन्छ । हाम्रो देशमा सबैभन्दा बढी पशु बलि त हरेक वर्ष सनातनीहरूको महान पर्व दशैंका बेला दिने गरिन्छ । नेपालमा काठमाडौं उपत्यका त्यसको लागि अग्रपंक्तिमा उभिएको पाइन्छ । तर त्यस बारे यी पशु अधिकारकर्मीहरूको चासो त्यति उत्कर्षमा पुगेको देखिन्न ।

जहाँसम्म जीवहत्या र पशु अधिकारको सवाल छ, आजभन्दा साढे दुई सहस्राब्दी पहिले गौतम बुद्ध पूर्णरूपेण जीवहत्याको विपक्षमा उभिएका थिए । शुरू शुरूमा ब्राह्मणहरूले उनको घोर विरोध गरे र पछि शाकाहारको पक्षमा उभिए । तर यति मात्रैले जीव हत्या रोकिन्न । किनभने जीवको अस्तित्वको लागि जीव भक्षण वा जीव हत्या प्राकृतिक आवश्यकता नै हो । यस

पर्यावरणमा असंख्य जीवहरू छन् जो हाम्रो नाङ्गो आँखाले देखिन्नन् । यसका साथै असंख्य कीरा फट्यांग्राहरू छन् जसलाई कीटनाशक छर्केर हामी मार्ने पनि गर्दछौं । त्यति मात्रै पनि होइन, हाम्रो जीवन नै संकटमा पार्ने धेरै जसो ब्याक्टेरिया वा कीटाणुहरूलाई हामी इन्जेक्सन वा अन्य औषधिले मारेनौं भने हाम्रै जीवन संकटमा पर्न सक्छ । यसको साथै शाकाहार वा मांसाहार जे पनि गरौं जीवहत्या, बिना भोजन संभव छैन । त्यसैले संस्कृतमा भनिएको छः– जीवः जीवम् भक्षति । त्यसैले अहिंसाको कुरा गर्नु तर्कसंगत देखिन्न ।

तर जहासम्म बलिको कुरो छ, यो लोकात्मालाई होइन, प्रेतात्मा वा देवात्माको नाममा दिने गरिन्छ जो प्रत्यक्ष रूपमा कहिले पनि दृष्टिगोचर हुँदैनन् । यो धार्मिक आवरणमा विश्वास र वैज्ञानिक आलोकमा अन्धविश्वास हो । त्यसै गरि बलिको कुरो गर्दा भैंडा, बोका, राँगा, हाँस, परेवा, कुखुरा, मूसा जस्ता जीवहरूको नाम जनजिब्रोमा हुन्छ । बाघ-सिंहजस्ता हिंस्रक जनावर हरूलाई कसेले कहिल्यै बलि चढाएको भेटिन्न । तर अब कुनै पनि वन्य जन्तुलाई मार्न नपाउने वैश्विक रूपमै कानूनी व्यवस्था भएको छ । त्यसो भए संपूर्ण रूपमै पशु-पन्छीको बलिलाई गैरकानूनी घोषणा गर्ने माग उठ्नु अस्वाभाविक ठहरिन्न ।

यसै क्रममा यस पालिको गढीमाई मेलामा पशु बलि दिने-नदिने अनेक अड्कलबाजी शुरू भएको छ । यसबारे महागढीमाई नगरपालिका र गढीमाई ट्रस्टले कतैबाट कसैलाई कुनै किसिमको पशु बलिको लागि लिएर आउने वा बलि प्रथालाई प्रोत्साहन गर्ने कुनै गतिविधि नगरिने जनाएका छन् । तर कानूनी आदेशभन्दा पनि जनचेतनाकै आधारमा बलि प्रथालाई निरूत्साहित गर्नु बढी प्रभावकारी हुने देखिन्छ ।

पशु बलि भन्दा पर मानवीय जनसागरको उचित व्यवस्थापन हर हालतमा गरिनु नै पर्दछ । यसका लागि ट्रस्ट, नगरपालिका, जिल्ला समन्वय समिति, प्रदेश सरकार र नेपाल सरकारसम्मको चासो र पहलकदमी आवश्यक छ र आशा छ ती सबैको ध्यान जाने नै छ ।

यसको साथै अहिले सत्तारूढ नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वमा रहेको नेपाल सरकारले आमूल रूपमा अध्यत्मवादी समाजलाई भौतिकवाद र त्यसमा पनि द्वन्द्वात्मक भौतिकवाद तिर अग्रसर बनाउन पहल गरोस् । तर धर्म निरपेक्षतालाई टेक्दै धर्म परिवर्तनतिर उत्साहित वा दुरूत्साहित गर्ने वातावरण निश्चित रूपमा अन्धविश्वासलाई समाप्त गर्नुको सट्टा त्यसको रूप परिवर्तन मात्रै गर्न सक्छ । किनभने हाम्रो परंपरागत हिन्दू मान्यतामा यदि झारफूँक, धामी-झाँक्री, बोक्सी प्रथा पश्चगामी छ भने प्रभुको प्रार्थना मात्रैले आँखा, कान, हात, खुट्टा पाउने अन्धविश्वास फैलाउने अन्य कुनै पनि धार्मिक समुदायको लोभलाग्दो विज्ञापन अमानवीय प्रचार मात्रै हुन सक्छ । त्यसैले बलि प्रथाबाट समाजलाई मुक्त गर्नु छ भने निरीश्वरवादी अवधारणाको राज्यपक्षद्वारा पोषण हुनु अत्यावश्यक छ ।

*– कचोर्वा, सिम्रौनगढ, बारा*

# गढीमाई संस्कृति



• सञ्जय मित्र

विशिष्टताको निरन्तरता वा विशिष्टताको सामान्यीकरण भएपछि संस्कृतिको रूप ग्रहण गर्दछ । कुनै विशेष पक्षले विशेष डर, उत्साह, ऊर्जा वा दैन्दिनी प्रभावोत्पादक प्रतिफल दिन्छ त्यो विशेष हो र कुनै पनि विशिष्टता जब जीवनपद्धतिमा समेटिन्छ तब त्यसले संस्कृतिको आकार लिन्छ ।

सामान्यतया गढी भन्नाले कुनै युद्धको उद्देश्यले तयार पारिएको विशेष ठाउँ भन्ने अर्थ दिन्छ र यस अर्थमा गढीमाई भन्नाले कुनै गढीको रक्षा गर्ने देवीमाता भन्ने अर्थ निस्कन्छ तर बज्जिका भाषामा गढीले महिला देवता वा देवीको स्थान भन्ने अर्थतर्फ संकेत गरेको पाइन्छ । बारा जिल्लाको नामकरणमा बारवटा गढीको संयोग भएको अर्थ निकालिन्छ र अहिले बारागढी गाउँपालिका पनि रहेको छ । गढीमाई देवीको नामकरण सम्बन्धमा युद्धको ऐतिहासिकता वा धार्मिक–आध्यात्मिक–भाषिक पक्षको भूमिका छ भन्ने विषयमा आ–आफ्ना तर्कहरू हुन सक्छन् ।

केही दशकपहिलेसम्म बाराको वरियारपुरमा रहेको गढीमाईमा नै पाँच वर्षमा मेला लाग्ने चलन थियो । स्थानीयका लागि यो मेला तीन वर्षको अलग महत्व बोक्दथ्यो । मेला लाग्ने अघिल्लो वर्ष नै सकेसम्म स्थानीयले दर्शन गर्थे । मेलाको वर्ष त विशेष वर्ष नै भइहाल्यो । मंसिरमा मेलाको दिन सम्भव नभए सोही वर्ष माघे संक्रान्तिका दिन पूजा गरे पनि हुन्छ र कुनै कारणले माघे संक्रान्तिको दिन पनि पूजा गरी भाकल पूरा गर्न नसके अर्को वर्षको मंसिरमा क्षमापूजा गर्नु पर्थ्यो । नजिकका लागि त विकल्प मानिन्थ्यो तर टाढाका मानिसका लागि भने मेला लाग्ने मूल वर्ष नै विकल्पविहीन विकल्प बन्थ्यो । बाध्यता हुन्थ्यो ।

पाँच वर्षमा मेला लाग्ने भएकोले पूजा गर्ने दिन जसरी पनि गढीमाईमा पुग्नैपर्ने बाध्यता रहन्थ्यो र छ अहिलेसम्म पनि । मेलाको मूल दिन मेलाको स्थानसम्म पुग्न निकै सकस हुन्छ । भीड यति हुन्छ कि पैदलबाहेक अन्य कुनै पनि सबारी साधनले मेलासम्म पुग्न सजिलो हुँदैन । गढीमाई मन्दिरतर्फ जाने हरेक साना र ठूला बाटो कम्तीमा दश किलोमिटरदेखि नै जाम हुन्छ । वास्तवमा कम्तीमा चालीस वर्ग किलोमिटरको सडक क्षेत्र मेलाको सम्पूर्ण कब्जामा हुनु आफैँमा आश्चर्यजनक छ । यस क्षेत्रको विस्तार हरेक पाँच वर्षमा बढेकै देखिन्छ । मेला लाग्ने गाउँको आसपासका हरेक गाउँको हरेक घरमा पाहुनाहरू थेगिनसक्नु हुन्छ । नेपाल

र भारतको विभिन्न कुनाबाट लाखौँ मानिस ओइरिन्छन् मेलामा ।

पाँच वर्षमा एकचोटि मेला लाग्ने संस्कृति बनिसकेको छ । सामान्यतया अहिले गढीमाई भनेपछि बारा जिल्लाको महागढीमाई नगरपालिकाको वरियारपुरमा रहेको गढीमाईलाई नै जनाउँछ तर सोही दिन सोही विधिअनुसार पूजा गर्ने गरी अन्य विभिन्न स्थानमा पनि गढीमाईको पूजा गर्ने चलनले विस्तार पाइरहेको छ । यसले गढीमाईको पूजाले लोकसंस्कृतिमा विस्तार पाइरहेकोतर्फ संकेत गर्दछ ।

बाराको वरियारपुरबाहेक अन्य विभिन्न ठाउँमा पनि गढीमाईको मन्दिर रहेको र पूजा हुने गरेको देखिएको छ । छोटो समयमा जानकारीमा आएअनुसार करिब डेढ दर्जन स्थानमा गढीमाई पूजाले संस्कृतिको रूप धारण गरेको पाइएको हो ।

बारा जिल्लाको महागढीमाई नपा वरियारपुर र मधुरीगढी, जितपुर सिमरा उपमहानपाको जितपुर, कलैया उपमहानपाको सिंहासनी र पचानपुर, कोल्भी नपाको बेल्वा, बारागढी गापाको दौर्वा विशुनपुर्वालगायतको स्थानमा कतै मन्दिर बनाई र कतै यत्तिकै स्थान बनाएर मेला लगाई पूजा गर्ने गरिन्छ ।

यसै गरी रौतहटमा गढीमाई नपा रहेको छ । गढीमाईको ठूलो मन्दिर रहेकोले नपाको नामकरण गरिएको हो । गढीमाई नपाको सुन्दरपुर र हर्दिया, कटहरिया नपाको दुधियाभार, गुजरा नपाको कनकपुर, गरूडा नपाको गेडहीगुठीमा गढीमाई मन्दिर स्थापना गरी पूजापाठ हुँदै आएको र मेला लाग्दै आएको छ ।

सर्लाहीको बलरा नपाको मिर्जापुर तथा रामनगर गापाको छोटौल र खैर्वामा छुट्टाछुट्टै गढीमाई मेला लाग्ने गर्दछन् । सर्लाही, रौतहट तथा बारा जिल्लासित सिमाना जोडिएको भारतमा कतै गढीमाई मन्दिर भएको वा मेला लाग्ने गरेको विषयमा जानकारी हुन आएको छैन ।

वर्तमान संरचनाअनुसार प्रदेश दुईको तीन जिल्लाका करिब डेढ दर्जन गढीमाई स्थान रहेका छन् जहाँ हरेक पाँच वर्षमा मेला लाग्ने चलन छ जसको संस्करण २०७६ मंसिर परेको छ । करिब डेढ दर्जन स्थानमा यो वर्ष लाखौँ मानिस ओइरिने र लाखौंको संख्यामा बलि प्रदान गरिने निश्चित छ ।

बलि प्रदान गर्ने चाहिँ प्रथा हो । सबैको लागि अनिवार्य र एकै किसिमको चाहिँ छैन । सामान्यतया राँगा, बोका, सुँगुर, हाँस, कुखुरा, परेवा र मुसाको बलि दिइन्छ गढीमाईको मूल पूजामा तर सर्वसाधारणले भने बढीमात्रामा राँगा, बोका र परेवा बलि चढाउँछन् । कतिपयले परेवाको बलि चढाउँदैनन् र बलिको नाउँमा पानी छम्केर परेवालाई उडाउँछन् ।

कतिपयले बलिको विकल्पको रूपमा नरिवललाई पनि लिन थालेका छन् । वर्षभरि गढीमाई मन्दिरमा दर्शनार्थीहरूले नरिवल फुटाउने गरेका छन् ।

सर्वसाधारणले आफूले चाहिँ राँगाको बलि चढाउन पाउँदैनन् । राँगा बलि दिने भाकल गर्नेले मन्दिरनजिक कतै राँगालाई एक ठाउँमा राख्ने बनाइएको ठाउँमा पुऱ्याउँछन् । त्यहाँ पूजाको व्यवस्थापन समितिले केही रकम तोकेको हुन्छ । त्यस रकमलाई चिराकी भनिन्छ । चिराकी तिरेपछि राँगाको बलि चढाएको मानिन्छ । अन्य बलिमा भने सामान्यतया बलि चढाउने मान्छेको हक हुन्छ ।

बलिमात्र गढीमाई पूजाको सौन्दर्य होइन । यसको अन्तर्यलाई केलाउने हो भने विभिन्न लोकदेवदेवी अर्थात् ग्राम

देवता तथा कूल देवता वा देवीको पूजा गर्दा लाग्ने सामग्रीहरूको पनि भरपूर उपयोग हुन्छ । यस पूजाको आफ्नै किसिमको विशेष विधि छ तर पूजन सामग्री भने परम्परागत नै रहेको छ । अन्य मन्दिरजस्तै मूल पूजारी हुने तथा मुख्य पूजा सकिएपछि सर्वसाधारणले पूजा गर्ने तथा पूजा सकिएपछि मन्दिर भएको गाउँको सिमानामा पुऱ्याएर वा नसकिने अवस्था उत्पन्न भई विशेष परिस्थितिमा आफ्नो गाउँको सिमाना कटाएर पूजा गर्दा र बलि चढाउँदा पनि मान्य भएको देखिन्छ ।

बलिको कारण विश्वमा प्रसिद्ध रहेको गढीमाई मेलाले संस्कृतिको रूप ग्रहण गरिसकेपछि मेलाको प्रतीक्षा धेरै परिवारलाई हुन्छ ।

मधेसका अन्य पूजाहरूजस्तै यस पूजाको प्रसिद्धिको कारण कारण भाकल नै रहेको छ । भाकलको मूलमा अन्धविश्वास, अतिविश्वास वा श्रद्धाको उत्कर्ष भन्न सकिन्छ । पाँच वर्षमा एकचोटि मेला लाग्ने हुनाले पाँच वर्षसम्म सर्वसाधारणले गरेको भाकल पूरा गर्नुपर्ने हुँदा विभिन्न किसिमको बलि चढाउनेको भीड हुन्छ । कुनै एक परिवारबाट बलि चढाउँदा त्यस परिवारका सदस्यहरू तथा अन्य निकट परिवारका मानिसहरू पनि मेलामा साथीको रूपमा आउने हुनाले मेलामा भीड निकै लाग्ने हुन्छ । मेलामा अत्यधिक भीड लाग्ने हुनाले यसको प्रसिद्धि बढ्नु स्वाभाविक हो ।

गढीमाईको पूजाको भाकल गरेर बिर्सन पाइन्न । यदि कसैले बिर्सेको छ भने मेलामा पुग्दा आफैँ सम्झना आउँछ । सोझै सम्झना भएन भने गढीमाईले भाकलको सम्झना दिलाउन कुनै उपाय अवश्य गर्छिन् भन्ने लोकविश्वासले मान्यता पाइसकेको छ ।

गढीमाई पूजाको केही महिनाअघि बन्होर पूजा गर्ने चलन छ । बन्होर भनेको किसिमको बन्धन हो र पूजाको संकल्प पनि हो । बन्होर पूजा भएपछि स्थानीय संस्कृतिमा ठूलो प्रभाव पर्दछ ।

पूजाको संकल्पसहितको पूजा बन्होर हो । बन्होर पूजाले गाउँमा एउटा थिति बाँध्ने चलन छ । यही थिति वा रीतिले गर्दा बन्होर पूजापछि बाँधिएको गाउँमा केही निषेध हुन्छ । पहिले त गाउँभर माछा, मासु, अन्डा खानु हुँदैनथ्यो । गाउँका मान्छे कतै जाँदा पनि खाँदैनथे तर अचेल यस नियममा केही खुकुलोपन आइसकेको छ ।

बन्होर पूजा सम्पन्न भएपछि गाउँबाट छोरीचेलीलाई बिदा गरी उसको घर पठाउनु हुँदैन । यसै गरी बुहारीलाई पनि उसको माइत पठाउनु हुँदैन । गाउँबाट छोरीचेलीकहाँ कुनै कोसेलीपात पनि लैजानु हुँदैन वा पठाउनु हुँदैन । लत्ताकपडा पनि घरबाट पठाउनु हुँदैन ।

सामान्यतया गाउँको सिमाना छुट्याइएको हुन्छ । बन्होर पूजाको दिन कुन गाउँको सिमानासम्म थिति बसाल्ने वा बाँध्ने भनेर तोकिन्छ । अहिलेसम्म बन्होर पूजापछि मानिने थितिलाई सर्वसाधारणले बलियो गरी समातेका छन् । यस संस्कृतिको उल्लंघन सामान्यतया कोही गर्न चाहँदैनन् ।

पूजा कम्तीमा तीन दिनसम्म चल्दछ । तेस्रो दिनको पूजा सकिएपछि अर्थात् पूजाको प्रसाद घरघरमा पुगेपछि बन्होरको थिति साम्य भएको मानिन्छ र अन्य सामाजिक जनजीवन सामान्य हुन्छ । यसरी गढीमाई पूजाले एउटा संस्कृतिको रूप धारण गरेको देखिन्छ ।

*– मित्रनगर, गरूडा, रौतहट*

# गढीमाई मेलालाई भव्य र सभ्य बनाउँछौँ

■ **उपेन्द्र यादव**, मेयर, महागढीमाई नगरपालिका



**० मेयर साहेब गढीमाईको मेला सुरु हुँदैछ, कस्तो लागिरहेछ ?**

— गढीमाईको मेला २०७६ नगरपालिकाको मातहतमा लाग्दैछ । यसको सम्पूर्ण जिम्मेवारी गढीमाई नगरपालिका र गढीमाई विकास समितिको काँधमा छ । मेला नगरपालिकाको नेतृत्वमा लागेकाले म गौरवान्वित छु । यो मेलालाई सभ्य र भव्य बनाउनका लागि हामी रातदिन खटेर काम गरिरहेका छौँ ।

**० मेला कसले लगाउने भन्ने विषयमा विवाद थियो, कसरी मिल्यो त ?**

— विवाद गढीमाई विकास समिति र नगरपालिकाको बनाएको समितिको बीचमा थियो । हामीले दुवैलाई बोलाएर कुराकानी गर्‍यौँ । अन्त्यमा उहाँहरूलाई पनि नगरपालिकाले बनाएको समितिमा सम्मिलित गरेर विवादको अन्त्य गर्न हामी सफल भयौँ ।

**० भन्नाले तपाइँहरुले आफ्नो अधिकार प्रयोग गर्नुभयो ?**

— हो, हामीले हाम्रो अधिकार

प्रयोग गर्‍यौँ । संविधानले दिएको अधिकार प्रयोग गरी नियमकानुन अनुसार समिति बनाएका हौँ । त्यसमा सबैलाई समेटेका पनि छौँ । यसमा असहमत हुनुपर्ने कारण नै छैन ।

**० मेलाको देश–विदेशमा कसरी प्रचारप्रसार गर्नुभएको छ त ?**

– विभिन्न समितिहरू लगायत प्रचार-प्रसार र सूचना प्रवाह समितिले यसमा काम गरिरहेका छन् । यसको प्रचार-प्रसार देश-विदेशमा गर्न पदाधिकारी लगायत सबैलाई अनुरोध र आग्रहका साथ निर्देशन समेत गरेका छौँ । यसमा सबैले आ-आफ्नो स्थानबाट राम्रोसँग काम गरिरहनु भएको छ भन्ने मेरो बुझाइ छ । यसको तयारी, व्यवस्थापन र भक्तजनलाई दिने सेवा सुविधाका बारेमा पनि देशभित्र मात्र हैन अन्तर्राष्ट्रिय क्षेत्रमा समेत राम्रो प्रचार-प्रसार गर्ने सोचअनुसार उहाँहरू अहोरात्र खटिएर काम गरिरहनुभएको छ ।

**० महागढीमाई नगरपालिकाभित्र अन्य सांस्कृतिक तथा धार्मिक स्थलहरु पनि छन् कि ?**

– गढीमाई आफैँमा अत्यन्त महत्वपूर्ण धार्मिक स्थल हो । गढीमाईका साथै अन्य मठमन्दिरहरू पनि छन् । रमनाकमनामाई मन्दिर पनि नगरपालिका भित्रै पर्छ । त्यो पनि प्रख्यात मन्दिर हो र त्यहाँ पनि प्रत्येक वर्षमा मेला लाग्ने गर्छ । गढीमाईको बहिनीको मन्दिर नरपालिकाको वडा नम्बर ७ को तेलगाई टोलमा छ । त्यो मन्दिरलाई मानिसहरू कटवासीमाईको मन्दिर भन्छन् । मन्दिरमा प्रत्येक ५ वर्षमा मेला लाग्ने गर्छ र त्यहाँ पनि बलि दिने गरिन्छ । मधुरीमा भिनक बाबाको मठ छ । त्यसको ६०० वर्षको इतिहास छ । अर्को शिव मन्दिर मझडियामा छ । त्यसले पनि पुरानो इतिहास बोकेको छ । यस्ता मन्दिरहरू अन्यत्र पनि छन् । तिनीहरू सबैलाई संरक्षण गर्ने नगरपालिकाको सोच रहेको छ । यिनीहरूलाई समेटेर एउटा पुस्तक प्रकाशन गर्नेतिर पनि नगरपालिका लागिरहेको छ । यी धार्मिक संस्थाहरूलाई एउटा कोरिडोरको रूपमा विकास गर्नुपर्छ भन्ने हाम्रो मान्यता छ । नगरभित्रका सम्पूर्ण मठमन्दिर लगायत धार्मिक सङ्घ संस्थालाई गढीमाई सँगसँगै विकास गर्ने नगरपालिकाको विचार रहेकाले यतातिर ध्यान लगाइरहेछौँ ।

**० सबै बजेट गढीमाईमा लगाइयो भन्ने आरोप पनि छ नि ?**

– त्यस्तो होइन, गढीमाईमा धेरैभन्दा धेरै धार्मिक पर्यटक भित्र्याउने नगरपालिकाको सोच हो । त्यसैअनुसार हामी काम गरिरहेका छौँ । अहिले मन्दिर वरपरको वातावरण सुधार्ने, पूर्वाधार विकास गर्ने र मन्दिरमाथि मार्बलको काम गर्ने काम सकिएको छ । व्यवस्थित शौचालय थिएन त्यसको उचित प्रबन्ध गरिएको छ । ठूलै लगानीमा सूर्य मन्दिर निर्माण हुँदैछ । छाप्रामा भएको पसल व्यवस्थित गर्नका लागि सेड निर्माण गर्ने काम लगभग सम्पन्न भएको छ । पसलहरूलाई सेडमा व्यवस्थापन गर्ने हाम्रो सोच हो । वातावरणलाई कसरी सफा र स्वच्छ राख्ने भन्नेतिर पनि नगरपालिका गम्भीर र सचेत छ । चौर खाली गराउने र भक्तजनहरूलाई सजिलो तरिकाले कसरी दर्शनको व्यवस्था गराउने भन्नेतिर पनि नगरपालिका लागिरहेको छ ।

**० गढीमाई वरियारपुर र बारा जिल्लाको मात्र नभई नेपालकै महत्वपूर्ण निधि हो । यस वर्ष २०७६मा लाग्ने**

**मेलाका निम्ति केन्द्र र प्रदेश सरकारको सहयोग कस्तो रहेको छ ?**

– हामीले धेरै मन्त्रीज्यूहरूलाई भ्रमण वर्षको निम्ति पनि यो मेलाले सहयोग हुनेछ भनेर विभिन्न आग्रह र अनुरोध गर्‍यौँ तर हाम्रो अथक प्रयत्नका बाबजुद पनि दुवै सरकारहरूबाट कुनै सहयोग, चिठी वा आधिकारिक जानकारी अहिलेसम्म पाएका छैनौँ ।

**० बलि प्रथाको चारैतिरबाट विरोध भइरहेको अवस्थामा भारतीय तीर्थयात्री रोकिने परिस्थिति पनि छ, तिनीहरुका सम्बन्धमा तपाईं के भन्नुहुन्छ ?**

– बलिप्रथा सम्बन्धमा सर्वमान्य सर्वोच्च अदालतको एउटा निर्णय छ । गढीमाई पञ्च वर्षीय मेलामा बलि प्रथालाई नियन्त्रण गर्ने, निरूत्साहित गर्दै जाने र आएको बलिलाई व्यवस्थापन गर्ने आदेश आएको छ । हामी पनि सरकारको एउटा अङ्ग भएकाले सर्वोच्चको निर्णयलाई स्वीकार गर्नुपर्छ र गरेका पनि छौँ । हामीले तीर्थयात्रीहरूलाई आग्रह गरेका छौँ बलिको साटो नरिवल चढाउन सकिन्छ । बलिको साटो मन्दिरको नाममा सहयोग गरेर विकास निर्माणमा सहभागी बन्न सकिन्छ । साना-साना राँगाको बलि नदिइकन कान काटेर छाडिदिन र जनतालाई बाँडिदिन सकिन्छ भनेर मूल समितिबाट निर्णय पनि गराएका छौँ । आएको बलिलाई व्यवस्थापन गर्ने जुन सर्वोच्च अदालतको आदेश छ त्यसलाई पशु डाक्टर र चिकित्सकलाई लगाई स्वास्थ्य चेकजाँच गराएर राम्रो व्यवस्थापन गर्ने गराउने नगरपालिकाको कानुनी र नैतिक दायित्व पनि हो । हामी त्यो काम राम्रोसँग गर्ने गराउनेमा कटिबद्ध छौँ ।

रह्यो कुरा बोर्डरमा इन्डियाबाट पशु आउन नदिने । त्यसमा हामी केही बोल्न र गर्न सक्दैनौँ । आस्थाको कुरा हो, विश्वासको कुरा हो । मान्छेले आफ्नो कामको सिद्धिको निम्ति भाकल गरेको हुन्छ । ल्याउन पाएनन् भने हामी मन्दिर विकासको निम्ति राँगा वा बलिको साटो उनीहरूसँग चन्दा माग्छौँ । मन्दिरको नाममा पैसा दिन अनुरोध गर्छौँ । त्यसले पनि मान्छेलाई सन्तुष्टि दिन्छ । उसले भाकल पूरा भएको मान्छ र आफ्नो बाटो लाग्छ । यसबाट उनीहरू र हामी दुवैलाई राम्रो हुन्छ ।

**० तपाईं निर्वाचित भएर आएपछि विकास निर्माणले कस्तो गति पाएको छ त ?**

– २०७४/०६/०९ मा मैले शपथ ग्रहण गरेको हुँ । त्यतिखेर बाटाघाटा जीर्ण अवस्थामा थिए । मेरो पहिलो ध्यान पूर्वाधार निर्माणतिर गयो । ढल, नाला र पुलपुलेसा पनि रूग्ण थिए । नगरपालिकाको पहिले त्यतै काम गर्‍यो । कतिपय बाटाहरू ढलान भए । बन्द नाला खोलेर पानीको निकास हुने व्यवस्था मिलाइयो । कामहरूले विस्तारै, विस्तारै गति लिँदै गए । त्यसपछि नगरपालिकाको ध्यान शिक्षातिर तानियो । अधिकांश विद्यालयमा शौचालयको उचित प्रबन्ध थिएन । त्यसको प्रबन्ध मिलाइयो । अपुग कक्षाकोठाको व्यवस्था भयो । प्रधानाध्यापकहरूलाई बोलाएर विद्यालयका समस्याहरूका बारेमा छलफल गरियो । विषयगत शिक्षकको व्यवस्था मिलाइयो । धेरै छलफल, बैठक र विचार विमर्शको परिणाम यतिखेर विद्यालयको वातावरणमा धेरै सुधार भइसकेको छ । शिक्षकहरूले आफ्नो ड्युटी पूरा गरिरहनु भएको छ । उहाँहरूको कामबाट नगरपालिका सन्तुष्ट छ । शिक्षाको गुणस्तर सुध्रिएको पनि

हाम्रो ठम्याइ छ ।

त्यसैगरी स्वास्थ्यका क्षेत्रमा पनि काम भइरहेको अवस्था छ । दलित र विपन्न वर्गको उत्थानका निम्ति कार्यक्रम ल्याइएको छ । नगरपालिका कृषि प्रधान भएकाले कृषकहरूको उत्थानका निम्ति जीर्ण अवस्थामा रहेका कुलोको सरसफाइ गरिनाका साथ बाँधहरू समेत निर्माण गरिएको छ । किसानको खेतमा सहज तरिकाले पानी पुऱ्याउने व्यवस्था भइरहेको छ । उन्नत जातको बिउविजन वितरण गरिएको छ । यसबाट किसान उत्साहित भएका छन् र यसको सकारात्मक प्रभाव परेको सूचना नगरपालिकालाई प्राप्त भएको छ ।

हाम्रो नगरपालिका जगतजननी गढीमाईको मन्दिर भएको स्थान हो । यसको लामो इतिहास छ । यस्तो ठाउँमा बाहिरी पर्यटक कसरी भित्र्याउने भनेर सोचिएको छ । त्यसैकारण मन्दिर वरपर विभिन्न विकास निर्माणका काम थालिएका छन् । आगामी दिनमा हामी अझ जोडतोडका साथ कृषि, शिक्षा, स्वास्थ्य र गढीमाई मन्दिरको विकासमा दत्तचित्त भएर लागिरहने छौँ ।

**० भाषा, धर्म, संस्कृति र मानिसको बीचमा कस्तो सम्बन्ध रहन्छ ?**

— एकदम नजिकको सम्बन्ध रहन्छ नि । त्यसलाई छुट्याएर कहिल्यै अगाडि बढ्न सकिँदैन । हाम्रो नगरपालिकाका विभिन्न संस्कृति र समुदायका मानिसहरूलाई कसरी जोड्ने र स्थापित गर्ने भन्नेतिर सजग छ । सबैलाई सँगै लिएर हिँड्न चाहान्छौँ । समाजमा विभिन्न संस्कृति, सम्प्रदाय, धर्मको उपस्थिति रहन्छ । तसर्थ नगरपालिका मुस्लिमलाई के गरिदिनुपर्छ ? दलित र अन्य अल्पसङ्ख्यकलाई के गरिदिनुपर्छ ? हिन्दूहरूलाई के गरिदिनुपर्छ ? भन्नेतिर सोचिरहेको छ । सबै एकसाथ मिलेर जाने बाटोको खोजीमा हामी गम्भीरताका साथ सोचेर काम गरिरहेका छौँ ।

हाम्रो नगरपालिकाले कार्यालयमा भोजपुरी भाषामा बोलचाल गर्ने निर्णय गरेको छ । नगरपालिकामा ४२ सामुदायिक विद्यालयहरू छन् । त्यहाँ भोजपुरी भाषामा पढाई हुनुपर्छ भन्ने निर्णय भएको छ । पाठ्यपुस्तकको व्यवस्था पनि गरिसकिएको छ । प्रदेश सरकारलाई शिक्षकको व्यवस्था मिलाइदिन आग्रह गरिएको छ । प्रदेशबाट बजेटको व्यवस्था पनि भएको छ तर त्यसमा खुलेर भोजपुरी भाषामा शिक्षकको व्यवस्था गर्न भनेर कुरा खोलिएको छैन । कानुनी प्रक्रिया नमिलेको कारण त्यो रोकिएको हो । हामी प्रदेशमा गएर खुलाएर ल्याई त्यसको व्यवस्था गर्छौं ।

**० अन्त्यमा केही भन्न बाँकी छ कि ?**

— अहिले गढीमाईको पञ्चवर्षीय मेला लागिरहेको छ । हामी दुई महिनादेखि मेलालाई सफल पार्न खटिइरहेका छौँ । यसको सम्पूर्ण तयारी पूरा भइसकेको छ । बाटो-घाटो, शौचालय, खानेपानी, वासस्थान र शान्ति सुरक्षाको उचित प्रबन्ध छ । ठाउँठाउँमा सीसीटीभी र ड्रोनको समेत जडान गरिएको छ । भक्तजनहरूलाई असुविधा नहोस् भन्नेतिर सचेत र चनाखो रहेका छौँ । त्यसैको निम्ति बाहिरीगेट समेत बनेको छ । मेलालाई भव्य र सभ्य बनाउन हामी चौबीसै घण्टा सक्रिय र सचेत छौँ । त्यसकारण स्वदेश तथा विदेशमा रहनु भएका दाजुभाइ दिदीबहिनी सम्पूर्ण भक्तजनहरूलाई बरियापुरमा आएर गढीमाईको दर्शन गर्न र आशीर्वाद लिन हार्दिक अनुरोध गर्दछु । ■

# गढीमाई दर्शनका लागि सहज व्यवस्था मिलाएका छौँ

**सुदामा साह कानु**, अध्यक्ष, गढीमाई मेला समिति



**० मेलाको तयारी कस्तो छ त ?**

– राम्रो छ । हामीले मेलाको पूरा तयारी गरिसकेका छौँ । सबैतिरबाट सहयोग लिइएको छ । कतिपय काम पूरा भइसकेका छन् भने केही काम पूरा हुने अवस्थामा छन् ।

**० मेला सुरु भइसकेको हो ?**

– हो, भैसक्यो । दर्शनार्थीहरूको चहलपहल दिनप्रतिदिन बढिरहेको छ । महिनाभर लाग्ने मेला भएकाले दर्शनार्थीहरू हिजोभन्दा आज र आजभन्दा भोलि बढिरहने अवस्था छ ।

**० खासमा बलि दिइने दिन कुन हो ?**

– षष्ठीको दिन खिर भोजन हुन्छ त्यसपछि सप्तमीको दिन राँगाको र अष्ठमीको दिन बोका लगायत परेवा तथा हाँसको बलि दिइन्छ ।

**० बलिको दिन मन्दिरमा दर्शन गर्न सकिन्छ त ?**

– सकिन्छ । धेरै लाइनहरूको व्यवस्था छ । गेटहरू मात्र ४ वटा छन् । फेरि बलि गढीमाईलाई चढाइने पनि होइन । त्यहाँ त पेडा चढ्छ । बलि दिने त बरम बाबाथाननिर हो । त्यसकारण बलिको दिन पनि गढीमाईको दर्शन सजिलैसँग गर्न सकिन्छ ।

**० यस वर्ष भक्तजनहरु कत्तिको आउलान् ?**

– अघिल्लो वर्षभन्दा धेरै आउनेछन् । पहिलेको भन्दा राम्रो प्रचारप्रसार भएको छ । उचित प्रबन्ध भएका कारण यस वर्ष भक्तजनहरू बढ्नेछन् भन्न सकिन्छ ।

**० बलि कति दिइन्छ होला ?**

– यति नै भनेर भन्न सकिन्न । मान्छेले आफूले विश्वासले गर्ने कुरा हो । धेरै नै होलान् ।

**० देश–विदेशबाट आउने दर्शनार्थीहरुलाई केही भन्नु छ कि ?**

– तपाईं भक्तजनहरू गढीमाइको दर्शन गर्न शान्तिपूर्वक आउनोस् र माताको दर्शन गर्नोस्, पुण्य कमाएर जानोस् मेरो र मेला समितिको यही अनुरोध छ । ■

# भाकल पूरा भएका कारण गढीमाईप्रति सबैमा विश्वास जागेको हो



– **मंगल चौधरी थारु,** मूल पुजारी, गढीमाई मन्दिर

**० पुजारी बन्नु भएको कति वर्ष भयो ?**

– २०५१ मा बुबाको मृत्यु पछि म मूल पुजारी भएर काम गरिरहेको छु । त्यसपछि मेरो छोरो नै मूल पुजारी हुन्छ ।

**० तपाईंको परिवार पुर्ख्यौली पुजारी हो ?**

– हो । हाम्रो परिवार पुस्तौनी पुजारी परिवार हो । भगवान चौधरीको परिवार ठूलो छ र सबैजना पालैपालो पूजामा खट्छन् तर मूल पुजारीमा भने मेरा सन्तान मात्र हुन्छन् ।

**० कति पुस्तादेखि पुजारी हुनुहुन्छ ?**

– म दसौं पुस्ताको पुजारी हुँ । पहिलो पुस्ताका पुजारी भगवान चौधरी हुनहुन्थ्यो । त्यसपछि माहानारायण चौधरी, महापाली चौधरी, गजराज चौधरी, वसराज चौधरी, खोबारी चौधरी, देवनारायण चौधरी, प्राम्पत चौधरी, खेदु चौधरी र म मंगल चौधरी ।

**० पुजारी हुन थारु नै हुनुपर्छ ?**

– हो, भगवान चौधरीले मकवानपुरगढीबाट ल्याएर यहाँ गढीमाईको स्थापना गर्नुभएको हो । देवीको इच्छाअनुसार गढीमाईको पुजारी थारू नै हुने परम्परा रहिआएको छ ।

**० कति वर्षको हुनुभयो ? सेवा सुविधा के– कस्ता छन् ?**

म ६२ वर्षको भएँ । उठेको भेटीबाट हामी परिवारमा बाँड्छौं र मन्दिरलाई चाहिने पूजाका (**बाँकी ३३ पेजमा**)



















गढीमाई मन्दिरबाट ४ किलोमिटरको दूरीमा पर्ने कटमन्सीमाईको मन्दिर । जसलाई गढीमाईको दिदी भनिन्छ ।

महागढीमाई नगरपालिका–११ मधुरी जब्दीमा रहेको भिनक बाबाको मठ परिसर । गढीमाई मन्दिरबाट यो स्थान ५ किलोमिटर दूरीमा रहेको छ ।







# गढीमाई मेला संरक्षण व्यवस्थापन समिति

१. माननीय रामसहायक प्रसाद यादव, प्रतिनिधिसभा सदस्य
२. माननीय उमाकान्त चौधरी, प्रतिनिधिसभा सदस्य
३. माननीय रमेशप्रसाद यादव, राष्ट्रियसभा सदस्य
४. माननीय शारदा शङ्कर कलवार, प्रदेशसभा सदस्य
५. माननीय बच्चाराउत अहिर, प्रदेशसभा सदस्य
६. माननीय राधेचन्द्र राय यादव, पूर्व संविधानसभा सदस्य
७. माननीय शिवचन्द्र कुशवाहा, पूर्व संविधानसभा सदस्य
८. नवलकिशोर सिंह राजपुत, अध्यक्ष, जिल्ला समन्वय समिति, बारा
९. विजय सरावगी, प्रमुख, वीरगञ्ज महानगरपालिका, पर्सा
१०. उपेन्द्रप्रसाद यादव, प्रमुख, महागढीमाई नगरपालिका, बारा
११. राजेशराय यादव, प्रमुख, कलैया उपमहानगरपालिका, बारा
१२. डा. कृष्णप्रसाद पौडेल, प्रमुख, जीतपुर–सिमरा उपमहानगरपालिका, बारा
१३. सुरेशकुमार खनाल, प्रमुख, निजगढ नगरपालिका, बारा
१४. भरतबहादुर भण्डारी, प्रमुख, कोल्हवी नगरपालिका, बारा
१५. विजयशङ्कर यादव, प्रमुख, सिम्रौनगढ नगरपालिका, बारा
१६. रमेशकुमार यादव, प्रमुख, पचरौता नगरपालिका, बारा
१७. मुस्तुफा अन्सारी, अध्यक्ष, आदर्श कोतवाल गाउँपालिका, बारा
१८. देवदत्त बछाड थारु, अध्यक्ष, बारागढी गाउँपालिका, बारा
१९. चन्दनकुमार सिंह, अध्यक्ष, देवताल गाउँपालिका, बारा
२०. अमिरीलाल राउत, अध्यक्ष विश्रामपुर गाउँपालिका, बारा
२१. भोलाप्रसाद गुप्ता, अध्यक्ष, प्रसौनी गाउँपालिका, बारा
२२. महेन्द्रप्रसाद यादव, अध्यक्ष, सुवर्ण गाउँपालिका, बारा
२३. अमिरीलाल प्रसाद, अध्यक्ष, फेटा गाउँपालिका, बारा
२४. हरिनारायणप्रसाद साह कानु, अध्यक्ष, परवानीपुर गाउँपालिका, बारा
२५. भुवनेश्वर धामी, अध्यक्ष, करैयामाई गाउँपालिका, बारा

# गढीमाई पञ्चवर्षीय मेला व्यवस्थापन मूल समितिका पदाधिकारी

**अध्यक्ष :** सुदामा साह कानु
**उपाध्यक्ष :** कैलाश महतो
**उपाध्यक्ष :** गणेशबहादुर कुश्वाहा
**उपाध्यक्ष :** सुरेश ठाकुर
**महासचिव :** मोतीलाल प्रसाद
**महासचिव :** पारश गुप्ता
**सचिव :** वीरेन्द्रप्रसाद यादव
**सचिव :** सोनालाल साह
**कोषाध्यक्ष :** धिरेन्द्रकुमार चौधुर
**कोषाध्यक्ष :** महेश जैसवाल

# गढीमाई मेला समितिद्वारा गठित विभिन्न उपसमिति र तिनीहरुका संयोजक

१. पूजा व्यवस्थापन उपसमिति : देवेन्द्रकुमार चौधुर
२. मन्दिर भेटी संरक्षण व्यवस्थापन उपसमिति : नारायण महतो
३. मनोरञ्जन व्यवस्थापन उपसमिति : गजेन्द्रप्रसाद जयसवाल
४. बाहिरी गेट व्यवस्थापन उपसमिति : इमान हुसेन
५. बाटो व्यवस्थापन उपसमिति : अरूणकुमार साह
६. स्वास्थ्य व्यवस्थापन उपसमिति : विजयकुमार कुशवाहा
७. खानेपानी व्यवस्थापन उपसमिति : रामनरेशप्रसाद कुशवाहा
८. बलि व्यवस्थापन उपसमिति : रविन्द्र महतो कोइरी
९. जग्गा व्यवस्थापन उपसमिति : जतिकर हुसेन
१०. प्रचारप्रसार व्यवस्थापन उपसमिति : रामजनमप्रसाद यादव
११. सूचना तथा सञ्चार व्यव्स्थापन उपसमिति : उपेन्द्रप्रसाद यादव
१२. पण्डाल व्यवस्थापन उपसमिति : रोशन मियाँ अन्सारी
१३. शौचालय व्यवस्थापन उपसमिति : शंकरप्रसाद यादव
१४. स्वयम्सेवक व्यवस्थापन उपसमिति : रामबाबु साह
१५. पार्किङ व्यवस्थापन उपसमिति : भगवान राउत अहिर
१६. विद्युत व्यवस्थापन उपसमिति : जाहिर अन्सारी

# हार्दिक स्वागत



**धार्मिक पर्यटनको आधार गढीमाई मेलामा**
**पाल्नु हुने सम्पूर्ण श्रद्धालु भक्तजनहरुमा हार्दिक स्वागत**
**गर्दै गढीमाईको दर्शनले यहाँहरुको मनोकाङ्क्षा**
**पूरा होस् भन्ने कामना**
**गर्दछौँ ।**

**सुदामा साह कानु**
**अध्यक्ष तथा**
**गढीमाई पञ्चवर्षीय मेला**
**व्यवस्थापन मूल समिति, परिवार**
बरियारपुर, बारा


www.nepalbank.com.np
नेपाल बैंकको उत्कृष्ट प्रस्तुति
ग्रीन सेभिङ डिपोजिट
(GREEN SAVING DEPOSIT)
विशेषताहरू*
* शर्तहरु लागू हुनेछन् ।
नेपाल बैंकको VISA Debit कार्डबाट नेपालका जुनसुकै बैंकको ATM मार्फत कारोबार गर्दा शुल्क नलाग्ने ।
५० लाख रुपैयाँसम्मको दुर्घटना बीमा ।
६.५ प्रतिशतको आकर्षक ब्याजदर ।
५० हजार रुपैयाँसम्मको औषधोपचार सुविधा ।
यो खातामा जम्मा भएको रकम नवीकरणीय उर्जा तथा वातावरणीय क्षेत्रमा लगानी गरिने ।
नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
स्थापित बि.सं. १९९४
प्रधान कार्यालय, धर्मपथ, काठमाडौं
फोन नं ०१-४२४७९९९
टोल फ्री नं. १६६००१३७३७३
इन्स्योरेन्स पार्टनरः
नेपाल इन्स्योरेन्स
Pioneer Bank with Customer Service Excellence

## भाकल पूरा भएका कारण...

(२४ पेजबाट)

सर-सामान पनि त्यही भेटीको पैसाबाट चलाउँछौँ । अन्य सेवा सुविधा कहीँ कतैबाट पनि छैन ।

**० पुजारी अन्य कतिजना हुनुहुन्छ ?**

– अहिले हामीहरू १५ जना खटिएका छौँ ।

**० पञ्चबलिमा के-के पर्छन् ?**

– जंगली मुसा, सुङ्गुर, स्थानीय कुखुरा, बोका र राँगा ।

**० बरियारपुरमा गढीमाईको स्थापना भएको कति वर्ष भयो ?**

– यसको कतै शिलालेख त छैन तर मकवानपुरका सेन राजाको पालामा यसको स्थापना भएको हो । त्यतिखेर यो स्थान मकवानपुर राज्यमा थियो । नेपाल एकीकरण भइसकेको थिएन । यसको स्थापनाको गणना गर्दा ३००/३५० वर्ष भयो होला भन्ने हाम्रो अनुमान छ ।

**० गढीमाईको उत्पत्ति कसरी भएको मानिन्छ ?**

– बाबा भगवान चौधरी राजकाज मुद्दामा मकवानपुरगढी जेलमा हुनुहुन्थ्यो । बाबाले गढीमातालाई आफू निर्दोष छु । छुटकारा दिलाउनुहोस् । म छुटकारा भएपछि तपाईंलाई सकेको सेवा गर्छु भनेर अनुरोध गर्नुभयो । माताले सपनामा छोराजस्तो दर्शन दिनुभयो । पूजा गर्ने शर्तमा जेलबाट छुट्कारा पाएपछि माताको निर्देशअनुसार बाबा वरियारपुर आउनुभयो । गढीमाईको स्थापना गर्नु भयो ।

**० २०७६ को मेला सुरु भयो, कस्तो लागिरहेछ ?**

– खुसीको अनुभव भइरहेछ । भीड बढिरहेछ । जति दिन बित्दै जान्छ त्यति त्यति मानिसहरूको घुइँचो बढ्दै जान्छ । यो महिनाभर चलिरहने मेला हो ।

**० गढीमाईप्रति मानिसमा किन यति धेरै विश्वास भएको होला ?**

– मानिसहरूका विभिन्न भाकल हुन्छन् । ती भाकल पूरा भएको कारण गढीमाईप्रति सबैमा विश्वास जागेको हो । कार्य र इच्छा पूरा हुने गरेको कारण मानिसहरूमा गढीमाइप्रति आस्था, भरोसा र विश्वास बढेको हो । ■


## पढ्नै पर्ने साहित्यिक पत्रपत्रिका

अभिव्यक्ति, रचना, जनमत, भानु, नवप्रज्ञापन, कल्पतरू, नेपाली, हिमाली गुराँस, तन्नेरी, हाम्रो पुरूषार्थ, दायित्व, शिवपुरी सन्देश, शाल्मलि, सुलेख, शब्दाङ्कुर, कौशिकी, शृङ्खला, चेतना सन्देश, हाम्रो पूर्णिमा, अक्षरमार्ग, जमघट, आलेखन, नारीस्वर, रजस्थल, कपन वानेश्वर, हाम्रो मातृभूमि, अक्षय अक्षर, दोभान, वैजयन्ती, अन्तर्बोध, शब्दसंयोजन, शारदा, वनिता, अभिनव, कथालिका, संगम अभियान, ज्याग्दीखोलाको तरङ्ग, गरिमा, अक्षय ज्ञान, गुगुल्डी, तामाङ डाजाङ, लहरा, अर्न्तध्वनि, लोकभावना, नः लि, आँजुर, कलस, महामण्डल, रूपायन, कालिको सुसेली, लावा डग्गर, गोलसिमल, हरचाली, थौँ कन्हय, नवमाधुरी, सचेतना ।

# गाईजात्रा पहिले हाम्रो कम्पाउन्डबाट लान्थ्यो



• प्रकाश ए. राज

मलाई वि.सं. २००७ सालदेखि दैनिकी लेख्ने बानी बस्यो र वि.सं.२०१७ सम्म अभिलेख रहेकाले पनि मलाई संस्मरण लेख्न एकहदले सजिलो पनि भयो । मेरो घर हनुमानढोका र काष्ठमण्डपबाट नजिकै थियो । त्यसताका डिल्लीबजार र चाबहिल जस्ता ठाउँहरूबाट काठमाडौं जानलाई "सहर जाने" भनिन्थ्यो । काठमाडौं उपत्यकालाई मात्र "नेपाल" भन्ने चलन थियो । त्यतिखेर मेरो घरको कम्पाउन्डमा नेपाली पनि भनिन्थ्यो । त्यतिबेला एउटा भनाइ प्रचलित थियो "गुरूज्यूको पल्टन ढिडो खाने लप्टन" ।

मेरो हजुरबुबा राणाकालको अन्ततिर नायब बडागुरूज्यू हुनुहुन्थ्यो र यसै कारणले होला सुरक्षाको निमित्त घरमा सरकारले नै पल्टन राख्ने व्यवस्था मिलाएको थियो । घरको मूल प्रवेशद्वार भने उत्तरतर्फ गणेशस्थानतिर रहेको थियो । तर मोटरको लागि प्रवेशद्वार चाहिँ प्यानल नजिकै एउटा ठूलो ढोका नै थियो ।

यही कारणले होला हाम्रो घर रहेको टोलकै नाम "ढोका टोल" रहन गयो । त्यसबखत वरिपरि नब्बे प्रतिशत घरहरू नेवारका थिए । त्यसताका काँठका नेपाली भाषी क्षेत्री, बाहुनहरू उल्लेखनीय संख्यामा भए पनि शहरको भित्री भागमा धेरै थिएनन् । हरेक बर्ष गाईजात्राको उपलक्ष्यमा ठूलो ढोका खोलिन्थ्यो र बिहानदेखि बेलुकीसम्म गाईजात्राको लस्कर घरको कम्पाउन्डभित्रैबाट जान पाउँथ्यो । यो चलन वि.सं. २००७ सालपछि बन्द गराइयो ।

यसै गरी शाल्दुरजङ्ग कम्पनीमा सिपाहीहरूलाई ढोकामा राख्ने चलन पनि हट्यो । त्यसबखत उक्त कम्पनीका केही पदाधिकारी "सुबेदार", "कोते", "हवल्दार "समेत हुन्थे । जसको नाम अझैसम्म सम्झनाबाट हराएको छैन । सुबेदार बबर सिंह बखती क्षेत्री थिए र उनको घर काठमाडौंको दहचोकमा थियो ।

मेरो बुबा केशरीराज पाण्डेले वि.सं. २०१२ देखि वि.सं.२०२२ सालसम्म नेपाल सरकारको शिक्षा मन्त्रालयमा काम गर्नुभयो । त्यसबेला उहाँ साइकल चढेर कार्यालय जानुहुन्थ्यो । वि.सं. २००७ सालसम्म मेरो हजुरबुबाको पालामा हाम्रो घरमा तीनवटा मोटरगाडी थिए, जुन फेर्ड, ओपेल र डिसोटो कम्पनीका नामुद गाडी हुन् । यी गाडीमध्ये दुइटा २००८ सालपछि बिक्री भए र एउटा बाँकी रहेको गाडी पनि हाम्रो भागमा परेन ।

मलाई बाल्यकालमा शिक्षक घरमा आएर संस्कृत पढाउने गर्थे । मलाई २००४ सालको श्रीपञ्चमीमा पण्डितराज

सोमनाथ सिग्देलले नै अक्षरारम्भ गराएका थिए । त्यसबेला रातो अविरमा अक्षर लेखेको अझै बिर्सेको छैन । मैले पहिले नै सबै अक्षर चिनिसकेको थिएँ, खाली "व" मात्र चिन्न नसकेको सम्झना छ । २००८ साल अगाडि घरमा नै आएर पं. रामचन्द्र पौडेलले संस्कृत पढाउँदै आएका थिए । उनले संस्कृत साहित्य र व्याकरणमा आचार्य उत्तीर्ण गरेका थिए ।

म सर्वप्रथम विद्यालय २००८ सालमा गएको थिएँ । शान्ति निकुञ्ज विद्यालय हाम्रै घर नजिकै थियो । मैले घरैमा पढेर अक्षर चिनिसकेकाले मलाई ४ कक्षामा भर्ना गरिदिए । मसँग सधैं यौटै बेन्चमा बस्ने साथी रामबहादुर थियो । उनको बारेमा अरू केही कुरा याद छैन । त्यसबखत भर्खर मात्र प्रजातन्त्र आएको थियो । हाम्रो कक्षामा नेपाल भाषा (नेवारी) मा समेत पढाइ हुन्थ्यो । आफू नेवार बहुल टोलमा बसे पनि नेवारी बोल्न भने पटक्कै आएन । त्यसले गर्दा पनि कतिपय कुरामा अप्ठेरो महसुस हुने गर्दथ्यो । हाम्रो कक्षामा नेपाल भाषालाई अनिवार्य पनि गराएको थियो । नेपाल भाषामा "ध्रुव गो ?" -अर्थात् ध्रुव खोइ) नामक पुसतक पढाएको पनि सम्झन्छु । जुन पद्य कविता हरि श्रेष्ठको २००५ दसालमा प्रकाशित भएको छ । एक त भाषा नबुझेकाले सो पुस्तक बारे मैले धेरै कुरा क्षेत्रपाटीस्थित जुद्धोदय पब्लिक हाईस्कुल (जे.पी.) मा पढ्न थालेँ । यो विद्यालय पनि खासै त्यति टाढा चाहिँ थिएन । शान्ति निकुञ्जमा अधिकांश शिक्षक र विद्यार्थी नेपाल भाषी थिए भने जे.पी मा नेपाली भाषी थिए । जे.पी. मा अनिवार्य नेपाल भाषाको पढाइ नहुने भएकाले आफूलाई सजिलो भएको महसुस भयो ।

नेपाल भाषा मातृभाषा भएका विद्यार्थीहरू शान्ति निकुञ्ज र जे.पी. दुवै विद्यालयमा थिए । यिनलाई शान्ति निकुञ्जमा पढ्न केही सजिलो भयो होला भन्ने मलाई लाग्यो । जे.पी.मा नेपाली माध्यमबाट पढाउने भएकाले र नेपाली मात्र अनिवार्य हुनाले नेपाली भाषीहरूलाई सजिलो भएको जस्तो लाग्दछ । मैले २०१३ साल अर्थात् तेह्र वर्षमा एस.एल.सी. परीक्षा जे.पी.बाट उत्तीर्ण गरेँ । त्यतिबेला मेरा सहपाठीमध्ये कर्ण शाक्य, हिरण्यलाल श्रेष्ठ, नूरप्रताप राणा र रमेशनाथ पाण्डे थिए ।

२०१३ सालको केही समयपछि काठमाडौंका केही नेवारका घरमा पनि मातृभाषाको रूपमा नेपाली नै बोल्ने प्रवृत्ति देखियो । केही विद्यार्थीका अभिभावकहरूलाई यस्तो लागेको हुन सक्दछ कि नेपाली भाषा नेपालको सम्पर्क भाषा हुन गयो र अन्य व्यक्तिहरू लगायत सरकारी जागिर खान पनि सजिलो हुने देखिएकाले नेपालीमा नै कुराकानी गर्ने बानी बस्न थाल्यो ।

जे.पी. विद्यालयमा पढाउने शिक्षक र उनीहरूले पढाउने विषयबारे अझै पनि मलाई सम्झना छ । ती मध्ये नेपाली पढाउने वासुदेव लुइँटेल गफ गरेर पढाउन माहिर थिए । हरिहरनाथ रेग्मी अङ्ग्रेजी बडो चाखलाग्दो तरिकाले पढाउँथे ।

मेरी आमा काठमाडौंको ठमेलमा हुर्केकाले नेपाल भाषा राम्ररी बोल्न सक्नुहुन्थ्यो । तर बिहे भएर ढोका टोल आए पछि उहाँले सो भाषा पछि बोलेको कहिल्यै सुनिनँ । मेरो बुबाको धाइ विष्णुमाया नेवार नै थिइन् । उहाँले

पनि नेवारी बोल्न कञ्जुस्याइँ गर्नुभयो र कहिले बुबासँग बोल्नु भएन । बरू मेरो माइलो भाइ नेवारी राम्ररी बोल्थ्यो । उनका थुप्रै साथी नेवार नै थिए । यसले पनि उनलाई सजिलो भयो ।

मेरो हजुरबुबाकहाँ यौटा प्रेस थियो । त्यही प्रेसमा नेपाली भाषाको व्याकरण "चन्द्रिका"छापिएको थियो । त्यो वि.सं. १९६२ तिरको कुरा हो । सोही सालमा "संगीत चन्द्रोदय" नामक गजलसङ्ग्रह समेत सोही प्रेसमा छापिएको थियो । जसमा मोतीराम भट्ट, गोपीनाथ लोहनी, शम्भुप्रसाद ढुंगेलजस्ता अनेक गजलकारका गजल समावेश गरिएका थिए । सोही सङ्ग्रहमा ६ वटा नेपाल भाषाका गजल पनि छापिएको पाइयो ।

त्यसबखत नेपालमा चन्द्र शमशेरको निरकुंश शासन थियो । उनको बेला शक्तिशाली मानिने मेरो हजुरबुबा हेमराज पाण्डेको प्रेसमा नेपाल भाषाको समेत गजल छापिनु बहुभाषिक देशको यथार्थता बुझेर गरेको जस्तो लाग्छ ।

सो प्रेसमा मेनेजर मोतीराम भट्टका जीवनीकार नरदेव पाण्डेका काइँला भाइ दुर्गादेव थिए भने प्रेसमा काम गर्ने भट्ट राखेको मैले बाल्यावस्थामा देखेको घटना अझै ताजै छ । हाम्रो परिवारले संस्कृत पढ्नु पर्दथ्यो । बुबाले संस्कृतका साथै बनारसमा गएको बखत त्यहाँ अङ्ग्रजी समेत पढ्न थाल्नुभयो । बुबालाई पं.सोमनाथ सिग्देलले संस्कृत बोल्न खप्पिस बनाउनुभयो । अतः बुबाले संस्कृतमा आचार्यसम्म पढ् नुभयो । जसले गर्दा उहाँ बडागुरूज्यू बन्ने अवसर पाउनुभयो । त्यसबखत उहाँ २१ वर्षसम्म फ्रान्सको पेरिस अन्तर्गत युनेस्कोमा काम गरेर नेपालमा रिटायर्ट जीवन बिताइ रहनुभएको थियो ।

मैले विद्यालयमा पढ्दा संस्कृत यौटा अनिवार्य विषय थियो । मैले ८,९, १० कक्षामा अनिवाई संस्कृत पढेकाले मेरो नेपाली पनि राम्रो भयो र मलाई लेखक बनाउन यसले ठूलो भूमिका खेलेको पाएँ । यदि संस्कृतको ज्ञान नभएको भए नेपाली भाषा पनि लेख्न मलाई कठिन हुन्थ्यो होला । नेपालमा अचेल संस्कृत अनिवार्य नभएकाले नेपाली भाषामा समेत प्रभाव परेको देखिन्छ ।

■

# गीत

● **जानुका राई**



मृत्यु पिउँदै जीवन दिने छैनन् कोही संसारमा
जस्लाई हामी भेट्न सक्छौ ती हुन् हाम्री आमा

आफूलाई बिर्सिएर सन्तानमा संसार देख्छिन्
धर्तीजस्तै मौन रही ममताको बाढी बग्छिन्
सृजनाको सुन्दर ज्योति को नै हो र यो धर्तीमा
जसलाई हामी भेट्न पाउँछौँ ती हुन् हाम्री आमा

हामीलाई खुसी दिन साह्रा दुःख उनी पिउँछिन्
आँखाभरि सपाना बोकी हाम्रै लागि जिउँछिन्
कोमलताको तलाउ बनी को बग्छ र संसारमा
जसलाई हामी भेट्न सक्छौ ती हुन् हाम्री आमा ।

*– खोटाङ*

# हस्तलिखित पत्रिका पनि निकालेँ



● कृष्ण जोशी

मेरो जन्म वि.सं. १९९६ माघ २० गते भोजपुरमा भएको थियो । म सानो छँदा प्रायः विहान हुने वित्तिकै पूर्वतिर हेर्ने गर्थे । टयाम्के डाँडाबाट ओर्लिएको कलिलो घाम गणेश रसिकको छिनामखुको घर आँगनमा खेल्दै गरेको हुन्छ । त्यहाँबाट अलि वर हिरण्य भोजपुरे र द्रोणप्रसाद श्रेष्ठको मुण्डा घर टेक्न आइसकेको हुन्थ्यो । त्यस घर नजिकको धारा र दानाको बोटमा आफ्नै तालमा नृत्यरत चराहरूसँग खेल्दै रहेको हुन्छ घाम । निरर्थक हुन्छ मेरो हेराइ । निरर्थक हुन्छन् त्यो सुदूर अतीतका स्मृतिहरूलाई काठमाडौंका आँगनमा विस्कुन बनाउने मेरा प्रयत्नहरू ।

जब मेरो लेखपढ गर्ने उमेर भयो । घरबाट दुई कोस लामो ओरालो झरेर विद्योदय हाईस्कूलमा पढ्न पुग्थैं । झोला नभएर नै हातभरि किताब र कपी च्यापेर विद्यालय जान्थैं । विद्यालयबाट छुट्टी भएपछि ढुंगेन उकालो चढेर टुँडीखेलमा आइपुग्थैं । वरपीपलमा केही समय सुस्ताएपछि हामी खेल्न थाल्छौं । त्यतिखेर फुटबल, भलिबल लगायत अरू खेल खेलेर रमाउथ्यौं । त्यहाँ खेल्नु, कुद्नु, रमाउनु नै त हो जीवनका प्रारम्भिक आरम्भहरू ।

५-६ कक्षामा पुगेको थिएँ । दिनहरू क्रमशः रमाइलो गरी हिंडरिहेका थिए । त्यसताका मेरो उमेर त्यस्तै ९-१० वर्षको थियो । भन्नु त अल्लारे उमेरमा टेकेको थिएँ । अहिलेको जस्तो फुटबल हामीले सहजै खेल्न पाउँदैनथ्यौं । अतः त्यतिबेला फुटबल पनि त फाटेका `मोजाका थोत्रा कपडाहरू कोचेर बनाइन्थ्यो । यसले फुटबल खेल्न सजिलो भयो । तर खाली खुट्टा खेल्नुपर्दा ढुङ्गामा कहिलेकाहीँ ठेस लाग्थ्यो । यसले गर्दा खुट्टाका औंलाहरूबाट रगत समेत बग्थ्यो । त्यो असह्य पीडालाई पनि सहजै रूपमा लिदै आइएको थियो ।

त्यसो त विद्यालयमा जाने, पढ्ने छँदै थियो । मकै, भटमास खाँदै तीनधारामा नुहाउने दैनिकीजस्तै भयो । हामी पछि केही सिर्जनशील कार्यतिर पनि लाग्दै गयौ. । यस बीचमा कविता लेख्नु, साहित्य गोष्ठी गर्नु र हस्तलिखित पत्रिका समेत निकाल्ने भएँ । यस्ता विधि कार्यमा संलग्न हुँदै गयौं । म टकसार बजारसम्म गएर लिथो मेसिनबाट पत्रिका छपाएर ल्याउँथे । । त्यतिबेला मलाई कुनै उपलब्धीमूलक काम गरेजस्तो लाग्थ्यो ।

त्यसैबेला बालसाहित्य, कविताकुञ्ज,

पँधेरो, सपनाको ओठमा, फूलबारी पत्रिका हस्तलिखित निकाल्थेँ भने कहिले त्यसैलाई नै लिथो । मेसिनमा छापेर पनि ल्याउँथे । त्यसका पाठक कमै भए तापनि केही न केही नयाँ काम शुरूवातले मभित्र आत्मविश्वास बढ्यो । यसले मलाई अझ अगाडि बढ्न उत्प्रेरणा दिइरह्यो । परशु प्रधान, शैलेन्द्र साकार र मेरो साहित्यिक यात्राको कदम त्यहीँबाट सुरू भएको थियो ।

समय क्रममा भोजपुर बजारस्थित श्रीराम आदर्श पुसतकालयमा परशु र म लाइब्रेरियन भएर कार्यरत रह्यौँ । विद्यालय छुट्टी भएपछि बेलुका अथवा बिहान पुस्तकालयमा उपलब्ध पुस्तकहरू परशु र मैले राम्रैसँग अध्ययन गर्ने मौका पायौं । यो अवसर हामीलाई भोजपुरका शिक्षासेवी, समाजसेवी र राजनीतिकर्मी इन्द्रप्रसाद श्रेष्ठबाट प्राप्त भएको भयो । पुस्तकालयबाट परशु र मैले मासिक दुई रूपैयाँ पचास पैसा तलब पाउँथ्यौँ । त्यसताका हामी ७-८ कक्षामा पढ्दै थियौँ । पैसा पाएको बखत परशु प्रधान, बलबहादुर सुन्दास र म सुँगुरको मासुसँगै चिउरा खाने गर्थ्यौँ । त्यो मासु बलबहादुरको घरमा पकाउन गर्थ्यौँ ।

टुँडीखेलमा बसेर कहिलेकाहीँ सीता दिदीको होटलबाट आलुचिउरा किनेर पनि खाइन्थ्यो । यसरी हामीले त्यतिबेला नै जातपातको अन्ध परम्पराको पर्खाल भत्काइ सकेका थियौँ ।

लाइब्रेरियन भएपछि परशु र मेरो मस्तिष्कमा साहित्यिक छाप गहिरो गरी बस्यो । त्यसबाट टाढा रहन हामीलाई अब गाह्रो भयो । त्यसको प्रतिफलले हामी आज यहाँसम्म पुग्न सक्यौं । त्यतिखेरको अध्ययनले कर्मठ र परिश्रमी हुन सिकायो । भोजपुरकै कवि विप्लव ढकालले "भोजपुरको साहित्यिक इतिहास" मा तत्कालीन समयको प्रमुख घटना उल्लेख गरेका छन् । त्यो आज पढ्न पाउँदा निकै खुशी लाग्यो ।

वि.सं. २०१४ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि परशु, बलबहादुर र मेरो जीवनयात्राको मोड नै फरक भयो । हामी आ–आफ्नै क्षेत्रमा लाग्यौं । मैले निजामती सेवाको तीन दशक पार गरेँ । अहिले अवकाश प्राप्त जीवन बिताइरहेको छु । तैपनि त्यखिरको अध्ययन गर्ने बानीले अद्यापि छोडेको छैन । ■

# गीत

● **रमेशजङ्ग सिजापति**



सच्चा प्रेममाहारजितखोज्नु अर्थ हुँदैन
प्रीतबेगरको जीवनयात्रा सार्थक हुँदैन

फूल काँडा दुबै हुन सक्छ यै भन्न सकिन्न
प्रेमआत्माहो जीवनको नकार्न सकिदैन

फूलै फूल काँडै काँडाको जीवन रोजाई हुँदैन
जीवनअनन्तयात्राहो कहाँ सम्मजानिन्न

सपनाविपनादुबै मीठो हुन्छ रहरले हुँदैन
प्रेमविनाको सुन्दर संसार हुनै पो सक्दैन

— भक्तपुर

# उमेर पाँचसात वर्ष



● नरेन्द्रराज पौडेल

सीपा पोखरे डुबिन्डाँडाको घमाइलो बस्तीमा थिए हाम्रा घर । पैंतीस वर्ष चड्दो उमेरमै मृत्युशैयामा पुगेका जेठा बा म जन्मिदा पुत्रवान भएँ भनेर हर्षले मुग्ध हुनुभएको थियो रे । त्यसको नौ दिनपछि त गैपनि हाल्नुभएछ । तल्लो पाटाको दुइपाखे घरमा ससाना तिन्टी छोरी लिएर जैसिनी ठूलीआमा बस्नुहुन्थ्यो । छोरा पाउने हिसावले जारी गरेर ल्याएकी जेठा बाकी काइँलीचाहिँ पत्नी हुनुहुन्थ्यो उहाँ । गहुँगोरो दन्दनाउँदो अनुहार, मोटो जिउज्यान, हृष्टपुष्ट र खाइलाग्दी देखिने ठूलीआमा कसैलाई नटेर्ने ढीठ पाराकी हुनुहुन्थ्यो । सौताहरूसँग नमिल्ने र घरखेतीको कामधन्दा पनि त्यति नगर्ने विन्दास फुक्काफाल भएकीले छुट्टै राखिदिनु भएछ ठूला बाले । कोरीबाटी गर्ने ,गाजल लगाउने ऐना हेर्ने गर्दैमा दिन बितेको पत्तै नहुने रे ।

चारपाँच वर्ष थियो होला त्यतिबेर मेरो उमेर । जाडो महिना सुरू भएपछि अदुवा, लसुन र मरमसला मिलाएर कोदाको भुंग्रेरोटी पकाउँनु हुन्थ्यो तल्लाघरे ठुलीआमा । विहान उठ्नेबित्तिकै सानुबाबु रोटी खान आऊ भन्ने शब्द कानमा परेपछि आँखा मिच्चै मेरा पाइला त्यतै बढ्दथे ।

गोलो काठलाई ठाउँठाउँमा कपेर बनाएको भऱ्याङ थियो त्यो दुइपाखे घरको । त्यस दिन पनि वल्लवल्ल भऱ्याङ चढेर मसलादार तातो रोटी खाँदै थिएँ । अचार्जकी छोरी माइली ठूली आमा त्यही ठाउँमा आइपुग्नु भएछ । मलाई देख्नै चर्को स्वरले हप्काउनु भो– "आमा सुत्केरी छन् । बहिनी हेरेर घरै बस्नु पर्दैन ? किन बरालिएर हिडेको ? "ठूलीआमाका एकएक शब्द काउसो झैं बिझाए । रिसले तोरीका फूल देखेँछु । औडाहा छुटेपछि के गरौं के भनौं लाग्दालाग्दै एकाएक लबटा कसेर गालामा मज्जैले चड्कन लगाएँ । रननन्न तातेर फतक्कै झर्लाझैं भयो मेरो कलिलो हात । विचरी ठूलीआमा गाला सुमसम्याउँदै डाँको छोडेर रून थाल्नुभो । अनि म पनि संगै रून थालेँछु । म रोएपछि हिरा वाक्ले दिदीहरू पनि रून थाले । रोटी पकाउँदै गरेकी ठूली आमाले सुँक्क सुँक्क गर्दै आएर हामी सवैलाई फकाइफुल्याइ गर्नु भएथ्यो ।

हिउँद लागेपछि माथि पोखरेका नेउपाने केटाहरू हाम्रो खरबारीतिर गाइबस्तु चराउन ल्याउँथे । उनीहरू कुप्रा मावली पर्ने भएकाले सवै केटाहरू मलाई तँ तिमी भन्न, अनि झगडा र गालीगलौज गरेर मुख छाड्न

डराउँथे । थुक्ता लात्ती लगाउँदा पाप लाग्छ भन्थे । त्यसैले म पनि लाक पाएर उनीहरूसंग जैलेसुकै साइँदुवा व्यवहार गर्दथेँ । ढोगीदिन्छु भन्दै टाउको सोझ्याएर उनीहरूका गोडा ताकेपछि पापको डरले भागाभाग हुन्थे । डण्डीबियो र गीर खेल्दा सानै कुरामा निहुँ खोज्दै कहिले झेली गर्दै दच्काउन मजा आउँथ्यो । तर चैनपुरे कान्छाको छोरो बैकुण्ठ ेभने कुनै नता नपर्ने थियो । जातले पनि उपाध्ये बाहुन अनि उमेरले संगसंगै जस्तो भए पनि मभन्दा बलियो र लविधरे खालको थियो । गोठालाहरूमाझ जमिआएको मेरो प्रभुत्वमाथि प्रश्न उठाउने उसको उद्दण्ड हर्कत मेरा लागि टाउको दुखाइ बन्दथ्यो । एकदिन सानै कुरामा निहुँ झिकेर न्यौपाने गाउँका केटाहरू उचाल्दै उसलाई लखेट्न त सफल भएँथे तर अर्को दिनदेखि माथि डिलबाट ढुङ्गा हान्न थाल्यो । तल परेका हामी उसले लगातार ढुङ्गा हानेपछि अघि बढन सकेनौँ । पराजय पीडा भोग्दै दुइचार ओटा ढुङ्गा टिपेर घर गएँ । बासंग जिम्मलको इजलासमा उजुर गर्न जाने कुरा राख्दा वास्ता गर्नु भएन । अलि नगीच घर भएकाले तिले र विसे नाउँ गरेका मुकुन्द बाका छोरा विहानै मेरो घर आइपुग्थे । वरावोटको चउरमा देउताको पूजा र कतिबेर चिमुसी डण्डीबियोजस्ता खेल खेलेर विताउँथ्यौं । भातपानीमा परेर उनीहरू बासंगै आसामतिर लागेपछि अलि दिन एक्लो भएँथेँ । भागीरामे सुनारले एक हलको मेलो बारी र दुइ पाखे घर बनाइ दिएर बसालेको जेठी छोरीको एकमात्र सन्तान फर्सिले केटो मेरो दौंतरी बन्न आइपुग्यो । उसको नाउँ नै माया गरेर फिसिल राखिदिएँथेँ मैले । आफ्नै फुपूका छोराछोरी ढुकुर ,मिट्ठू ,ठूलीकान्छी नातीबाबु सानाबाबु आएका बेला घरमै खेल्ने साथी हुन्थे । त्यतिवेर फिसिल आयो भने गोदेर पठाउन लगाउँथे दिदीहरू । खासगरी मिट्ठू दिदी यस्तो छुल्याइँ गर्न उचाल्ने गर्दथिन् । तर उनीहरू आआफ्ना घर गएपछि फेरि उही फिसिल मेरो साथी बन्थ्यो । विहानै घरमाथि चउरमा निस्किएर ऊ ऊ गरेर कौलासेपछि विचरो खुर्मुरिँदै आइहाल्थ्यो ।

घरैमाथि विशालकाय जोरलप्सी र वरका बोट ठडिएका थिए । पत्रैपत्र परेका बटवृक्षका जरामा लुकी खेलेर दिन विताउने गर्दथ्यौं । कतिपटक त फिसिलले काले सुनारकी कान्छी छोरी बेली माया पनि साथै लिएर आएथ्यो । ऊ आउँदा हाम्रो खेलको संस्कृति पनि अलि मर्यादित र अनुशासित हुने गर्दथ्यो । तर उसको घर निकै माथि गाउँमा परेकाले बाआमाको डरले पछि आउन मानिन रे ।

अर्को वर्षमै फर्सिलेको परिवार पनि खरीपाटीतिर बसाइँ सरेर गयो । छैटौं वसन्तमा टेक्दै गर्दा म फेरि एक्लो हुन पुगेँ । सबैका आँखा छलेर खोज्दै जाँदा एक दिन डेलीमा तामाका पुराना ढ्याक फेला परे । साथी जोड्ने अर्को तर्तीब निकालेँ । शिवे सुन्दरे गुम्मे गोपाले रत्ने लगायत तल्लो गाउँले केटाहरूसंग खोपी खेल्न थालियो । तर हारैहारले अलि दिनमै पैसा राखेको डेली सखाप ।

हिउँदको एक दिन कुँडारको कोइरालका बोटमा डालेघाँस काट्न चडेका बा रूखबाट चिप्लिएर भैंकटरघारीको बीचमा पर्नुभएछ । आमैले गुहार लगाएपछि गाउँलेहरूले

झाडीबाट निकालेर झ्यानाकुटी पार्दै घरसम्म ल्याए । ढाडमा बढी दख्खल परेछ । आधुनिक उपचार उपलब्ध नभएकाले गाउँघरमै पाइने विभिन्न जडिबुटी चल्दैगयो । असौको फूलको धूलो चामलको पिठोमा मिसाएर रोटी खान थालेपछि बा तङ्गिँदै जानुभो । ढाड सोझ्याउन गारो हुँदा पनि ओछयानमा अडेस लागेर मेरो अक्षरारम्भ गरिदिनु भयो र पुरानो पाटीमा धुलोमाटो हालेर सिन्काले कोर्दै साँवा अक्षर सिकाउन थाल्नुभो । अव भने दिउसो, विहान जथाभावी खेलबहाड गर्न र डुल्न जान नपाइने भो । हाकाहाकी नपाए पनि एक दुई दिन विराएर गोठालाहरूको पछिलाग्ने गर्दथेँ । ठूलोखोलातिर गएर दिनभरि बेपत्ता भएपछि बेलुकी घर फर्किन सारै डर लाग्दथ्यो । तर बाले पिटिहाल्नु हुन्नथ्यो , भुच्चुक जिण्डो भनेर गालीमात्र गर्नुहुन्थ्यो । करिव तीन महिना बा थला पर्दा मैले मोहोरिएका, काटिएका,जोडिएकासमेत सबैखाले साँवाअक्षर र दुनोट भ्याएर दुर्गासप्तशती पट्याएको थिएँ ।

एक दिन के गरौं के नगरौं लागेर मध्य दिउसो न्यौपाने काकाको घर गएको थिएँ । उनकी आमाबुढी कता गइछन् कुन्नि ! खरले छाएको एकतले घरमा काकामात्र रहेछन् । मैले पछाडि हात बाँधेर जादू देखाउँछु भन्दा उनले पत्याए । अनि सल्लाहले नै पाटको मसिनो डोरीले उनका दुबै हात पछाडि पाता फर्काएर टनटन कसिदिएँ । काका हलचल गर्न नसक्ने भएपछि उनका हैमाने गालामा लबटाले पटापट पड्काउन थालेँ । हुप्प परेका गाला पालैपालो पड्काउँदा के मजा भएको हो त लौ ! मलाई थुक्न लात्ती हान्न र जथाभावी मुख छोड्न नहुने भएकाले काका एक छिन रन्थनिए अनि विवशताका आँसु झार्न थाले । त्यसपछि भने गाला पड्काउन छोडेर शोचमग्न बनेँछु म । गर्नै नहुने ठूलो गल्ती गरेको अनुभव भयो मलाई । तत्काल घर जान आँट आएन । अनि भागेर कपास खोरियातिर दिनभर बेपत्ता भएँथेँ । काकाले मेरै बारीमा बदम खन्ने खेतालासंग गुहार लगाएर पाता कसेको डोरी फुकाइ मागेछन् । वेलुकी साँझ पर्ने बेला लुसुक्क घरभित्र पसेथेँ । त्यस दिन झण्डै बाको कुटाइ खाएको । बस यस्तै यस्तैगरी चल्दै गएथ्यो त्यतिवेरको जिन्दगी । ■



# बाल्यकालका सानासाना खुसीहरू



• जय छाङ्छा

बाल्यकाल एउटा स्वर्णिमकाल हो भनेर जोसुकैले पनि स्वीकार्न सकिन्छ । खेल्यो, हाँस्यो, खायो । कुनै रोग, भोक र शोकविहीन दिनहरू वितायो । आफूले मन परेको चीज नपाए करायो, रोयो र झगडा गर्‍यो । सम्भव भएसम्म विजेता बनेर छोड्यो । दुःख, पीडा भनेको चीजको नामोनिसाना नै हुँदैन । सारा दुनियाँ नै सुखैसुख र रमाइलोमा डुविरहेको अनुभव हुन्छ । अनि कसलाई पो मन नपर्ने हुन्छ र शैशवकाल । हो, यस्तै गतिमा वितेको थियो मेरो बाल्यकाल पनि ।

नेपालको पूर्वी भागमा रहेको पहाडी इलाकाको भोजपुर जिल्लाको बास्तिमको हाम्रो मूलघर खानी गाउँको माझमा थियो अर्थात् माझगाउँमा । तर म भने मूलघरदेखि उत्तरतिर रहेको देउराली डाँडामा माता विजुलादेवी र पिता काजीमानले आफ्नो अंशमा पाएको जग्गामा घर वनाई नयाँ संसारको रचना गर्दै सरेपछि त्यही नयाँ घरमा जन्मेको रहेछु २०१२ लाग्न ठीक चार दिन अगाडि । जेठी दिदी सीतारानी (वि.सं.२०००), जेठा दाइ नरहाङ उर्फ नरबहादुर (वि.सं.२००३), कान्छी दिदी हायरानी (वि.सं.२००६) र माइला दाइ दलहाङ उर्फ देववहादुर (वि.सं.२००९) । यिनै चार जना पछि मेरो जन्म देउराली डाँडाको घरमा भएछ । नयाँ घर वनाएर सरेको हुँदा एक प्रकार एकान्तस्थलमा थियो हाम्रो घर । आमाबुबा अर्मपर्म र आफ्नै खेतीपातीमा व्यस्त हुनुहुने भएकोले कान्छी दिदीले माइला दाइ र मलाई दिउँसो भुलाउन माझगाउँको मूलघरतिर लैजाने गर्नुहुन्थ्यो । म दिदीको ढाडमा बोकिएको हुन्थेँ भने माइला दाइलाई हातले डोर्‍याउँदै लैजाने काम गर्नुहुन्थ्यो । मूल घरमा जाने भनेपछि म निकै खुशी हुन्थेँ । किनकि फराकिलो आँगन भएको उत्तरतिर फर्किएको तीनतले विशाल घरको आँगनको दाहिनेतर्फ पुरानो र ठूलो चुवाको बोटमुनि सुकुल ओछ्याएर गुडगुडे हुक्कामा तमाखु लामो नलीको सहयताले उपरखुट्टी लगाएर तान्दै धुँवा आकाशतिर उडाउनुहुन्थ्यो हजुरबा धनबहादुर । बाल्यकालको सम्झना गर्‍यो कि झलझली सम्झना भइहाल्छ हजुरबा र मूल घरको । अनि बालक बनी हाल्छ मेरो मन पनि । आहा ! ती दिनहरू ! फेरि यो जुनीमा कहिल्यै आउने छैनन् भनेर एक्लै भावुक हुन पुग्छु म । मेरा हजुरबा र हजुरआमाका फोटाहरू छैनन् यसबेला मसँग । तर मनभरि मस्तिष्कभरि फोटैफोटाहरूले घेरिएको अनुभूति हुन्छ मलाई । तर

मबाहेकलाई अरूलाई देखाउन सक्दिनँ म । किनकि मेरा हजुरबा र हजुरआमा केवल मेरै थिए र मेरै मात्र थिए भन्ने लागिरहन्छ मलाई ।

अँ, अझै सम्झना छ मलाई । धेरैजस्तो समय मूलघरमा भान्सा समय अगाडि नै पुग्थ्यौं हामीहरू । हजुरवाको खाना खाने समय भएको रहेछ भने म पनि हजुरबासँगै खाना खान तयार हुन्थैं । हजुरबाको बस्ने काठको पिर्का करिव डेढ फिट लम्वाइ र त्यति नै चौडाइ भएको गोलाकारमाथि साधारण बुट्टावाला लगभग छ इञ्च अग्लाइको थियो । काठे पिरा । त्यो पिरा एकप्रकार वहाँको निजी थियो । त्यसको हकदार अरू थिएनन् । खानको लागि हात धोइदिनुहुन्थ्यो हजुरबाले र म कुदेर भित्र गई हजुरबाको त्यही पिरामा बस्न खोज्थैं । तर हजुरमाले त्यो पिरा होइन भन्दै अर्को सानो गोलाकार काठे पिरामा बस्न भन्नुहुन्थ्यो । वास्तवमा हजुरबाको लाडप्यारले गर्दा अलिक मात्तिएको थिएँ म ।

चुवाको हाँगामा सेतो कपडामा कुराउनी पोको पारेर झुण्ड्याएर मलाई झिकेर खाना अह्राउनुहुन्थ्यो हजुरबा । किनकि दुहुनु गाई होस् कि भैसी टुटेको थाहा भएन मलाई मूल घरमा । अनि हजुरबा आफू भने सुकुल ओछ्याएर सिह्रानीमा ढल्किएर उपर खुट्टी लगाएर तमाखु तान्नुहुन्थ्यो । म भने सकिनसकी उफ्रिन्थैं मीठो कुराउनी खान । उफ्रिदाउफ्रिदा थाकेर हजुरबाको छेवैमा निदाउँथे । म निदाएको मौकामा कुराउनी हाँगाबाट झिकी मेरो छेवैमा राखिदिनु हुन्थ्यो । यसरी हजुरबा र हजुरआमाको लाडप्यारमा मेरो वचपन वित्यो रमाइलोसँग । कुनै कारणले म रोएँ भने हजुरबाले दुइटा खुट्टाले मलाई उचालेर पथ्थैला नानी पथ्थैला भन्दै फकाउनु हुन्थ्यो । कहिलेकाहीँ नानी मापाको छ भन्दै हजुरबाको जीउ चढेर उफ्रन लगाउनुहुन्थ्यो । मेरो खुशीका लागि त्यसरी सारा शरीर सुम्पने व्यक्तित्व कहाँ मिल्छ र मलाई । कल्पनाभन्दा पनि हज्जारौं कोश टाढाको कुरा हुन्छ यसबेला मेरा लागि ।

हजुरबाको देहान्त छयासी वर्षको उमेरमा वा २०३४ सालमा मूलघरमा नभई हाम्रै वा आफ्ना जेठा छोरा काजीमानले वनाएको देउराली डाँडाको घरमा भयो । उहाँको देहान्तको समयमा म काठमाडौँको त्रिचन्द्र क्याम्पसमा स्नातक तह अध्ययनरत भएकोले हजुरबाको अन्तिम दर्शन गर्न भने पाइनँ । वहाँको देहान्तले निकै चोट पुर्‍यायो मलाई । किनकि मेरो परिवारमा निकट र आफूलाई लाडप्यार दिने उहाँ नै एक हुनुहुन्थ्यो । त्यत्तिको लाडप्यार मेरा पितामाताले समेत दिएको अनुभूति भएन मलाई । काठमाडौँबाट पछि घर गएको समयमा हजुरबाको गुडगुडे हुक्का साथमै लिएर आएँ काठमाडौँ । करिव डेढ शताव्दी उमेरको गुडगुडे हुक्काले अझै हजुरबाको सम्झना गराइरहेको छ मलाई । मेरो लाइव्रेरीसँगै टाँसिएर रहेको छ मेरो आदरणीय हजुरबाको हुक्का । हुक्का देख्दा सेतो कपडाको कुराउनी, चुवाको बूढो रूख, सुकुल र हजुरबाको उज्यालो चेहराको प्रतिबिम्ब सल्वलाइरहन्छ मेरो दिमागमा ।

मेरी मुमा अर्थात् आमा विजुलादेवी जुनसुकै कामहरू पनि तुरून्तै गरिहाल्नुपर्ने वा अहिलेको कामलाई भरे भन्न नहुने सिध्दान्तकी थिइन् । विजुलीजस्तै फट्टै वलिहाल्ने,

तुरुन्तै पुग्नुपर्ने स्थानमा पुगिहाल्नुपर्ने जस्तै भएकीले हजुरबा धनबहादुरले जेठी वुहारीको नाम नै विजुलादेवी राखी दिनु भएछ । त्यसैले मेरी माताको न्वारानको नाम जेसुकै भए पनि ससुराले राखी दिएको नामले नै चिनिने भइन् । हुन पनि पहिलो भालेको डाँको अर्थात् चार वजे विहानीतिर रौंको बोकेर पानी लिन सित्तलेको कुवामा गई गाउँ घर नव्युँझदै पित्तले गाग्रीभरि पानी भरेर डोकोमा राखी बोकेर ल्याउनुहुन्थ्यो । गाउँको घर माटोले वनेको हुँदा दिनहूँ सिकुवा र भित्रको चुलोचौको गोवरले लिपी सोमा पोतो (गोवरले लिपेको चारै कुनामा रातो माटोले लिप्ने कार्य) लगाउनु हुन्थ्यो र उज्यालो खस्नासाथ खेतवारीको काममा लाग्नुहुन्थ्यो । त्यसरी नै हिउँद महिनाको दिनचर्या वेग्लै किसिमको थियो । कपास टिपेर रूवा निकाली तान लगाएर हाम्रा लागि खाडीका कपडा वुन्नुहुन्थ्यो । पहाडी क्षेत्रमा हिउँद महिना अर्थात् पुसदेखि चैत महिनासम्म खासै खेतवारीका काम हुँदैनन् र काम नभएको बेला घरेलु खाँडीका कपडा बुन्ने काम गर्नुहुन्थ्यो । कपडा बुन्दा, ढिकी जातो गर्दा प्रायः म माताको ढाडमै हुन्थेँ । घरको सबैभन्दा सानो भएको नाताले पनि यस्ता सुविधाहरू मलाई प्राप्त हुने गर्थे । यसरी मलाई सम्झना भएसम्म आमाले बुनेको खाडीको कपडावाहेक मेरा शरीरमा अन्य बजारे लुगा परेनन् । दौरा, सुरुवाल, इस्टकोट, टोपी, कट्टु सबैसबै घरेलु खाडीका कपडा हुन्थे । तानमा बुन्दाबुन्दै कालो, सेतो र कलेजी रङ प्रयोग भएको कपडा 'यो नाना मेरा लागि भन्दै' छान्दथेँ । प्रत्येक दशैँको समयमा माथिल्लो बास्तिमको बालीघरे (वर्षभरि सिलाइ गरे वापत पैसाको सट्टामा अन्न र दशैको चाँडमा घरमा काटेका वङ्गुर आदिको भाग दिनुपर्ने) पत्थरे दर्जी आएर सिलाइ दिएपछि असाध्यै फुरूङ्ङिन्थेँ म ।

यस्तै प्रकारले देहातको बसाइ भएकोले प्रत्येक पञ्चमीको दिनमा लाग्ने च्याङ्ग्रे बजार गाउँलेहरू जान्थे र त्यही हाटवजार भर्न आमा पनि जानुहुन्थ्यो । हाट गएको समयमा आमाले रातो गोलो मिठाइ वा साना गोला मिठाइ नल्याइदिएमा मेरो कलह खप्न नसक्ने खालको हुन्थ्यो । त्यसैले पनि अरू जे कुरा किन्न विर्सिए पनि मेरा लागि र मनपर्ने कुरा किनी ल्याइदिन कहिल्यै भुल्नु हुन्थेन । एक प्रकार घरको गणेश थिएँ म । गणेशको पूजा नगरी अन्य देवदेवताको पूजा नगरेजस्तै मलाई खुशी नपारी धरै थिएन मातालाई । यसरी ममतायुक्त प्यारले लपेटेर यस दुनियाँमा ल्याउनु हुने मेरी माताले वि.सं. २०४२ को माघमा नै मलाई टुहुरो पारेर अर्कै दुनियाँमा जानुभयो । वहाँको ऋणभारबाट मुक्त हुन जुन शव्द वा कार्य गर्दा पनि मुक्त हुन सक्दिनँ । जुन कुरा अहिले पनि खट्किरहेको छ मेरो हृदयमा ।

मेरो दौतरी भनेको खउटोलको पञ्चे काइला उर्फ हावा काइला थियो । खउटोल र देउराली डाँडाको वीचमा गुरूङ खोला छ । गुरूङ खोला वारि विग्रिएका र भत्किएका बाटो सानो कुटेले खनेर वनाउने काम गर्ने गर्थे । पञ्चे काइला पारि देखिएमा लोकगीतबाट जुवारी खेल्ने गर्थ्यौं हामीहरू । हाम्रो जुवारी र दोस्ती वास्तिमको खानी गाउँभरि चर्चाको विषय थियो । त्यसैगरी माइला दाइ दलहाङ उर्फ देववहादुर र मेरो वीच खुबै झगडा भइरहन्थ्यो । सानो सानो कुरामा

खटपट भइरहने । ठेलमठेल गरिरहने बच्चाहरूको स्वाभाविक किसिमका वानी नै हुन्छन् । यस्तै किसिमले एकदिन आँगनमा कुस्ताकुस्ती हुँदा दलहाङले घचेट्दा ढुँगामा ठोक्किएर मेरो अगाडिपट्टि चोइटिएको दाँत प्रमाणका रूपमा अझै छदैछ । तर त्यसबेला कुन कारण वा कुन चीजको लागि हामी वीच झगडा भएको थियो त्यो भने सम्झना छैन मलाई ।

सानोमा माइला दाइ दलहाङले किताब देब्रे हातको काखीमा च्यापी स्कूल गएको देख्दा स्कुल जान खोज्थेँ । तर स्कूल करिब पैँतालीस मिनेट ठाडै उकालो चढेर माथिल्लो बास्तिमको गोगने वरको आसपास वा बाघखोर माथि पुग्नुपर्ने भएकोले जान सक्दैन भनी स्कुल जान दिनुभएन घरबाट । अलिअलि सम्झना छ पिता काजीमानले फुर्सदको समयमा घरको आँगनमा गुडगुडे हुक्कामा तमाखु तान्दै सिकाउनु हुन्थ्यो मलाई साउ अक्षर क, ख, ग, घ आदि ।

वि.सं.२०२१ सालमा लक्ष्मीनारायण प्राइमरी स्कुल वाघखोर वा तल्लो बास्तिम र माथिल्लो बास्तिमको माझमा रहेको जङ्गलको वीचमा सरेपछि स्कूलमा नाम लेखाइदिनु भयो । निकै फुरूङ्दिै विहानको खाना खान्थेँ म । ढिँडो होस् कि च्याँख्ला वा धानको चामलको भात । अनि स्कूल जान हतारिन्थेँ किताब च्यापेर । कपी र कलम भनेको धेरै पछि मात्र थाह ाभयो मलाई । स्कूलको होमवर्क स्कूल अगाडिको बलौटे चौरमा गर्ने गर्थ्यौँ हामीहरू । कपी हुने साथीहरू धनाढ्य हुन् भन्ने लाग्थ्यो मलाई त्यसबेला । तीन कक्षा पास गरिञ्जेल दायाँ हातका जेठी औँलाका धर्साहरू खियाउँदै होमवर्क बुझाएँ मैले स्कुलमा । अर्थात् प्रधानाध्यापक उध्दवप्रसाद भट्टराई र अंग्रेजी तथा हिसावका शिक्षक खगेन्द्रप्रसाद घिमिरेलाई । मलाई प्रारम्भिक शिक्षा दान गर्ने दुवै पितामह शिक्षकहरू यस दुनियाँमा हुनुहुन्न मेरो यो बाल्यकालीन संस्मरण तयार गर्दा । उहाँहरूलाई सादरपूर्वक सम्झना गरिरहेको छु यसबेला ।

विदाको समय होस् कि कुनै वेला घरायसी काम गर्न असाध्दै अल्छी थिएँ म । घाँस काटेर ल्याउन अह्राए पनि अलिकति घाँस ल्याएर कपी वा किताव लिएर बसिहाल्थेँ म । विभिन्न किसिमका चित्र वनाउन थाल्थेँ । घरको काम गर्नु भनेपछि पढ्न वा लेख्न सुरू गरी हाल्थेँ म । आमा बुबाले कराए पनि पढ्न चाहने छोरो भनेर छोडी दिनुहुन्थ्यो मलाई । घरका अन्य परिवारले ठग नंवर एक भनेर भन्ने गर्थे । तर जसले जे भने पनि कपी र कितावको अनन्य साथी थिएँ म । त्यस्तै प्रकारले गाउँमा कुकुरको बच्चा देख्यो कि बोकेर ल्याइहाल्थेँ म । अनि कुकुरको बच्चालाईसँगै खाना ख्वाउथेँ र सँगै सुताउथेँ । एक प्रकार घरका परिवार आजीत थिए मसँग । अक्षरारम्भमा सिकेको क बाट प्रभावित भएर नै होला कपी, किताव र कुकुरको निकटको साथी भएँजस्तै लाग्थ्यो मलाई ।

स्कुलमा पनि विचित्रको कार्य हुने गर्दथ्यो त्यसबेला । परीक्षाको समयमा लेख्ने समय पुगेन भन्दा कुनै एक पेपरको उत्तर दिने समय दुईदिनसम्म मिल्ने गर्दथ्यो । त्यसको राम्रो उपभोग छापाजस्तै अक्षर तर ढिलो गरी लेख्ने रसमान राई (हाल कोइलाखत मेघालय) ले गर्न पाउनु भएको छ । स्कुल एरिया सल्लाका रूखहरूले ढाकिएकोले चैत बैशाख महिनातिर सिम्टा खोजेर खाने

गर्नाले कतिपय क्लासहरू छुटाउने गर्थ्यौं साथीसँगीसँग । सल्लाको पात वा सल्ली भिरमा चिप्लिएर झण्डै जीवन नै सकिएको थियो बाघखोरमा । धन्न, सानो पोथ्राले जीवन जोगाएको क्षण पनि कहिल्यै भुल्न सक्दिनँ ।

स्कुल विदाका समयमा गाईगोरू जङ्गलमा चराउन लैजान्थ्यौँ साथीभाइ मिलेर । वर्षा यामको समयमा कहिले पोखरीटारमुनिको जङ्गल बाघको दुलो, हात्तीको चिहानतिर, कहिले सित्तले मुनितिर, कहिले बारहाते दह र ढोङढोङतिर । हिउँदको समयमा असुवातिर लैजाने गर्थ्यौं । गोठाला गएको समयमा डण्डीवियो, कपर्दी, गट्टी र बल आदि खेल्थ्यौँ । सित्तले मुनितिर गोठालो जाँदा मसिनी दिदी र मैले बल खेल्दा मसिनी दिदीको हँसियाले लागेर झण्डै मेरो दाहिने हातको नसा नै छिनिएको थियो । सायद मसिनी दिदीले त्यो घट्ना २०२३ वा २०२४ तिरको हो विर्सि पनि सकिन् होलिन् । तर त्यसबेलाको खत अझैसम्म मेरो दाहिने नाडीमा रहेकोले विर्सन सकेको छुइनँ मैले । बल खेल भनेको नेपालको अन्यत्रतिर छ कि छैन ? तर हाम्रो गाउँमा भने निकै प्रचलित थियो । कुनै रूख वा हाँगालाई पालैपालो हँसियाले चोट लगाउने र काट्दै जाने । जसको पालामा रूख वा हाँगा छिनिन्छ उसैले जीतेको मानिन्छ बल । यसमा सानातिना वाजी राख्ने पनि गरिन्छ । त्यसैले छिन्न निकै छ जस्तो लागेमा ट्वाक्कट्वाक्क मात्र हँसियाले हान्ने र छिन्ने बेलामा जोडबल लगाएर छिनाउने प्रयास गरिने खेललाई बल खेल भनेर खेल्थ्यौँ हामीहरू । यस्तै छिन्नै लाग्दाको समयमा मसिनी दिदीले मेरा काट्ने पालोमा चोरी दाउले हानेर छिनाउन खोज्दा मेरो हातमा हँसियाले हान्नुभएको थियो ।

यसरी बाल्यकाल बास्तिममा वितेपछि मिडिल स्कुल वा सात कक्षासम्म पढाइ हुने स्कुल गाउँ छेउमा नभए पछि पढाइमा विश्राम लाग्न खोज्यो । तर जेठा दाइ झापाको तात्कालीन तोपगाछी गाउँ पञ्चायतमा मुखियाको पदमा कार्यरत रहनु भएको र मामा पदमवहादुर राई गाउँ पञ्चायतको कार्यवाहक प्रधानपञ्च भई कार्यरत रहनु भएकोले बास्तिममा पाँच कक्षा पास गरेपछि झापामा पढ्न जाने इच्छा गरेँ मैले । तर आमा बुबाले सजिलै गाउँ छोडेर जान नदिने हुनुभयो । गाउँबाट झापा ओहरदोहर गर्नेहरूलाई सुटुक्कै दाइ नरबहादुरलाई आफ्नो दुखेसो पोख्दै कवितामा चिठी लेखी पठाएँ । जसको व्यहोरा यस्तो थियो :

'दाइ त भने झापामा मुखिया
हामीभने गाउँका दुखिया
बाघखोरमा पाँच कक्षा सकियो
अब के गर्ने अलमलमा परियो ।
अर्को स्कूल धाउँ भने निकै नै टाढा छ
नधाउँ भने जीवन नै बर्बाद छ ।'

यसरी चिठी लेखेर पठाएपछि मामा र दाजुले सल्लाह गरी झापा बोलाउनु भयो र मेरो हाइस्कुलको द्वार खुल्यो । यसरी चौध वर्षको उमेर महेन्द्र रत्न माद्यमिक विद्यालयमा कक्षा ६ मा भर्ना भई आफ्नो अध्ययनलाई सुचारू राख्न सफल भएँ ।

पहाडी क्षेत्र भोजपुरबाट वि.स. २०२६ सालमा झापा जान दुई दिने पैदल यात्रापछि चतरामा पुगेर जीप देख्न, छुन र चढ्न पाएँ । एकदमै अनौठो र मज्जा लाग्यो जीप यात्रा । अनि धरान

वजारमा आइपुग्दा ठूलाठूला ट्रकहरू वरिपरिका जमिनै थर्काउने गरी गुड्दा डरले भागेँ म । सहयात्रीहरूले त्यसरी भाग्यो भने किच्याउँछ भने पछि डराए पनि दौडिने काम गरिनँ । साँच्चै नै भन्ने हो भने धरान बजार साह्रै अनौठो र अचम्मको स्थानजस्तै लाग्यो मलाई । धरानको चतरा लाइनको आफन्त वा कवि प्रकाश छाङ्छाको डेरामा एक रात बसी भोलिपल्ट बडेमाको वा घरजस्तै लाग्ने बसमा चढेर केर्खा बजारमा पुगी पैदल एक घण्टाजति हिँडेर धरमपुर पुगेको थिएँ ।

त्यसपछि झापा तोपगाछीको धरमपुरमा बसाइ भयो । धरमपुरबाट महेन्द्र रत्न मा.वि. रहेका स्थानसम्म पुग्न पैतीस मिनेट जति पैदल हिड्नु पर्थ्यो मैले । धरमपुरबाट पैदल हिड्दै कमल खोला तरेर क्याम्पा बजार पुगिन्थ्यो । हिउँदमा ठीकै हुन्थ्यो । तर वर्षायाममा भने निकै सकसपूर्वक तर्ने गरिन्थ्यो कमल खोला । क्याम्पा बजारलाई पार गरेर ढ्याङ्गी खोला तरेर समयगढ स्थित महेन्द्र रत्न स्कुलमा जानुपर्थ्यो मलाई । पहाडको स्कुलमा पढेर तराई झरेको भए पनि मेरो पढाइ अव्वल नै रहेको थियो ।

माध्यमिक तहको विद्यार्थी भएको समयमा स्कुलमा खेलकूद र साहित्यिक कार्यक्रममा बराबर सहभागी हुन्थेँ म । कक्षामा कहिले प्रथम त कहिले द्वितीय हुने गरेको थिएँ । चन्द्रप्रसाद नेउपाने, हरिप्रसाद उप्रेती (हाल वरिष्ठ वकिल), नवराज खरेल आदि निकटका साथी र कक्षाका प्रतिद्वन्दी थिए मेरा । यही स्कुलमा अध्ययनरत भएको समयमा रेडियो नेपालले 'नयाँ शिक्षा र नेपाल' बारे अधिराज्यव्यापी हाइस्कुल स्तरीय निबन्ध प्रतियोगिताको आयोजना गरेको थियो । उक्त प्रतियोगिताका लागि एउटा निबन्ध तयार पारी हुलाक मार्फत पठाएको थिएँ रेडियो नेपालमा । उक्त मेरो निवन्धले कुनै स्थान प्राप्त गरेछ । रेडियो नेपालबाट निवन्ध प्रसारित पनि भएछ । तर पुरस्कृत भएको बारे न त रेडियो नेपालले नै औपचारिकरूपमा मलाई जानकारी दियो न त पुरस्कार रकम र प्रमाणपत्र नै । तर लंका लाइन चितवन निवासी तत्कालीन वीरेन्द्र क्याम्पसका विद्यार्थी सत्यमोहन लामाले हवाई पत्रबाट बधाई दिदै मेरो निबन्ध लेखन र शैलीबाट निकै प्रभावित भएको कुरा उल्लेख गरी पत्र पठाउनु भएपछि मात्र निवन्ध प्रतियोगितामा पुरस्कृत भएको रहेँछु भन्ने थाहा पाएँ मैले । अहिलेसम्म आधिकारिकरूपमा कहीँकतैबाट त्यो निवन्ध वारेमा पाउनु पर्ने जानकारी पाएको छुइनँ । कतिपटक रेडियो नेपाल पुगेर त्यस बारे कुनै अभिलेख छ कि भनी खोज्न लगाएँ । तर कुनै अत्तोपत्तो छैन । त्यसरी मेरो लेखनको प्रथम सफलताको पहिलोपटक जानकारी दिनुहुने सत्यमोहनजीको बारेमा अधिकांश चिनेजानेका चितवनका साथीभाइसँग सोधखोज गर्ने काम गर्दै आइरहेको छु । तर कोही कसैले पनि आजको दिनसम्म भेट्टाइ दिने काम गरेका छैनन् । एकपटक कोही कसैबाट सुनेको थिएँ सत्यमोहनजी टिम्वर कर्पोरेसनमा काम गर्नु हुन्छ भनेर । जे होस् मेरो बाल्यकाल संस्मरण गर्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा मसँग जोडिएका मेरा शुभेच्छुकहरूलाई सम्झना गर्दै रहन चाहन्छु । र तिनै शैशवकालीन सानासाना खुसीहरूले मेरा जीवनलाई मार्गदर्शनको काम गरिरहेको अनुभूति गरिरहेको छु म आजसम्म ।

*– पौवादुम्मा, भोजपुर*

# आइसल्याण्डको यात्रा



• माधव काफ्ले

आइसल्याण्डको सर्पलाई संसारको सबभन्दा दुर्लभ वस्तु मानिन्छ ।

मैले सुनेका मात्र हुँ । देखेको होइन ।

आइसल्याण्ड भन्ने भूगोल म जन्मेको भूगोल भन्दा धेरै टाढा पर्छ । उडेर जान सामर्थ्य छैन । गुडेर जान रूट थाहा छैन । कासी भनेर हिँड्दा कुती पुगियो भने हिँड्नु र नहिँड्नुको कुनै अर्थ पनि हुँदैन । जान्छु भनेर चिताएर मात्र पनि कहाा सुख पाइनछ र ? भिसा, पासपोर्टले छेकारो काटेर नाका थुन्नथाल्छ । सामल, खाजा बोकेर हिँडे नै भने पनि महिनौं महिना लाग्छ त्यहाँ पुग्न । त्यो भूगोल मेरो हैसियत, गच्छे र पहुँच भन्दा धेरै परको कुरा हो । क्षमता वृद्धि गर्दै गएँ भने पनि यो जन्ममा शायद त्यहाँ पुग्न सम्भव हुने पनि छैन । त्यहाँ पुग्ने सपना पनि देखेको छैन । पुनर्जन्ममा विश्वास राख्ने काँटको मान्छे पनि होइन म ।

मात्र अनुमान गर्छु सर्प नहुने भूगोल संसारमा कतै होइन होला । मान्छेको पदचाप जुनजुन भूगोलमाथि स्पर्श गर्दै अगाडि बढेको छ त्यहाँत्यहाँ मान्छेको गन्ध पछ्याउँदै सर्प पुगेको हुनुपर्छ ।

सर्पको खारले म निकै लामो समयदेखि आक्रान्त हुँदै आएको छु । आडोलित हुँदै आएको छु । अधमरो हुँदै आएको छु । यसको तामसी हरक कतैबाट आउनासाथ जहिले पनि मेरो मन अमिलो, दृष्टि धमिलो र मानसिकता हुँड्यालो हुनेगर्दछ ।

म पहाढमा हुर्के, बढेको मानिस हुँ । तदुपरान्त निकै लामो समयदेखि तराई आश्रित, तराई केन्द्रित हुँदै आएको वनसखण्डी मनुष्य । सर्प पहाडमा नहुने हैन तर त्यसको तुलनामा तराईमा छ्यासछ्यास्ती पाइन्छन् । छ्यासछ्यास्ती भेटिन्छन् । चाहेर पनि नचाहेर पनि ।

गर्मी लागेपछि त घाटघाटमा, पाइलापाइलामा भेटिने गर्दछन् ।

सिरानमा पनि, ओछ्यानमा पनि, चुल्होमा पनि, चौकामा पनि, भण्डारमा पनि, भकारामा पनि, गोठमा पनि, खर्कमा पनि, खेतमा पनि, बाटामा पनि । सुत्दा पनि, उठ्ता पनि, सम्झँदा पनि, बिर्सन खोज्दा पनि अगाडि धुन्धुकारीको लिङ्गोजस्ते बनेर ठिङ्ग उभिन आइपुग्छन् र आँखा जुध्नासाथ सातजन्म अगाडिदेखिको रिस पोख्छु भनेझैंगरी यामानको फणा उठाउँदै झम्टा मार्न खोजिहाल्छन् ।

पहाडतिर वर्षादमा कतै कतै हरेउ जातको सर्प देखिन्थ्यो । विषालु भए पनि त्यसले डसे अङ्गभङ्ग मात्र हुने मरी हाल्ने भने हतपत्त होइन्नथ्यो । अरू प्रजातिका सर्पहरू पनि यदा कदा कतै भेटिन्थे हुँदैन थे भन्ने होइन । भनौं देखिन्थे तर त्यति घातक र विषालु हुँदैनथे । विषालु

नभएकै कारणले गर्दा पनि आत्तिए पनि अताल्लिइ हाल्दैन थेँ । तर्सिन पुगे पनि सातो जाँदैनथ्यो । त्यसको छोइछिटोबाट एकछिन पन्छिएर हिँड्नासाथ सबै खाले आशङ्काका षडगाष्ट मानसिकताबाट पातलिँदै जान्थ्यो ।

यो सामान्य ज्ञानको बुइ चढेर बाल वय बिताएँ । तर जव तराईतिर ओरालो लागें अनि सबै विषय, प्रसङ्गहरू ओरालामै रूपान्तरित हुँदै गए । अर्थात सर्प त्रसित हुँदै गए । सर्प दंशित हुँदै गए । सर्प प्रभावित हुँदै गए । जतिसुकै इमानदार हुँदै पसिना चुहाएर मझेरी भिजाउन खोजे पनि सामुन्नेमा सर्प देख्नासाथ ती ढुसी मात्र पर्थे, सुक्थे गल्थे र कुनै अडिने आधार नपाइ फुङ्ग हुँदै उड्नपुग्थे ।

आरोहित भएर न्यानो पहार कहिल्यै दिन सकेनन् ।

सर्प पनि एकथरीका मात्रै हुन र ?

मेरीबास्सै ! कति प्रकारका हुन्थे । गनेर, भनेर साध्यै नहुने खालका ।

विभिन्न रङ र प्रजातिका ।

कुनै अरिमोठे । कुनै काला । कुनै रङ्गी, चङ्गी ।

सबै प्रचण्ड बिषधारी ।

डस्ता मात्रै होइन फणा उठाएर लामो सास फेक्नासाथ ठहरै होइन्छ कि भनेझैं लाग्ने खालका ।

सामुन्ने देखिनासाथ मुटु त्रासले थरररं काम्न थाल्थ्यो ।

अनि सुकेनासले सिथिल हुँदै जान थालेको दीर्घरोगी झैं हुँदै त्रासमा लट्पटिएर घिस्रन थाल्थें ।

दुई खोला बीचको उजाड बगरमा थियो वास । त्यहाँ देखिने भनेको चारैतिर अनायास फैलँदै जानथालेको काँसघारी र काँसघारीले पनि अतिक्रमण गर्न नसकेको निस्तो बगर मात्र थियो । अनि त्यसलाई आफ्नो चौडण्डी सम्झँदै माडी मैदान गर्दै आएका सरीसृप प्रजातिका विभिन्न खाले परजीवीहरू ।

बाह्रै महिना बाह्रै काल नझम्टिन खोजेको कुनै प्रहर हुँदैनथ्यो । कुनै दिन हुँदैनथ्यो । गौंडा, गौंडामा घात लगाएर बसिरहेका हुन्थे ।

कहिले छानाबाट पस्थे । टाटीको त भित्तो थियो । त्यसलाई पनि च्यातेर पस्थे । भित्तो अलि बलियो लागे पेटी मुनिबाट सुरूङ खनेर पनि पस्थे र आफ्नो सामर्थ्यले भ्याए जति बबण्डर मच्चाएर फुमन्तर हुन पुग्थे ।

अलिकति खुसी संगालेर, अलिकति रहर उरालेर, अलिकति इच्छा तन्क्याएर आँखा उघार्न खोज्थें अनि कतै न कतैबाट एउटा भष्मासुर एउटा दुलोबाट सातो उड्ने गरी एक्कासि फुत्त अगाडि निस्कन्थ्यो र विना कुनै कसुर फणा उठाएर झम्टा मार्न खोजिहाल्थ्यो ।

बस्ती पातलो थियो । सबै विपन्न नै विपन्न मानिस थिए । जङ्गल नजिकै थियो । बनबिुतो कतै गर्न नपाए पनि दुईचार भारी दाउरा बेचेर पनि दुईमुठी सास चेप्तै परान धान्न सजिलै पाइन्थ्यो कि भन्ने आसाको कुटुरो चेपेर जिजीविषालाई अलि तङ्ग्र्याउने अभीप्सा बोकी आश्रय लिन पुगेका निरूपाय प्राणी । कुनै विकल्प कतै भएको भए शायद यति ठूलो जोखिम उठाएर बस्ने नै थिएनन् । रहरले त कुनै पनि सद्दे मान्छे यस्तो खतरासंग अविश्रान्त सिंगौरी खेल्न त पक्कै रूचाउने थिएन होला ।

पहिले पहिले त दुई खालका सर्प हुन्थे । भेटिन्थे ।

सम्पन्न सर्पहरू र विपन्न सर्पहरूको विगविगी थियो ।

सम्पन्न प्रजातिका जति अजिङ्गर जस्तै अरमठ्ठ परेर हिँड्थे । उनीहरूको सिकार पनि सम्पन्ननै हुँदै आएका थिए ।

विपन्नहरू सम्पन्नलाई एक्कासि ताक्न सक्तैन थे । शायद उनीहरूको सामर्थ्य त्यति हुँदैनथ्यो होला । अनि आफ्ना आततायी सोच विपन्नलाई नै चिथरेर क्षुधातृप्त गर्न पुग्थे ।

पछि पछि शहरीकरण बढ्दै गएपछि बाहिरका सर्पहरू पनि शहरमा ओइरिन थाले । गाउँका घरको तुलनामा शहरका घर अलि मजबुत र पक्की हुनाले दिनदहाडै हाक्काहाकी छिर्न त्यहाँ सम्भव हुँदैनथ्यो । कसैले नदेखे त राम्रै भयो देखे राम धुलाई निश्चित हुन्थ्यो ।

शहरको आवादिसँगै असन्तोष र गुनासो पनि बढेदै गइरहेको थियो । मानिसहरू सामान्य भन्दा पनि सामान्य कुरामा विद्रोहको विगुल फुकेर मुक्का बाल्दै सडकमा अवरोधको तघारो तेर्स्याएर बस्न थालेपछि यिनीहरू पनि त्यसैको आलो पहार तापेर उग्राउन थाले । त्यसैले पनि जिब्रो लप्लपाएर नररक्त चाट्न नपाएको घडीमा भने वस्ती भित्र छिरेर उधुम मच्चाउन थाल्थे ।

विष हुनेहरू खतरनाक हुने हुनाले लाप्पा खेलेर जित्न त सकिन्नथ्यो; तीबाट तर्केरै बस्थ्यौं ।

तर्केर बसे पनि उनीहरूले झम्टा मार्न भने छोडेका थिएनन् ।

राजनैतिक आनदोलनपछि भने । विषहीन लाग्ने छुचुन्द्राहरू पनि बिषधारी भएर फणा उठाउन थाले ।

हरहरा भनेर ढोडिया भनेर वास्ता नगऱ्यो आँखा झिम्क्याउन नपाउँदै झमटामारी हाल्न थाल्थे । बिष लाग्दैन होला भन्यो ! किन हुन्थ्यो ! टुङ्नासाथ शरीर बटारिएर ऐंठन हुनथाल्थ्यो । मुख, तालु, ओठ खरपट्ट पर्दै जान्थ्यो । रगत कसैले अनाहक निचरेर चुस्न थालेजस्तै लाग्न थाल्थ्यो ।

यिनीहरूको पैशाचिक अभिशापबाट कुनै मानिस जोगिन सकेका थिएनन् ।

अहिले पनि छैनन् ।

राजनैतिक परिवर्तनसँगै विभिन्न गुट, उपगुटमा विभाजित हुन पुगेपछि भने निकै लामो समयसम्म गोरो छालाको उछितो काढेर हिँड्न थाले ।

सँधैको डर, त्रास र भयले आक्रान्त हुँदै जान थालेपछि गोरा जति आआफ्ना पोका पन्तुरा बोकेर उत्तराभिमुख हुँदै बाटो लागे । विना अपराध सँधै डरले निसासिइ निसासिइ बाँच्नु भन्दा दुईमुठी सास जोगाउन सके यसो कतै आड लागेर पनि बाँकी आयु सहजै कटाउन सकिन्थ्यो होला भन्दै विचलनको त्रासद पीडामा लपेटिएर नयाँ बासको खोजीमा चुरेमाथि सलबलाउन पुगे । वस्ती झन् पातलिँदै जान थाल्यो ।

जनसङ्ख्या घट्तै गए पनि भोक र तिर्सना घट्ने होइन क्यारे !

गोरा नभए के भो त ? आखिर कालो पनि मानिस नै हो क्यारे !

अनि एक्कासि रूप, प्रवृति, चरित्र परिवर्तन गरी एकबित्ते कटुवा खोकिलामा घुसारेर चन्दा, फिरौती र अपहरणको पासो थापेर निर्दोष सजातीय बन्धुहरूलाई नै निचर्न थाले ।

सर्पहरूसँग लड्नु, भिड्नु, प्रतिरोध गर्नु र उनीहरूको समुदायलाई मार्नु अघोषित प्रतिबन्ध थियो । सर्पहरूलाई संरक्षण गरी मार्ग निर्देशन गर्नेहरूको जमात ठूलो र शक्तिशाली थियो । उनीहरूको पार्श्वछायामा उभिएर उनीहरूलाई निरन्तर उर्जा दिदै आएका जमातहरू चानचुने खालका थिएनन् ।

सत्तालाई क्षण भरमै चित र पट पार्न सक्ने तामसी शक्ति उनीहरूसँग मनग्गे थियो । राज सिंहाशनको लगाममलाई हातमा बेरेर हिँडेका हुनाले पनि उनीहरूका अनुयायहिरूलाई बिच्क्याउन कोही चाहिरहेका थिएनन् ।

उनीहरू दिनानुदिन पावरफूल बन्दै गइरहेका थिए । उनीहरूको पहुँच राजसिंहाशनसम्म थियो । कुनै सर्प कुनै कारण बस् कतै अभरमा परे, घाइते भए प्रतिकारको लागि सिधै सिंहदरवारका भाटो टिपेर प्रतिकार गर्न ओइरिइ हाल्थे । र प्रतिरोधीहरूको समुल वंश विस्तार गर्ने उद्योगमा दत्तचित्त भएर तत्काले लाग्न थालिहाल्थे ।

सामान्य नागरिकहरूको कुनै स्थिर समूह थिएन । कुनै स्थापित गुट थिएन । कुनै शक्तिशाली सहयोगी थिएनन् । राज्य बिरूद्ध वगावत गर्ने सामर्थ्य सामान्य मान्छेमा नभएपछि अरूले जतिसुकै अत्याचार गरे पनि लाचार भएर सहँदै आएका थिए ।

सर्पहरू डेग चलेका थिएनन् । उनीहरू एकपछि अर्को साङ्घातिक आक्रमण गर्दै आफ्नो अटोमन साम्राज्यको सीमा विस्तार गर्दै गइरहेका थिए ।

लँगौटीको धरोजत्रो तराईको भूभाग साँघुरो र सेप्जिलो लाग्न थालेपछि अहिले एकहुल सर्पहरू महाभारत ताकेर आफ्ना खाँडा, खुर्पा उध्याउँदै हिँडिरहेका छन् । उनीहरूको यात्रा कहाँसम्मको हो र कति निर्दोष नररूधिर पिएर अघाउने हुन् कसैले अनुमान लगाउन नसके पनि उनीहरू गन्तव्यरत छन् । उनीहरू नरघाती आचरणलाई सत्ता परिवर्तनको असली आधार मान्दै गए उनीहरू कहाँ पुगेर अडिन्छन् यसै भन्न नसके पनि यति चाहिँ निर्धक्क भन्न सकिन्छ नेपालीचाहिँ आइसल्याण्ड नै पुग्नेछन् । र नेपालीहरूको यात्राको अरिनतम मुकाम भने आइसल्याण्डमा नैगएर टुङ्गिने छ ।

*– चपुर, रौतहट*

# गीत

■ **विवश वस्ती**



घर झर्ने ओरालीको बाटै फेरिए छ
हाट भर्न जानेहरूको हाटै फेरिए छ
फेरिए छ नि हजुर, धेरै फेरिए छ,
मेरा ती गाम्लेहरूको छाँटै फेरिए छ

फेरिए छन् चौतारी र गाउँको पधँरी नै
थपिएछन् नयाँ र नौला सँध्यारी नै
अँध्यारा ती मुहारको ठाँटै फेरिए छ
फेरिए छ नि हजुर, धेरै फेरिए छ
हाट भर्न जानेहरूको हाटै फेरिए छ

फेरिए छन् पीपलुको पातै अनि डाली
कहाँ खोज्ने मारूनी त, कहाँ खोज्ने ख्याली
पक्कै पनि हैन होला माटै फेरिए छ
फेरिए छ नि हजुर धेरै फेरिए छ
हाट भर्न जानेहरूको हाटै फेरिए छ

– सिन्धुली

# गाउँको मान्छे



● छायादत्त न्यौपाने 'बगर'

वनको चरी वनमै रमाउँछ । गाउँको मान्छे गाउँमै रमाउँछ । गाउँ पुग्न यातायात सुविधा कम छ । गाउँमा ठुला महल कम छन् । गाउँमा अपरिचित मान्छे कम छन् । गाउँ बेग्लै रमाइलो छ । सहरिया धुवाँ, धुलो, धक्का-मुक्की कम छ । गाउँमा उकाली-ओराली छ, खेतबारीमा पसिना पोख्न पाइन्छ । गाउँका मान्छे, मान्छे जस्तै छन् । गाउँ खाएर काम गर्नेहरूको भीड होइन । गाउँ काम गरेर खानेहरूको कर्मभूमि, जन्मभूमि अनि प्रियभूमि हो । पाखाहरू हरियालीयुक्त छन् । त्यसैले मलाई गाउँ मनपर्छ । म गाउँमा रमाउँछु । गाउँको परिवेश सहज लाग्छ । गाउँको अर्गानिक हावापानीमा खेल्न मन लाग्छ ।

म गाउँप्रेमी तर सहरबासी ! कुरा गरेजस्तो व्यवहार गर्न नसकिरहेको मान्छे । मलाई नयाँ जीवनशैलीमा सुविधा खोज्ने रहर छ । सहरको झिलिमिलीले तान्छ, तानिरहन्छ । यहीँको छलछामले झुक्याउँछ, झुक्किइरहन्छु । म पुनःविश्वास गर्छु, गरिरहन्छु । सहरको छिटो-छरितो खाजाघरले जिस्क्याउँछ, जिस्किरहन्छु, जिब्रो रसाइरहन्छ । म फरक-फरक स्वादका परिकार चपाउने सुरले त्यतैतिर लम्कन्छु, लम्किरहन्छु ।

गाउँ पशुपन्छीहरूको चरन हो । त्यहाँ निर्बाध चराहरू उड्छन्, गुँड बनाउँछन् । स्वच्छन्द विचरण गर्न पाउँदाको चिरबिरले मनलाई आनन्द दिन्छ । मस्तिष्क जिज्ञासा थप्छ । म अरू चराहरूको खेल हेर्न लालायित हुन्छु । मान्छेको घाँसपानीका लागि नियमित निस्कने सभ्य शैली र निरन्तर प्रयत्नले कर्मप्रिय जीवनको नमुना पेस गरिरहन्छ । मिठो खाने अस्वस्थ रहने सहरिया साख गाउँमा भेट्न मुस्किल पर्छ । सुकिलो मुकिलो बनेर बाह्य आवरणलाई महत्त्व दिने प्रवृत्तिको अभाव भेटिन्छ गाउँमा । मन डुलाएर आँखाको सहायता लिने हो भने गाउँमा आत्मीय भाव फुलेफत्रेको पाइन्छ ।

गाउँ ठुला गाडीहरू गुडाउँदैन । यहाँ त कुटो, कोदालो, खुइतोसँग डोका, नाम्लो, हँसिया खेल्छन् । थुन्से र खुर्पेटाहरूको भीड लाग्छ । हलो, जुवा, बसिला, बन्चराहरू जुट्छन् कर्ममा । घाँसे गीत, बेठी नाचसँग खैंजडी र मादल बज्छन् । गट्टा, डण्डीबियो, छेलो, पाङ्ग्रो, छाइँछुत्ती, छोइडुम दौडिरहेका हुन्छन् । यहाँ हलगोरूबाट रोपाइँको चहलपहल र दर्येराहरूको राइँदलो चल्छ । मान्छेहरूको आ-आफ्नै रमझम हुन्छ । चाडपर्वको सरल

स्वभाविक उपस्थिति रहन्छ । आपस्तमा आत्मीय साइनोले ढुकढुकी गाइरहन्छ । केटाकेटी बुढापका युवा सबैको सक्रिय उपस्थितिमा मगमगाउँछन् पर्वहरू, परेवाहरूले सुरक्षित महसुस गर्न पाउँछन् ।

गाउँलेहरू मौसम चिनेर खेतीबालीमा जुटिरहन्छन् । साथीहरूको विश्वासमा बालुवा पसेको हुन्न । कसले कति बढी ठग्ने भनेर होडबाजी चल्दैन । धेरै मान्छेहरू अर्मपर्म गरेर जीवनलाई सुन्दर बनाउने प्रयत्न गरिरहेका देखिन्छन् । केटाकेटी गाईवस्तु चराउँछन्, बुढाबुढी घरको रेखदेख गर्छन् । बलिया बाङ्गाले खेतबारी ओधार्छन् । आफ्नो उत्पादनमा गर्व गर्ने संस्कारले महत्त्व पाइरहन्छ । आश्रित हुने सोच भेटिँदैन । मान्छेहरू कर्ममा विश्वास गर्छन् । त्यहाँ वकिल र पुलिस बेरोजगार रहन्छन् । गाउँ बालकहरूको निश्छल सक्रियता मुस्कुराउन मिल्ने परिवेश भएको स्वच्छ भूगोल हो । यहाँ वनबुट्टा खोला झरनाको क्रीडा चलिरहन्छ । गाउँमा अरूलाई गुम्राहमा राखेर आफू मोटाउने रहर कम पाइन्छ ।

हो, छट्टूहरू खुम्चिएर बस्दैनन् । उनीहरू परपर भाग्छन् । फरक विधिबाट आफूलाई सम्पन्न देखाउने होड राखेर दौड जित्न खोज्छन् । उनीहरू कुरा बुझ्छन् अरूलाई नझुक्याई आफू सम्पन्न बनिँदैन तर यो सत्य होइन, मानव धर्म छाडेर स्वार्थी कर्ममा तल्लीन हुने प्रवृत्ति आफैमा दानवीय चरित्र निर्माणको जग हुन सक्छ । आपसी सरसहयोगलाई महत्त्व नदिने चलनले असल व्यक्ति, सुखी समाज र सभ्य व्यवहार बताउँदैन । मनमा मयल राखेर व्यवहारमा आत्मीय हुने सिको मान्छेको परिचय होइन । धेरै मान्छेलाई धोका हुने गरी केहीले पोको पार्ने र पोकेले संरक्षण पाउने काम गाउँले गर्दैन । निजी स्वार्थमा मलजल गरेर सामाजिक उन्नतिको छेकथुन पनि गर्दैन गाउँ । गाउँ त साँच्चै मान्छे बस्ने पवित्र भूमि हो । अनुहारले मान्छे, व्यवहारले बेथितिको वाहन, गाउँले रूचाउँदैन । बरू गाउँ त यस्तो चारित्रिक फोहोर बढारेर पर उछिट्ट्याउन बल गर्छ, त्यसैले त गाउँ मेरो मन हर्न सफल छ ।

अँ, गाउँमा शिक्षा, स्वास्थ्यजस्ता आधारभूत सुविधा कम छन् । यी सरकारी गतिविधि जनप्रतिनिधिले अघि बढाउनुपर्ने हो । यस्तै गतिविधि बढाउने विवेकी जनको स्वागतका लागि आतुर छ गाउँ । गाउँ त आदर्श मान्छे खुसी हुन सक्ने, रमाउन पाउने, सुरक्षित चलखेल गर्न मिल्ने सहज भूमि हो । यहाँ वर्षौंदेखि अविचल उभिएका सहृदयी थुम्काहरू भत्केका छैनन् । सहज जीवनका आधारभूत सुविधाभन्दा बढी लोभ गाउँ गर्दैन । गाउँको सम्पन्नता भनेकै आपसी अर्मपर्म, सरसापाट ऐँचोपैँचोबाट व्यवहारमा आइपर्ने सबै खाले समस्याको समाधान हुनु हो । यहाँ त ढुङ्गाको भर माटो माटाको भर ढुङ्गा व्यवहृत छ । देखासिकी गरेर आफै थिचिने चलन गाउँमा देखिँदैन । नयाँ पुस्ता अग्रज पुस्तासँग जोडिन जान्दछ । कर्म गरेर खाने हो, ठगेर होइन भन्ने साख जतन गरिरहेको छ यसले । नुहाइधोइ गरे रोगी भइँदैन, पसिना पोखे भोकै परिँदैन भन्ने पूर्वज

कथन राम्रैसित पत्याउँछ गाउँ ।

गाउँमा मान्छेको संवेदना र कोइलीको सुरिलो भाका गुञ्जन्छ । मन-मस्तिष्क समदृष्टिसँग खेल्छ । चाडपर्व, विवाहबटुलो जस्ता कर्ममा सहृदयी साइनोले जस लिन्छ । कुनै छिमेकीभन्दा कोही कम भएँ कि भनेर चिसिनुपर्ने संस्कार बोकाउँदैन गाउँले । बगैंचाका सबै फूल फक्रेर सृष्टि सजाउने स्वाधिकार उपयोगको अवसर सबैलाई प्राप्त छ । श्रमले उचित सम्मान पाउँछ । मिलिमतो सिङ्गै गाउँलाई एकै सूत्रमा गाँसेर सुन्दर माला बनाउँछ । यी र यस्तै विशेषता देखेर मलाई गाउँ प्रिय लागेको हो । म यसैमा गद्गद छु ।

आज लामो परम्परित सौन्दर्य विपरीत सहरिया स्वार्थसँगै युवाहरूमा मौलाएको बिदेसिने भूतले स्वच्छ खानपान र स्वस्थ पारिवारिक परिवेशमा हुलेको प्रदूषण साँठोले बढारेर पर मिल्काई आफ्नै खेतबारी लहलहाएर साझा कर्तव्य पूरा गर्न समस्त गाउँबासीसँग आग्रह दोहोऱ्याउँछु ।

— पर्वत

**कविता**

# पोखरा र सेती



■ **स्नेह सायमि**

हेर पोखरा
तिमीले भन्ठानेकाहोलाउ
उत्तानो परेर सुतेकी छ
सेती
निर्बस्त्र बगरमा
र
बजार थापेकी छ छालाको

उसको दुधिलो
रंगको पानीमा
बगाउँछे सस्तैमा
तिम्राकलंकचुपचाप

तर
त्यसो होइन है पोखरा

तिम्रादुइजिब्रे गफ
दुइरंगे जीवन
हेर्दा हेर्दा
भोग्दाभोग्दा
थकित
सेती
अहिले
तिम्रो पाखंड
तिम्रो सपनाको शहर
काटीरहेकी छे
तिम्रो जगभित्रबगीरहेकी
छे

पोखरा
कितिमी सुध्रिन पर्छ
कि ढल्न पर्छ गर्ल्याम्म
तिमीले
बुझ्नै पर्छ
सेतीनभइ
पोखरा पोखरा हुँदैन ।

— *काठमाडौं*

# 'साल्गीको बलात्कृत आँसु' कथामा वर्गीय चित्रण



● हरिप्रसाद भण्डारी

**लेखसार–** प्रस्तुत आलेख पारिजातको 'साल्गीको बलात्कृत आँसु'कथामा प्रस्तुत वर्गीय चित्रण सम्बन्धी छलफलमा आधारित छ । नारी लेखिका पारिजातले नारीका जीवनमा घटेका वा घट्न सक्ने विविधखाले समस्याहरूलाई आख्यानको माध्यमद्वारा सटिक ढङ्गले प्रस्तुत गरेकी छन् । 'साल्गीको बलात्कृत आँसु' पूर्णतः नारीकेन्द्री कथा हो । आकारमा छोटो भइकन पनि यस कथाले नेपाली गाउँले युवतीहरूले भोग्नु परेका समस्याहरूको पीडादायी पाटो पस्कन सफल भएको छ । प्रस्तुत कथा केटी बेचुवा दलालको लहैलहैमा लागेर नेपाली ग्रामीण युवती कसरी भारतीय वेश्यालयमा बेचिन पुग्छन् र दुःखको सागरमा डुब्न विवस हुन्छन् भन्ने कुरा देखाउन खोजिएको छ । प्रस्तुत कथामा प्रयोग भएका पात्रले वर्गीय पात्रको प्रतिनिधित्व गरेका छन् । यस कथामा पात्रको वर्गीय चित्रण राम्रोसँग गरिएको छ । यस आलेखको अध्ययनको क्षेत्र एउटा कथा मात्र भए पनि सैद्धान्तिक आधारका लागि विभिन्न पुस्तकहरूको अध्ययन गरिएको छ । यसमा प्रयोग भएको अध्ययन पुस्तकालयीय अध्ययन विधिमा आधारित छ । समग्र अध्ययन पश्चात 'साल्गीको बलात्कृत आँसु' कथामा वर्गीय चित्रण रहेको निष्कर्ष निकालिएको छ ।

## १. विषयप्रवेश

नेपाली साहित्यमा आख्यान विधा दिन प्रतिदिन फस्टाउँदो अवस्थामा छ । आख्यान विधाका उपन्यास, कथा र लघुकथा लेखनको गति तीव्र रूपमा भइरहेको छ । नेपाली साहित्यमा थुप्रै साहित्यकारहरूको जन्म भएको र भइरहेको छ । तिनैमध्ये नेपाली साहित्यमा आफ्नो पहिचान बनाइसकेकी साहित्यकार हुन् पारिजात । वि.सं. १९९४ सालमा बङ्गाल राज्यको दार्जिलिङ जिल्ला/महकुमाको चियाबारी (कमान) मा जन्मेकी पारिजातआफ्ना सैनिक चिकित्सक बाबु डा.एक.के.बाइबा(लामा) कासाथ २०११ सालमा काठमाडौँमा आएकी थिइन् । उनको मृत्यु २०५० साल वैशाख ५ गते काठमाडौँमा भएको हो । पारिजातको खास नाम छेकुडोल्मा वा तारा रानीः विष्णुकुमारी वाइबा हो । उनको जन्म दार्जिलिङ्मा भए पनि उनका पूर्खा नेपाली नै हुन् । उनका बाजे नेपालको पूर्वी पहाड चैनपुरबाट मुगलान दार्जिलिङतिर लागेका थिए

(त्रिपाठी, २०७५ : ४५४) ।

पारिजातको मुख्य कर्मथलो काठमाडौँ बन्यो । कलकलाउँदो किशोरावस्थामा प्रवेश गर्ने सिलसिलामा १३ वर्षकै उमेरमा उनको शरीर दुख्न शुरू भई १५ वर्षको उमेरमा ओछ्यान पर्नुपरेको र त्यसको केही वर्षपछि शरीर असक्त हुन पुगेको थियो । जीवनको उर्वर उमेरमा शारीरिक रूपमा अपाङ्ग हुन पुगे पनि उनले हिम्मत हारिनन् । आफ्नो जीवनलाई सधैँ क्रियाशील बनाउँदै गइन् ।

'पारिजात नेपाली साहित्यमा स्वच्छन्दतावादी धाराबाट साहित्ययात्रको आरम्भ गरेर अस्तित्ववादी विसङ्गतिवादी अनि राल्फाली अराजकतावादी हुँदै प्रगतिवादी धारसम्म आइपुगेकी बहुमुखी साहित्य स्रष्टा हुन्' (पाण्डेय, २०७३ : ९२) । शुरूमा उनको वैचारिक यात्रा अपरिपक्क र धरमराउँदो अवस्थामा थियो । पछि उनी मार्क्सवादी विचारका नजिक पुगिन् र उनको उत्तरार्ध मार्क्सवादी साहित्य सिर्जनामै बित्यो । उनले मार्क्सवादी चिन्तन परम्परामा आधारित रहेर नारीहरूले भोग्नु परेका समस्या र नारीका अनुभूतिलाई महत्त्व दिँदै तिनैका केन्द्रमा रहेर साहित्य सिर्जना गरिन् । '२०१२-२०४९ सालमा खास सक्रिय साहित्यिक सिर्जना-यात्रामा पारिजातले तीन कवितासङ्ग्रह, चार कथासङ्ग्रह, दश उपन्यास, दुई आत्मसंस्मरण र एक लेख-निबन्ध सङ्ग्रहलगायत जम्मा बीस कृतिहरू पुस्तकाका दिएकी छन्' (त्रिपाठी, २०७५ : ४७०) । उनका प्रकाशित पुस्तक मध्ये शिरीषको फूल उत्कृष्ट कृति हो । २०२२ सालमा प्रकाशित यस पुस्तकले मदन पुरस्कार प्राप्त गरेको थियो । 'उनको प्रगतिवादी औपन्यासिकताको शीर्षस्थ कृति चाहिँ अनिदो पहाडसँगै (२०३९) हो । ...यो उपन्यास शिरीषको फूलपछिको अर्को दोस्रो उत्कृष्ट कलाकृति हो (ऐ ४६७) । पारिजातले आफ्ना उत्तरार्द्ध साहित्यिक यात्राका क्रममा ...मुख्यतः कथा र उपन्यासकै माध्यमबाट उनको प्रगतिवादोन्मुख साहित्य सृष्टि भएको छ । यस क्रममा सडक र प्रतिभा (२०३२) कथा सङ्ग्रहका पछिल्ला केही कथाहरू र साल्गीको बलात्कृत आँसु कथासङ्ग्रह (२०४३) का प्रारम्भिक कालका कथाहरू नेपाली जनजीवनका वर्गद्वन्द्वात्मक यथार्थको चित्रण र प्रगतिवादी-क्रान्तिकारी वैचारिक सङ्केत-व्यञ्जनाका दृष्टिले उल्लेख्य छ' (ऐ ४६६) ।

२०४० सालको सेरोफेरोमा लेखिएको प्रस्तुत साल्गीको बलात्कृत आँसु शीर्षकको कथा उनको यस्तै वैचारिक भावभूमिमा लेखिएको कथा हो । यस कथामा उनले सिन्धुपाल्चोक जिल्लाको दुर्गम गाउँको मनोरम वातावरणमा जन्मेहुर्केकी एक अवला किशोरी कसरी केटीबेचुवा दलालको विश्वासमा परेर भारत पुगिन् र वेश्या कोठीमा बेचिन विवस भइन् भन्ने विषयलाई आधार बनाएर कथाकी मुख्य पात्र साल्गीले बेश्यालयमा बिताउनु परेका पीडादायी अवस्थाको चित्रण गरेकी छन् । प्रस्तुत कथामा पात्रहरूको वर्गीय चित्रण गरिएको छ । महिलाहरूलाई ललायीफकाइ भारतको कोठीसम्म पुऱ्याउने ल्वाँगे घर्ती तथा वेश्यालयमा नेपाली चेलीको शारीरिक शोषण गराउने सरदारर्नी जस्ता सामन्ती

चिन्तनका पात्रहरू एकातिर छन् भने उनीहरूको गलत सोच तथा चिन्तनको पासोमा परेर नारकीय जीवन बिताउन विवस साल्गी जस्ता वर्गीय हिसाबले निम्नवर्गीय, पीडक, अवरजन, गाउँले सोझासिधा नारी पात्रहरू छन् । प्रस्तुत छाटो आलेखमा साल्गीको बलात्कृत आँसु कथामा प्रस्तुत वर्गीय चरित्रको चित्रण गर्ने प्रयास गरिएको छ ।

## २. कथावस्तु, परिवेश र पात्र

कानपुरको एउटा कहिल्यै घाम नछिर्ने र ठर्राको गन्ध रूमलिएर उकुसमुकुस भएको काठाबाट शुरू भएको कथा कथाकी मुख्य पात्र साल्गीको जीवनमा आधारित छ । साल्गी सिन्धुपाल्चोक जिल्लाको दुर्गम डाँडागाउँको तामाङ परिवारमा जन्मेकी एक अवला किशोरी हुन् । उनी शिक्षाको उज्ज्यालो घाम देख्नबाट पनि विमुख छन् । बिहान उठ्नु, घरधन्दा गर्नु र मामाघरबाट ल्याएको लश्करी बाख्री र माली गाईलाई चराउनु सेवा गर्नु उसको दिनचर्या थियो । भर्खर यौवनको खुड्किलो उक्लँदै गरेकी उसको विवाहको लागि कुरा पनि चलिरहेको थियो । त्यस्तैमा उसको भेट गाउँकै एकजना ल्वाँगे घर्तीसँग हुन्छ । ल्वाँगे घर्ती गाउँका केटी बेचुवा हो भन्ने कुरा साल्गीलाई थाहा हुँदैन । उसैको विश्वासमा परेर जागीर खाने र पैसा कमाउने लोभमा साल्गी नेपाल (काठमाडौँ) हिँड्छे तर ऊ कहिल्यै नेपाल पुग्दिन । ऊ एकैचोटि भारतको बेश्यालयमा बेचिन्छे । त्यसपछि उसका दुःखका दिन शुरू हुन्छन् । त्यो बेला उसले गाउँको सम्झना आउँछ । गाउँमा आफू खेलेघुमेका यादहरू ताजा बनेर आँखा अगाडि घुम्छन् । सपनामा पनि ऊ गाउँ पुग्छे । तर व्यर्थ विपनामा ऊ कहिल्यै गाउँ जान पाउँदिन । उसका मनमा ल्वाँगे घर्तीप्रति वितृष्णा र विद्रोह पैदा हुन्छ । उसले सजायँ नपाएकोमा दुःखी हुन्छे ।

यस कथाकी मुख्य पात्र साल्गी हो । कथा उसैको जीवनमा आधारित छ । त्यो बाहेक यस कथामा ल्वाँगे घर्ती र सरदार्नी (बेश्यालयकी मालिक) जस्ता दुष्ट पात्रहरू छन् भने आबा (साल्गीका बुबा), आमा, साल्गीकी साथी सुन्तली, मामाको छोरो खाइवा लामा लगायतका अन्य पात्रहरू रहका छन् । कथामा एकातिर गाउँको रमणीय वातावरण, बाआमाको माया, साथीसङ्गीहरूसँगको रमाइलो वातावरण, माली गाई र लश्करी बाख्रीको ममता आदि छ भने अर्कोतिर कहिल्यै घाम नलाग्ने, ठर्राको गन्ध, पुरूषको नमिठो गन्धले भरिएको अँध्यारो कोठाको परिवेश छ ।

यस प्रकार हेर्दा कथामा एकातिर नारीहरूको जीवनमा होली खेल्न रूचाउने, नारीलाई वस्तु सरह किनवेच गर्ने र पशु सरहको व्यवहार गर्ने ल्वाँगे घर्ती र वेश्यालयकी मालिक सरदार्नी जस्ता दुष्ट पात्रहरू छन् भने अर्को तर्फ साल्गी र उसका साथीहरू, साल्गीका बाआमा लगायतका गौप्राणी, सोझासिधा, गरिब, निमुखा, सीमान्तीय, गाउँले पात्रहरू रहेका छन् । यसरी हेर्दा यस कथामा पीडक र पीडित गरी दुई वर्गका पात्रहरूको उपस्थिति रहेको छ ।

## ३. सैद्धान्तिक आधार

नेपाली बृहत् शब्दकोषले एउटै रहनसहन, व्यवस्था, धर्म आदि

अँगाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूहलाई समाज भनी परिभाषित गरेको छ । समाजमा एक थरि धनीमानी, टाठाबाठा, जानेबुझेका, अरूमाथि शासन गर्न सक्ने वा हैकम चलाउन सक्नेखालकामानिसहरूहुन्छन् भने अर्काथरि गरिब, सोझासिधा, आफ्नो कुरा आफै भन्न नसक्ने, अरूद्वारा हेपिएका, पेलिएका व्यक्तिहरू हुन्छन् । यी दुई किसिमका मानिसहरूलाई दुई वर्गका मानिस भन्न सकिन्छ ।

समाजमा 'वर्गहरूको उत्पत्ति आदिम समाजको अन्तिम चरणमा भएको हो ।...आर्थिक तथा राजनीतिक हैसियतका दृष्टिले दास, सादस्वामी, जमिन्दार, किसान, पुँजीपति, सर्वहारा, निम्न पुँजीपति लगायतका भिन्न सामाजिक श्रेणीहरू नै वर्ग हुन्' (वैद्य, २०६७ : २७८-२७९) ।

वर्गहरूको उत्पपत्ति बारे भिक्टर आफानास्येभ भन्छन्-

'मार्क्सवादको प्रादुर्भाव हुनुभन्दा धेरै पहिले नै वैज्ञानिकहरूले मानिसहरू वर्गहरूमा विभाजित हुन्छन् र समाजमा वर्गसंघर्षको औस्तित्व हुन्छ भन्ने कुरा पत्ता लगाइसकेका थिए । तर समाजिक जीवनप्रति अध्यात्मवादी दृष्टिकोणले गर्दा उनीहरूले वर्गहरूमा समाजको विभाजनको वस्तुगत आधार ठम्याउन सकेका थिएनन् । समाजको वर्गीय विभाजनको आधार मानवसम्बन्धहरूको मुख्य क्षेत्र- भौतिक उत्पादनको क्षेत्रमा नै खोज्नुपर्दछ भन्ने कुरा उनीहरूले सोच्न सकेका थिएनन् ।

'महान दृष्टान्त' नामक कृतिमा लेनिनले वर्गहरूको सर्वाङ्गीण परिभाषा प्रस्तुत गर्नु भएको छ । उहाँ लेख्नुहुन्छ, 'मानिसहरूका यस्ता ठूलठूला समूहहरूलाई वर्ग भन्दछन् जो सामाजिक प्रणालीको निश्चित ऐतिहासिक क्रममा आआफ्नो स्थानको दृष्टिले, उत्पादनका साधनहरूप्रति आफ्नो सम्बन्धको दृष्टिले, श्रमको समाजिक संगठनमा आफ्नो भूमिकाको दृष्टिले र फलतः सामाजिक सम्पत्तिको जुन हिस्साको उनीहरू मालिक हुन्छन् त्यसको परिणाम तथा त्यसलाई प्राप्त गर्ने पद्धतिको दृष्टिले एक अर्कोबाट भिन्न हुन्छन् ।' (आफनस्येभ, २०६७ :२९१-२९२)

यी भनाइहरू हेर्दा समाजमा दुईखाले वर्ग हुने कुरा निस्चित देखिन्छ । दुई वर्गमध्ये एकथरि सोझा, सिधा र श्रम गरेर जिविकोपार्जन गर्ने वर्ग हुन्छ भने अर्कोथरि अल्छी, ठग, शोषक खालको वर्ग हुन्छ । शोषक वर्ग आफू बसिरहने र अनेकौँ तानावाना बुनेर सिधासादा मानिसहरूलाई ठग्ने र आफ्नो स्वार्थ पूर्ति गर्ने काममा तल्लीन हुन्छन् । समाजमा ठगिखाने वर्गको तुलनामा पसिना बगाउने वर्गको सङ्ख्या धेरै हुन्छ तथापि सोझो वर्गले ठगिखाने वर्गको विरूद्धमा हतपति आवाज उठाउने वा विराध गर्ने गर्दैनन् । त्यसैले शोषक वर्गले सधै सिधासादा मानिसहरूलाई शोषण गर्ने र दवाउने गरिरहन्छन् ।

प्रस्तुत साल्गीको बलात्कृत आँसु कथामा पनि दुवैथरि वर्गको उपस्थिति रहेको छ । शोषक वर्ग सिधै आफ्नो असली रूपमा कथामा उपस्थित छैन, तर कथामा ल्वाँगे घर्ती र वेश्यालयकी मालिक सरदार्नीका रूपमा सामन्ती चिन्तन त्यहाँ प्रस्तुत भएको छ । त्यसै गरी कथाकी प्रमुख नारी पात्र साल्गी यस कथाकी शोषित

पात्र हो । साल्गीका साथै उनका बुबा, आमा, उनका साथीहरू शोषित पात्रको रूपमा रहेका छन् । प्रस्तुत कथाका आधारमा त्यसभित्र रहेको वर्गीय चरित्रको चित्रणदेहायबमोजिम गरिएको छ ।

४. **कथामा प्रस्तुत वर्गीय चित्रण**

कथामा पीडक र पीडित गरी दुवै वर्गका पात्रहरूको प्रतिनिधित्व रहेको व्यहोरा माथि उल्लेख भइसकेको छ । कथामा प्रयोग भएको भूमिकाको आधारमा तिनको चर्चा गरिएको छ ।

४.१ **पीडक वर्ग**

पीडक वर्गको रूपमा ल्वाँगे घर्ती र सरदार्नी रहेका छन् । सामान्य आँखाले हेर्दा यी दुवै पात्रहरू पनि अवरजन अथवा सीमान्तीय पात्र हुन् । ल्वाँगे घर्ती जातीय हिसाबले निम्न जातको र पेशागत हिसाबले अर्काको घरमा काम गर्ने जातको व्यक्ति हो । कथामा उसको भूमिका सामान्य गाउँले पुरूष सरह र साल्गीको समकक्षी आर्थिक हैसियत भएजस्तै देखिन्छ । तर पनि उसको कामकारवाही फरक किसिमको छ । कथामा ऊ पीडक पात्रको रूपमा प्रस्तुत भएको छ । गाउँका चेलीवेटीलाई ललाइफकाइ गरी गाउँबाट भगाउनु र भारतीय वेश्यालयमा लगेर बेच्नु उसको पेशा बनेको छ । यस्तो पेशा सामन्ती र शोषक वर्गले अँगाल्ने पेशा हो ।

साल्गीका बलात्कृत आँसु कथा वि.सं. २०४० सालतिर लेखिएको कथा हो । त्यो बेला नेपालमा पञ्चायती व्यवस्थाको जगजगी थियो । गाउँमा मुखिया, जिम्माल तथा पञ्चहरूको बोलबाला थियो । उनीहरूले गाउँका सोझासिधा मानिसहरूलाई आफ्नो पक्षमा लिएर उनीहरूको माध्यमद्वारा गाउँका अन्य सिधासाधा जनतालाई लुट्ने, शोषण गर्ने र दमन गर्ने काम गर्थे । गाउँका ल्वाँगे घर्ती जस्ता युवाहरू तिनै फटाहाहरूको लहैलहैमा लागेर गाउँले जनतालाई लुट्ने र ठग्ने काममा मतियार हुन्थे । उनीहरूमा वर्गीय चेतना थिएन । सामन्तहरूको मतियार हुन पाएकोमा आफूलाई ठूलो मान्छे ठान्थे । उनीहरूको माध्यमद्वारा लुटिएको सम्पत्तिको रस सबै फटाहाहरूले चुस्थे । रस चुसेर बाँकी रहेको छोक्रा ल्वाँगे घर्तीजस्ता पछुवालाई दिन्थे । ती पछुवाहरू त्यसैमा मख्ख परेर मालिकको गुणगान गाउदै हिँड्थे । फटाहाहरू पञ्चायतका ठेकेदार भएका हुनाले सत्तामा पनि उनीहरूकै हालीमुहाली हुन्थ्यो । उनीहरूले गरेका पञ्चखत माफ हुने जमाना थियो । त्यसैले साल्गी जस्ता सोझासिधा युवतीहरूलाई भारतीय वेश्यालयमा लगेर बेच्दा पनि उनीहरूलाई कुनै कारवाही हुँदैनथ्यो ।

कथाको पात्र ल्वाँगे घर्ती त्यस्तै फटाहाहरूको मतियार पात्र हो । तर कथामा त्यो कुरा उल्लेख भएको छैन । मतियार नभए पनि उसको चरित्र माथि उल्लेखित फटाहाहरूभन्दा कम छैन । जानीनजानी ऊ आफ्नै वर्गचरित्रका मानिसहरू विशेष गरी युवतीहरूलाई ठग्ने, फकाउने र डाँडा कटाउने काममा सरिक छ । उसले नजानेर त्यो काम गरेको पनि हुन सक्छ तर घटनाक्रमले उसलाई माफी दिन सक्दैन । ऊ अपराधी हो । उसको अपराध कार्य क्षमा दिन लायक छैन । त्यसैले ऊ पीडक पात्र हो, फटाहा र शोषकहरूको मतियार हो भनेर ठोकुवा

गर्न सकिन्छ ।

कथामा अर्को पात्र छ सरदार्नी । ऊ वेश्यालयकी मालिकनी हो । उसले ल्वाँगे घर्तीजस्ता दलालहरूले ल्याएका किशोरीहरूलाई किन्ने अनि उनीहरूको कुमारीत्व हरण गर्दै उनीहरूका शरीरमा रगत रहँदासम्म पुरूषहरूद्वारा जबर जस्ती बलात्कार गराइ पैसा असुल्ने काम गर्छे । सरदार्नी नारी हो । नारीलाई समाजमा सम्मानित जातीको रूपमा हेरिन्छ । वास्तवमा भन्ने हो भने ऊ पनि अवरजन, सीमान्तीय वा सबाल्टर्न पात्र हो । तर कथामा उसको भूमिका हामीले सोचेजस्तो छैन । कथामा ऊ पीडक पात्रको रूपमा रहेकी छ । अवला किशोरीहरूलाई खरिद गर्ने, जवरजस्ती उनीहरूको कुमारीत्व हरण गर्ने र आजीवन उनीहरूको रगत चुस्ने काममा ऊ प्रत्यक्ष रूपमा सरिक छ । त्यसैले ऊ पीडक हो, शोषक हो, सोझा किशोरीहरूको नजरमा 'राक्षसनी' हो ।

कथामा उसको भूमिकालाई यसरी प्रस्तुत गरिएको छ– 'कोठा बाहिर एउटी प्रौढाको कर्कश स्वर गुञ्जन थालेको छ, "लौंडियो उठो, कितनी देरतक सोते रहते हैं ये लोग । नहाओ, धोओ, नाश्ता करो, निदभर पडे रहो ....।"

यसप्रकार हेर्दा कथामा सामन्ती चिन्तन भएका पात्र वा भनौं पीडक पात्रको प्रतिनिधित्व भएको छ । त्यसका प्रतिनिधि पात्र हुन् ल्वाँगे घर्ती र वेश्यालयकी मालिक्नी सरदार्नी ।

४.२ **पीडित वर्ग**

माथि उल्लेखित पीडक वर्गजस्तै कथामा पीडित वर्गको प्रतिनिधित्व रहेको छ । साल्गी मुख्य पीडित पात्र हो । उसैको केन्द्रियतामा कथा घुमेको छ । साल्गी वाहेक आबा (साल्गीका बुबा), आमा, सुन्तली, वेश्यालयमा भएका अन्य किशोरीहरू यस कथाका पीडित वर्ग वा पात्र हुन् ।

कथाको शुरूमै साल्गीले भोग्नु परेको पीडालाई यसरी चित्रण गरिएको छ– 'एउटी तरूनीको अस्तव्यस्त लास जस्तो शरीर । कोठाको कुनामा राखिएको खाटमाथि पल्टिएको छ । लाज उदाङ्गिएको उसको शरीरलाई हेर्दा यस्तो लाग्छ मानौं यौन भोका पुरूषहरूले उसलाई रातभरिमा दसौंपल्ट बलात्कार गरेर फालिदिएका छन् ।'

यस भनाइले साल्गीको वेश्यालयको अवस्था कस्तो छ भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । एउटी भर्खरकी किशोरीका आफ्ना इच्छा र चाहना हुन्छन् । उसले मरो सानो घर होस्, माया गर्ने लोग्ने होस्, रमाइलो वातावरणमा समय बितिरहोस् भन्ने चाहना पालेका हुन्छन् । त्यस्तो उमेरकी तरूनीको अस्तव्यस्त लास जस्तो शरीर कोठाको कुनामा खाटमाथि पल्टिनु कति विडम्बनायुक्त छ ! रातमा दशौंपल्ट बलात्कारको शिकार हुनु परेको छ । हामी पाठकहरूले यस्तो नारकीय जीवनको बारेमा पढ्दा वा कल्पना गर्दा पनि मुटु सिरिङ्ग हुन्छ भने साँच्चै भोग्नेलाई कस्तो पीडा हुँन्छ होला !यो प्रशंग कथामा वर्णन गरिएको मात्र नभएर विगतदेखि वर्तमानसम्मको यथार्थ भोगाइ हो । हाम्रा सयौं हजारौं चेलीहरू अहिले पनि यस्तोखाले नारकीय जीवन बिताउन वाध्य छन् ।

विपनामा वर्षौसम्म कहिल्यै घाम नछिर्ने र ठर्राको गन्ध आइरहने कोठमामा बस्नु परे पनि साल्गी सपना आफ्नो गाउँ पुग्छे । आमालाई भेट्छे, गाउँ घुम्छिन् र न्यास्रो मेट्छिन् । तैपनि

वेश्यालयकी मालिक्नीले सपनामा पनि गाउँ जान दिँदैन । मीठो सपना देखिरहेको अवस्थामा पनि साल्गीको निद खलबलाउन आइपुग्छे र भन्छे, "लौंडियो उठो, कितनी देरतक सोते रहेते हैं....।"

ब्युँझदा आँखामा कचल्टिएको निद्रा बिझाइरहेको हुन्छ, सारा शरीर दुखिरहेको हुन्छ । लाज त सयौँपल्ट उग्राएर सयौँपल्ट पचिसकेको हुन्छ । त्यसैले लाज मरिसकेको हुन्छ उसको मानसमा । शरीरसँग लाजको कुनै साइनो रहदैन । छेउँमा राखिएको ऐना टिपेर आफ्नो अनुहार हेर्छे, हिलो पानीले चुटेको पोष्टरजस्तो निकै बीभत्स भएको हुन्छ उसको अनुहार ।

राम्ररी सुत्न र सपना देख्न पनि नपाएपछि 'सोच्न थाल्छे, यहाँबाट नेपाल उत्तरपट्टि पर्छ, सिन्धुपाल्चोकमा पनि यतिखेर घाम लागिसक्यो होला । यहाँ घाम देख्नै पाइदैन, एक वर्ष भयो घाम देख्न नपाएको, ..यतिखेर कान्लानेरको दुधिलोको रूखको पात घाममा टल्किरहेको होला अब माली गाईको बाच्छी आ....बा गरेर कराउँछे । आबा म्हाने पेमे सिध्याएर अघि नै डाँडाको घ्याङतिर लागिसके होलान् । आमा रूँदै गाईलाई घाँस हाल्दै होली र मन्दै होली मन मनमा बुढेसकालको टेको त्यो साल्गी कहाँ गइहोली, मरीसकी कि बाँचेकी होली, कुन पापीले भगायो होला ...।'

कथामा यस्ता उदाहरण धेरै छन् । हरेक ठाउँमा पीडा र वेदनाका स्वर छन् । प्रत्येक पंक्ति पढ्दा पाठकका आँखा रसाउन थाल्छन् । कथामा पीडित पात्रको भावना छचल्किएको छ । किशोरीहरूले भोग्नु परेका कठिन अवस्थाको चित्रण गरिएको छ ।कथामा ल्वाँगे घर्तीले साल्गीलाई कसरी फकायो ? शहरमा काम पाइने र महिनाको चार सय ज्याला पाइने आशा देखाएर कसरी आफ्नो कुरामा विश्वास दिलायो र कसरी कुखुराको डाँकोसँगै डाँडो कटायो भन्ने कुरा मार्मिक शैलीमा प्रस्तुत गरिएको छ ।

४.३ **वर्ग संघर्ष**

'शोषकहरूका विरूद्ध शोषितहरूको सङ्घर्ष जति तीव्र, सुदृढ र सङ्गठित हुन्छ त्यति नै समाजको प्रगति र विकासको गति छिटो हुन्छ । पुँजीवादी समाजमा निहित शोषणको सदाका लागि अन्त्य गर्नु, पुँजीवादी व्यवस्थाको उन्मूलन र साम्यवादी व्यवस्थाको स्थापना गर्नु सर्वहारा वर्गवाहेक अरू कसैबाट पुरा गर्न सम्भव छैन' (ज्ञवाली, २६९ : २६६) ।

प्रस्तुत कथामा माथि भनिएजस्तै शोषकका रूपमा रहेका ल्वाँगे घर्ती र सरदार्नीका विरूद्ध शोषितहरूको तीव्र सङ्घर्ष छैन । उनीहरू सुदृढ र सङ्गठित हुन पनि सकिरहेका छैनन् । यस प्रकार हेर्दा कथामा दुई वर्ग भइकन पनि वर्ग सङ्घर्ष नभएको हो कि भन्ने देखिन्छ । तर साल्गीको बलात्कृत आँसु कथामा प्रयोग भएको वर्ग संघर्षको रूप फरक रहेको छ । यसमा प्रत्यक्ष रूपमा संघर्ष गरेको नदेखिए पनि पीडित पात्रमा पीडक पात्रको विरूद्धमा आक्रोष छ । विद्रोही सोच र भावना छ ।

कथामा पीडित पात्र ल्वाँगे घर्तीको विरूद्धमा साल्गी चुप लागेकार नबसेको प्रशंग यसरी व्यक्त गरिएको छ- 'ऊ (साल्गी) घरीघरी ल्वाँगे घर्तीलाई आफ्नै मनको हतियारले टुक्रा-टुक्रा काट्दै,

क्षतविक्षत पार्दै बसिरहन्छे । यसरी उसको आक्रोश पटक्कै शान्त हुँदैन ।' ...'साल्गीको विद्रोह आँसु भएर पग्लन थाल्छ, 'के कसैले पनि ल्वाँगे घर्ती र म गाउँबाट सँगै हराएको थाहा पाएन ? के कसैले पनि ल्वाँगे घर्तीलाई एक वचन सोधेन ? के ल्वाँगे घर्तीलाई मेरा गाउँलेहरू अब कहिल्यै चिन्दैनन् ? किन ? ल्वाँगे घर्तीले पापको फल किन भोग्दैन ? किन ल्वाँगे घर्तीलाई कसैले खुकुरीले छपक्क काटेर दुई टुक्रा बनाइदिँदैन ?' यसरी साल्गीका मनमा अनेकौँ विद्रोही भावनाहरू सलबलाउन थाल्छन् । ल्वाँगे घर्तीप्रतिको आक्रोष बढ्दै जान्छ ।

यी उदाहरणका आधारमा भन्न सकिन्छ- कथामा वर्गीय पात्रहरूको प्रतिनिधित्व भएको छ । पीडक पात्रले पीडित पात्रलाई ललाइ फकाइ वेश्यालयमा पुऱ्याएको र पीडित पात्रले अनेकौँ दुःख पाएको प्रशंग छ । यति हुँदा हुँदै पनि कथाकारले पीडक पात्रलाई त्यत्तिकै लाचार अवस्थामा छोडेकी छैनन् । पीडक पात्रमा आक्रोष र विद्रोहको बीउ रोप्ने काम भएको छ । यो नै प्रगतिशील कथाको विशेषता हो ।

## ५. उपसंहार

पारिजात नारीलाई केन्द्रमा राखेर नारीकेन्द्रित विषयलाई आधार बनाएर कथा लेख्ने कथाकार हुन् । यस 'साल्गीको बलात्कृत आँसु' कथा पनि नारी केन्द्रित कथा हो । साल्गीको कष्टपूर्ण जीवनमा आधारित यस कथामा वर्गीय चित्रण राम्रोसँग गरिएको छ । यस कथामा ल्वाँगे घर्ती र वेश्यालयकी मालिक सरदार्नी जस्ता सामन्तवादी विचारका पीडक पात्र एकातिर छन् भने साल्गीजस्ता पीडित पात्रको मुख्य भूमिका रहेको छ । नेपाली समाजमा अझै पनि कस्तो अवस्थामा गुज्रिरहेको छ, नेपाली किशोरीहरूले कस्तो खालको नारकीय जीवन बिताउन विवस छन्, नेपालको सामन्ती शासन व्यवस्थाको नकारात्मक प्रभाव नेपाली चेलीहरूमा कसरी परिरहेको छ, आफ्ना भनाउँदाहरूले नेपाली किशोरीहरूलाई कसरी ठगिरहेका छन् र नारकीय जीवन जीउन विवस बनाइरहेका छन् भन्ने खालको सन्देश दिनु कथाको मुख्य प्रयोजन देखिन्छ । अन्त्यमा साल्गीले ल्वाँगे घर्तीलाई कसैले खुकुरीले छपक्क काटेर दुई टुक्रा बनाइदिँदैन भन्ने अभिव्यक्तिले पीडित पक्षमा आएको आक्रोषको देखाइएर गरिएको अन्त्य अत्यन्तै आक्रषक र सकारात्मक छ ।

## सन्दर्भसामग्रीसूची


आफानास्येभ, भिक्टर, (२०६७). दर्शनशास्त्रको प्रारम्भिक ज्ञान (तेस्रो संस्क.) (अनु. राजेन्द्र मास्के). काठमाडौँः विविध पुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव (२०७५). पारिजातले सिर्जेको साहित्यिक शिखर-शृङ्खला : एक चर्चा. समसामयिक नेपाली समालोचना. सम्पा. राजेन्द्र सुवेदी. काठमाडौँ : शब्दार्थ प्रकाशन, पृ.४५३-४७१ ।

पाण्डेय, ताराकान्त (२०७३). मार्क्सवाद, साँस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र. ललितपुरः साझा प्रकाशन ।

वैद्य 'किरण', मोहन (२०६७). मार्क्सवादी दर्शन. काठमाडौँः प्रगतिशील अध्ययन केन्द्र ।

ज्ञवाली, भगवानचन्द्र (२०६९). वर्ग सङ्घर्ष र प्रगतिवाद. भृकुटी समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-साँस्कृतिक त्रैमासिक. सम्पा. मोदनाथ प्रश्रित. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ. २६४-२७१ ।


*– गुल्मी*

# सन्नाटा



● कृष्ण बजगाईं

मेरो मुटु दिएर उनलाई घरमा भित्र्याएको थिएँ । उनलाई म अचाक्ली मायाँ गर्दथेँ । सोही कारण उनका इच्छाहरू क्रमशः पूरा गर्दै जान थालेँ ।

सबैभन्दा पहिले बहिनीलाई अमेरिका पढ्न पठाउने कुरा गरिन् । उनकी बहिनी मेरी साली । दिनरात खुन र पसिना बगाएर मेहनतसाथ कमाएको पैसाले उनकी बहिनीलाई अमेरिका पठाएँ ।

उनकी आमा बारम्बार बिरामी भइरहन्थिन् । उनकी आमा मेरी पनि आमा । आफ्नै आमा सम्झेर पटकपटक आफ्नो रगत दिएर उनलाई बचाएँ ।

उनले मसँग एकदिन मृगौला मागिन् । मेरो मृगौलाले मात्र उनको बाबुको ज्यान बच्ने कुरा सुनाइन् । मलाई थाहा थियो एउटा मृगौलाले मानिस मजाले बाँच्छन् । बाबुआमा नभएको टुहुरो म । उसका बाबु मेरा पनि बाबु । आफ्नै बाबु सम्झेर मृगौला दिएँ ।

अचानक एकदिन उनले मलाई भनिन्, 'हजुरले यो बसिरहेको घरजग्गा मेरो नाममा पास गरिदिनु भयो भने मात्र मलाई माया गर्नुहुन्छ भन्ने थाहा पाउँछु ।'

भोलिपल्टै घरजग्गा उनको नाममा पास गरिदिएँ ।

'त्यसपछि के भयो ?' न्यायाधिशले सोधे ।

'मलाई विस्तारै रोगले गाँज्दै लगेको कुरा धेरैपछि मात्र थाहा पाएँ । शारीरिक रूपमा कमजोर हुन थालेँ । त्यसले मानसिक चिन्ता थप्यो । मेरो जोस र जाँगर क्रमशः हराएर गयो । पहिले जस्तो श्रीमतीको शारीरिक र भौतिक आवश्यकता पूरा गर्न नसक्ने भएँ । रस चुसेर फालेको उखुको खोस्टो जस्तै एकदिन उनले मलाई घरबाट निकालेर सडकमा पुर्याइन् श्रीमान् ।' उसले रूँदै भन्यो ।

'अनि....?' न्यायाधिशले फेरि सोधे ।

'कति उनलाई मात्र दिनूँ भनेर मैले पनि लिएँ ।' उसले भन्यो ।

'के लियौ ?' न्यायाधिशले फेरि सोधे ।

'उनको ज्यान !' उसले नडराइ भन्यो ।

त्यस पश्चात इजलासमा सन्नाटा छायो ।

■

# कार्यकर्ताहरू



● डा. घनश्याम परिश्रमी

हाम्रो पार्टी सत्तामा छ अहिले । खै, नेताहरूले हाम्रा लागि के गरे त ? एउटा बोल्यो ।

हामी कार्यकर्ता त भऱ्याङ मात्र हौ, उनीहरू हाम्रै काँधमा चढेर माथि पुगेका हुन् । त्यत्तिकै मन्त्री कहाँ भएका हुन् र ? अर्कोले थप्यो ।

पार्टी भनेरै व्यापार व्यवसाय गरिएन, जागिर पनि खाइएन, तर केही पाइएन । अर्कोले असन्तुष्टि पोख्यो ।

अस्ति भर्खरै पार्टीमा प्रवेश गरेका फलानाले जिएम पड्काएछन्, हामी त हेरेको हेऱ्यै । अर्कोले आफ्नो कुरा थप्यो ।

यत्ति मात्रै हो र ! राजदूतमा नियुक्त भएछन् नि फलाना मन्त्रीपत्नीका दाजु । अर्कोले फेरि नयाँ जानकारी गरायो ।

आफू त मन्त्रीको न साला परियो, न जेठान ! अर्कोले मुखाकृति बिगार्दै भन्यो ।

म साख्खै भानिज हुँ फलाना मन्त्रीको । तर खै त, यस्तै हाल छ मेरो । दाँत देखाउँदै पातलो पातलो अलि अग्लो पात्र बोल्यो ।

यति बेलासम्म सबैलाई सुराको मातले बेग्लै आनन्द दिइसकेको थियो ।

स्साला, जे जे गरून् गरून् । छोड यस्ता बकम्फुसे कुरा । ए साहुनी, अर्को फुल एक बोतल ओल्ड दरबार ल्याउनु यता । एकजना अलिक मोटोघाटो पात्रले अर्डर गऱ्यो । सबैजनाको ध्यान एक्कासि उसको अर्डरतिर केन्द्रित भयो ।

आजको बजेट हिजोकोभन्दा डबल होला जस्तो छ यार ! पहिलो वक्ता फेरि बोल्यो ।

हुन दिनु, न तिम्रो बाउको जान्छ, न त मेरो बाउको । मज्जाले पिउनुपर्छ, अहिले सत्ता हाम्रै पार्टीको त छ । दोस्रो वक्ता अलि जोडले बोल्यो ।

रात बिस्तारै छिप्पिँदै थियो । एक घण्टा नाघिसक्यो, मन्त्रीले उनीहरूलाई लिन पठाएको गाडी बाहिर खडा छ । चालक चिसो कोक खाँदै गुनासो सुनाउँदै छ साहुनीलाई, के गर्नु ? म त हैरान भइसकेँ, आज मात्रै हो र, सधैँ यस्तै ।

कार्यकर्ताहरू भने अझै उठ्ने सुरमा छैनन् ।

*– नवलपरासी*

# केही व्यङ्ग्य हाइकु



● मुकुन्द आचार्य

१. घोडेजात्रामा
को मान्छे र को घोडा
भन्न गाह्रो छ ।

२. सम्मान गरौं
तर भर नपरौं
हाम्रा नेताको

३. सत्ता सम्पत्ति
सबै फोस्रो रवाफ
वाफ रे वाफ !

४. राजा नि गए
'मौसुफ' 'तिमी' भए
समय ठूलो !

५. काँढारहित
गुलाफको चाहना
पागलपन !

६. परको काग
खोज्दैछ ठूलो भाग
नेपाली जाग !

७. जन्मेन नेता
देशको भलो गर्ने
लुटेरै मर्ने !

८. सज्जन घटे
दुर्जनहरू बढे
टुप्पोमा चढे !

९. पवित्र पारौं
पठ मन्दिर हैन
जनको मन !

१०. यौवनावस्था
देशमा दुर्व्यवस्था
भोलि अँध्यारो !

११. संगीत स्वर
चरणको नूपुर
दूरातिदूर !

१२. प्रकृति राम्री
मानवीय स्वार्थले
भई नराम्री !

१३. नेताको झोले
भान्सामा सल्की मऱ्यो
शहीद भयो

१४. ईश्वर छैन
जथाभावी गरौं न
लडी मरौं न !

१५. फोहरी खेल
राजनीति भनिन्छ
छाड्न सकिन्छ ?

१६. बकुलाहरू
पोखरीमा ध्यानस्थ
माछा समात्न !

१७. अनेक धर्म
तथापि विश्व दुखी
कतै छ त्रुटि !

१८. भ्रष्टाचारीले
पूजा गरी नाचेछ
मूर्ति हाँसेछ ।

*– कलैया, बारा*

# केही ताङ्का



● श्रीराम श्रेष्ठ

१. बुधुनो माछा
च्याप्प समात्न खोज्दा
फुत्क्यो चिप्लिदै
दिनभरिको लोभ
सम्झे थुक निलेर ।

२. मीठो मानेर
सेलरोटी खाएको
भयो अमन्न
भोक मेटिएपछि
बसेछ पाखा लाग्दै ।

३. बाहुन डाँडा
छाएछ हरियाली
सुन्दर वस्ती
फैलेछ चकमन्न
उम्रेछ डरत्रास ।

४. जलेर ज्योति
चारैतिर उज्यालो
लुक्यो अँध्यारो
जल्दा जल्दैको क्रम
बचाएछ अस्तित्व ।

५. हरियो बाँस
आकाश छुने धोको
आफ्नै रफ्तारमा
अघि बद्दा थाकेछ
निउरिदै लाजले ।

६. मनको बह
गुम्सियो मनभित्र
बसियो मौन
चुप लागेर बसे
उम्रियो पीडैपिडा ।

७. काखमा राखी
माया गर्ने बहाना
रेटेछ छुरा
निर्दयी मनभित्र
उठेछ ज्वारभाटा ।

८. मुक्तिको छटा
फिजाउन खोजेको
हाँसेछ शान्ति
पिछडिएको चेत
अचेत बनी बसेछ ।

९. नजिक बन्यो
आत्मीयता जोडियो
कसेछ गाँठो
विश्वासमा संकट
भताभुङ्ग सपना ।

१०. जीवन गाथा
जिन्दगीको यात्रामा
एकलव्य म
विश्वास दिन सकिन
धकेल्यो समयले ।

*– विदुर नुवाकोट*



# समीक्षात्मक भावना

● ठाकुर शर्मा भण्डारी

हे यात्री! कविमित्र सर्जक महान् साहित्य संवाहक
छौ यायावर झैँ सदा सृजनमा कृतित्व छन् व्यापक
यात्रामा प्रियबन्धु छन् सरसिला भाकाखुला साथ छन्
आफ्नै छन् प्रिय छन् उदार कृति छन् आनन्दकाभाव छन् ।१।

हो साहित्य समाजको विषयहो देशी-विदेशी कुरा
यात्रामा जुन वस्तुले हृदयमा छोइन्छ राम्रो कुरा
आस्था दृष्टि भयो त्यही सरसिलो बन्दिन्छ सम्पूर्णमा
एकै सार समेटिने सुरभि हुन् भेटिन्छ साहित्यमा ।२।

यो बेलायतको गुणात्मक कुरा आत्मीय सन्दर्भमा
यो वेला पनि भो कलाधर-कला-साहित्य-संस्कारमा
हो वैयक्तिक मिल्नगो भ्रमणमा आनन्ददायी क्षण
यो साहित्यिक व्यक्तिको मन छुने देखिन्छ आकर्षण ।३।

यात्राको अनुभूति सुन्दर कला भेटिन्छ आफ्नै पन
स्रष्टाको नवसिर्जना विविधता पाइन्छ साँचो धन
प्यारा छन् जति छन् पुरा कथन छन् आश्चर्यदायी कुरा
आफ्नै देश सुहाउँदा प्रकृति छन् छैनन् कुरासाँगुरा ।४।

यात्रामा जब दृष्टि गो सृजनको भाकाखुल्यो सुन्दर
यस्तो भावुक साधना स्थलभयो निर्बन्धमागो सुर
नेपालीमनको प्रवाहित सुधा सौन्दर्य उत्प्रेरक
हौँ अभ्यागत साथमा हिँडिदिने सत्कर्मका साधक ।५।

भाषा जागृति सिर्जना प्रगतिको आधार हो ज्ञानको
भाषा मानव सभ्यता मुलुकको सर्वोच्च संसार हो
भाषामा प्रतिभा नयाँ विषयली खोज्ने कुरा खोज्दछन्
शैली सुन्दर भावना समय यो स्रष्टा स्वयं रोज्दछन् ।६।

श्रोतादर्शक साथमा हृदयको उन्मुक्त यो सिर्जन
यो हाम्रो अभियान हो सृजनको सोद्देश्यलोकार्पण
सेवाहो हितको प्रवाहित भयो निर्बाध सञ्चालन
अर्प्यौं यो कृतिभावनासँग रहोस् निश्पक्ष मूल्याङ्कन ।७।

(नियात्राकार कलाधर काफ्लेद्वारा 'सेक्सपियरको देशमा' (यात्रा निबन्धसङ्ग्रह)को विषयमा समीक्षात्मक भावना)

*– धुम्बाराही, काठमाडौँ ।*



# गजल र पजल

• राम बिनय

तिम्रो गजल सुन्दा सुन्दा
हामी पजल भै सकेकाछौ ।
तिम्रो नोजल कस्दा कस्दा
हामी बबाल भै सकेका छौ ।

त्यो प्रकोपको बेलामा
भरिभराउ सबको मेलामा
सत्य र न्यायको लागि
तिमीले निस्काम कर्म गर्नु पर्दछ
तिर्खा मेटाउने गाग्रो भर्नु पर्दछ ।
सबले राहत पाए पछि
तिम्रो आहत सकिनु पर्दछ ।
त्यहि तिम्रो बोलिमा
हामीले लोलि मिलायौ ।

मुक्ति वा मृत्यु एक रोजेर
छाना नाना खाना सब
शिक्षा स्वास्थ्य र सुरक्षा त्यागेर
एकहोरो भेडा बनेर हामी
महासमरको सागरको भेलमा हाम्फाल्न नामी
तिम्रो गजलको घाम ताप्ने हामी ।

तिमीले भन्यौ हाम्रो दिन आयो भनेर
हामीले खोज्यौ ती दिनहरूलाई
हाम्रो घर परिवार गाउँ बस्तिलाई,
हाम्रो समाज,समुदाय र सम्पुर्ण देशलाई
खोज्यौ हाम्रो मुक्तिलाई ।

अनयास त्यहाँ सुनियो
अयोग्य लडाकुको काम छैन
अशिक्षितलाई जागिर छैन
अशिल्पिलाई दाम छैन
बेपत्ता बेरोजगारको जोगाड छैन ।
काम नपाएका यहाँ,
विदेशतिर छरिएका हामी
कमाउन गएका
काठको बाकसमा फर्किएका हामी ।
हाम्रो मन मस्तिष्कका घाउहरू चहरायो,
हाम्रा आवाजहरू कता हरायो हरायो ?

अहिले हामी देख्दैछौ जताततै
कुहिरो मण्डलि भित्र माफिया,
बिचौलिया,जुकाहरू
मगमगाएर सल्बलाएका ।
भरखरैका छयापाराहरू गर्जिएका
तृष्णाको गाग्रो भरि भरिएका,
त्यसैको घेराबन्दिमा तिम्रो गजल परेका ।
उ हैकमको गजल गाउछ
तिमी मख्ख परेर सुन्छौ
निरिह बच्चा बन्छौ ।

लोकतन्त्र आयो
गणतन्त्र आयो
हस, हजुर,
सरकार, जो हुकुम जो निगाह
फेरि सल्बलायो सर्प भएर ।
तिमी त्यहि चक्रब्युहमा परेकाछौ
हामी पाँडे पजनीमा परेकाछौ ।

उस्को गजल सुनेर तिमी मख्ख छौ
त्यहि गजल सुनेर हामी छक्क छौ ।
तिम्रो गजल सुनेर
हामी पजल भएकाछौ ।
तिम्रो नोवल कस्दा कस्दा बबाल बनेकाछौ ।
खै कसरी भनौ हाम्रो दिन आयो भनेर?
हामी त छक्क परेका छौ ।

# भैँडाको जन्ती

• पदम बडाल

कालापानी लिम्पियाधुराबाट चुहिँदा
थाल थापेका छन् राजधानीमा राजनीति गर्नेहरूले
एक हुल भेडा तिंकर भञ्ज्याङ पुग्छन्
र, फकाल्छन् लिपुलेक पुगेको धुवा
त्यै धुवामा धुइरो गर्नुहरूको घुइरोको बजार छ आजभोलि
कानसँगै च्याखे थापेर बसेका हाइनाहरू
मदमस्त शेरेको आगमन तिंकरसम्म हुँदा चुप छन्
कतिबेला छोड्ला र खाउँला भनेर र्‍याल काढेर
देश सिकारीको सिरो बनाई
भाग लगाएर बसेका छन् महामहिमहरू
र, मण्डलीहरू धुन थाप्दैछन् कालापानीको
वर्षौ पुरानो घाउ अफिमको चोपले सिलाएको दार्चुला
यो भूगोलका जीवन
मेलाका नाउर जस्तै भारतको नुन चाट्न झर्छ बेसिमा
विभिषणहरू छद्म भेषमा बाटो भत्काउँछन्
सम्बन्ध तोड्छन् तिंकरसम्मको
कुम्ल्याएका छन् वर्षेनी बजेटको रस
बलात्कार हेर्दै उधुम मच्चाउनेको भीड
न त्रसित छ स्वाभिमानसँग
लिम्पियाधुराबाट लिपुपास
लिपुपासबाट तिंकरपास
नक्सामा रातो लागेको छ
म आँखा तिरमिराएर के गरूँ
उतैका सिता खाएर यताको गीता गाउन् कसरी
भैँडाहरू न हुन्, अर्को बाटो पहिल्याउन कसरी
दक्षिणको दक्षिणा थाप्दै पापी पेट पाल्छन्
मन्दिरमा बिस्ट्याउँदै दक्षिणा टिप्ने ढंगुरबाट
एक हुल भैँडा ह्वार्र सतहमा बग्दै धारे हात लाउँछन्
अर्को हुल भैँडा स्वार्र दुतावास धाउँदै सन्तान पढाउँछन्
म उनीहरूको जन्ती
कालापानी मिचेको गीत सुन्दैछु ।

*– दार्चुला*

# रणचण्डीको प्रतीक्षा



• लक्ष्मी थापा

वर्षौंदेखि धुलोको च्यादर
ओड्दै बसेको कङ्क्रिटको पहाडले
हिजोआज आफूलाई
पोल्न सकेको छैन सुनौलो बिहानीले
र त उजाड उजाड छ
मरूभूमिझैँ उराठ उराठ छ
फुङ्ग उडेको बेरङ्गको
रित्तिएको बैँसजस्तो
मानौँ अब यसलाई
कुनै रङ्गले रङ्ग्याउन सक्दैन
कुनै वसन्तले सजाउन सक्दैन
कुनै जादुले हसाउन सक्दैन

हिमाली चिसो
पोल्टाभरि बोकेर
सुसेली गाउँदै बतास
रूमानी शीतलता छर्न
नझरेको कहाँ हो र यहाँ
तर खबरदारी गर्दै कङ्क्रिटको पहाडले
एकै श्वासमै सलक्क निलेर
शून्य बनाइदिएको छ प्राणवायुको अस्तित्व
झङझङ बज्दै, गाउँदै
षोडशी कला देखाउँदै
जगत् सिञ्चित गर्न
आफ्नो बाटो आफैँ बनाउँदै
हिँडेकी जलपरी
निर्ममतापूर्ण मारिएकी छ
उसका अवयवहरू कुहिएका छन्
र त कङ्क्रिटको पहाड
झन्झन् डुङ्डुङ्ती गन्हाएको छ

जसरी यहाँको भूगोल
दिनदिनै विषाक्त बनाइँदै छ
त्यसरी नै विषालु बन्दै छन्
मानवरूपी खम्बाहरू

त्यसैले
यहाँ सबै सबै यसरी नै
अमानुसिक ढङ्गले मार्दै छन्
आफ्ना मनहरू
अर्जाप्दै छन् सैतानी दिमागहरू

अब आफैँ भन तिमी ...
कङ्क्रिटका मनले चलाएको राज्य
कङ्क्रिटको पहाडमा
बेचेर मानवता गुमाएर अस्तित्व
अर्थहीन जिउँदो लास भई बाँच्न
कहिलेसम्म सक्छौ ?
मात्र पर्खिरहेकी छु
वाग्मती शिरमा लिएर कङ्क्रिट ध्वस्त गर्ने
तिम्रो रणचण्डी अवतारको ॥

— भक्तपुर

# कमिला र रोटी

● दुर्गालाल श्रेष्ठ

कमिला मज्जाले बाटोमा हिँडिरहेछ
रोटी एउटा त्यसै भूइँमा खसिरहेछ
कमिलाले रोटीको टुक्रा तान्यौ हेर !

तानेको तान्यै गर्दा पनि आएन
यसरी उनले हार कति मानेन
प्वालमा गएर साथी डाँकटेर ल्यायो हेर !

सबजना मिलेर उठाउन आएँ आज
सहजै गीत गाएँ नमानीकन लाज
विस्तारै तानेर रोटी लिइएर गयो हेर !

मिलेर ल्याउँदा खुसी छायो घरमा
सजिलै टुक्राउन सके सबका भरमा
भाग लगाएर कति मीठो खायो हेर !

(नेपालभाषाबाट अनुवाद गगनदीप सर्व)

## दूरसञ्चार सेवाको प्रयोग सम्वन्धमा बुझिराख्नु पर्ने केही कुराहरु

- आफ्नो नाममा दर्ता भएको कुनै पनि टेलिफोन/मोवाइल अर्केले प्रयोग गरी दुरुपयोग हुन सक्ने सम्भावना भएको र कतिपय अपराधिक घटनाहरुमा यस्ता दूरसञ्चार सेवाको प्रयोग भएको पाईएकोले आफ्नो नाममा दर्ता भएको टेलिफोन/मोवाइल दुरुपयोग हुनबाट सचेत होऔं, साथै नियमानुसार नामसारी गरेर मात्र अरुलाई प्रयोग गर्न दिने बानी बसालौं ।
- अनाधिकृत दूरसञ्चार सेवाको प्रयोग/विस्तार कानूनत दण्डनीय छ । तसर्थ नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले प्रदान गरेको सेवा मात्र प्रयोग गर्ने तर्फ सजग होऔं ।
- कुनै अपरिचित व्यक्तिलाई आफ्नो मोवाइल फोन प्रयोग गर्न नदिउँ । यदि आवश्यकता नै परेमा उसको बारेमा बुझेर मात्र प्रयोग गर्न दिउँ ।
- तपाईले खरिद गर्न लाग्नु भएको प्रि-पेड मोवाइलको सिम कार्ड Seal Open भएको, Balance कम भएको वा पहिले नै रजिष्टर भैसकेको हुन सक्ने भएकोले त्यसमा सचेत हुनुहोस् र पछि आईपर्ने झन्झटबाट मुक्त हुनुहोस् ।
- दूरसञ्चार सेवाका उपभोक्ताहरुले आफ्नो टेलिफोन/मोवाइल हराएमा वा चोरी भएमा सम्बन्धित सेवा प्रदायकको सोधपुछमा सम्पर्क राखी बन्द गराउनु होला, जसको कारणले तपाईको हराएको वा चोरी भएको मोवाइल फोन दुरुपयोग हुनबाट बच्न सक्नुहुनेछ ।

नेपाल दूरसंचार प्राधिकरण
कमलादी, काठमाडौं, नेपाल
फोन नं.९७७-१-४२५५४७४
फ्याक्सः ९७७-१-४२५५२५०
, पो.ब.नं.: ९७५४,
ई-मेलः ntra@nta.gov.np
वेभसाइटः www.nta.gov.np

# एउटा दीपझैँ होस् देश

• शोभा खतिवडा



कुनै दिव्य सुन्दर देशको खोजी गरौँ म !
त्यो हिमाल भन्ने नाम पनि लेखौँ म ‼

कुनै मूल्य मान्यता होस् यो मेरो देशमा !
नेपाल भन्ने असल मान पनि होस् त्यसमा ‼

म नेपालमा गीतका धारा अनेक बगाऊँ !
हरेक नेपालीको मिठो आवाज त्यहाँ मिसाऊँ ‼

नहोस् भेदभाव कुनै पनि नेपालीहरूको मनमा !
सद्भावको पाठ लेखियोस् हाम्रो पनि यस मनमा ‼

माया, स्नेह, विवेकको पाठ सुन्दर अब पढौँ !
हामी हामी मिली एकतामा आबद्ध बनौँ ‼

अब नेपालीको पौरखले सजियोस् देश !
ज्ञान, विवेक र शिक्षाको मुहानै बनोस् परिवेश ‼

नेपालीको एकता मौरीको गुणमा गाँसियोस् !
मनमा घामको किरण पुगेर देशको मुहार फेरियोस् ‼

*– लैनचौर, काठमाडौँ*

---

# गजल

• आचार्य प्रभा



जमानाको खाँचो रैछ जीवनलाई ढाल्नु साथी
विचारेर अघि बढ्दै पाइलाहरू चाल्नु साथी

इतिहास सबैको नै उस्तै उस्तै गरी बिते
पुराना ती विचारलाई अब तिम्ले फाल्नु साथी

के के भए के के बित्यो जीवनको मोडहरूमा
ढुङ्गाजस्तो मन बनाई दुःख-पीडा गाल्नु साथी

पिता-पुर्खा इमानदारी पक्कै पनि थिए होलान्
आफूले नि इमानदार भै सन्तान पाल्नु साथी

देशभित्र अनैतिकता बढ्दै गए कति कति
भ्रष्ट अनि दुष्टलाई जरैदेखि नै फाल्नु साथी ।

*– दमक, झापा*

# ढोकाको खापा



• कुमार अंबुज

(कवि कुमार अम्बुजको जन्म अप्रिल १३, सन् १९५७ मा मध्यप्रदेश राज्यको गुनामा भएको थियो । उनका 'किवाड' १९९२, 'क्रूरता' १९९६ 'अनंतिम' १९९८ र ' अतिक्रमण' २००२ मा प्रकाशित कविताकृतिहरू छन् । उनले सन् १९८८ मा 'भारत भूषण अग्रवाल' पुरस्कार, सन् १९९६ मा 'माखनलाल चतुर्वेदी पुरस्कार', साथै 'श्रीकान्त वर्मा सम्मान', गिरिजा कुमार माथुर सम्मान, केदार सम्मान र बागीश्वरी पुरस्कार आदि प्राप्त गरेका छन् ।)

यी केवल ढोकाका खापा होइनन् ।

जब यी हल्लिन्छन्
आमा कहालिनुहुन्छ
र सचेत आँखाले
हेर्नुहुन्छ- के भयो ?

मोटो साङ्लोको
चार कडीमा
एक सारा उमेर र स्मृतिहरू
बाँधिएका छन् ।
जब साङ्लो बज्छ
धेरै थोक बज्छन् घरमा ।

ढोकाका यी खापामा
घाम जून
र नागदेवता बनेका छन् ।
एउटा विश्वास र सुरक्षा
कोरिएका छन् यी माथि ।
यिनलाई हेरेर हामीलाई
बाको सम्झना आउँछ ।

दाइले जब यिनलाई
फेरने कुरा गर्नुहुन्छ
आमा तर्सिनुहुन्छ
र थुप्रै थुप्रै रात, बाबा
उनको सपनामा आउँछन् ।

यी पुराना हुन्
तर कमजोर होइनन्
यिनको गतिमा
एकप्रकारको शक्ति छ ।
यी जब खुल्छन्
एक सम्पूर्ण संसार
हामीतिर खुल्छ ।

जब यी हुने छैनन्
घर
घर रहने छैन ।

(हिन्दीभाषाबाट अनूदित ।
अनुवाद : चन्द्र गुरुङ)

## दुई हाइकु

• लक्ष्मी श्रेष्ठ

**बुझेँ मैले त**
**जीवन त बोनस**
**मैले पाएको**

**हर बखत**
**दाहिना भइरहुन**
**कुल देवता**

*– विराटनगर, मोरङ*

# नलेखिएका कथा कथासङ्ग्रह पढेपछि



● अरुणबहादुर खत्री 'नदी'

कथाकार विश्वराज अधिकारीको नलेखिएका कथा नामक कथा सङ्ग्रह २०७६ सालमा प्रकाशित भएको छ । यस कृतिभित्र कथाकार विश्वराजद्वारा लेखिएका वाटरलु मञ्जु म्याडम र काका, यसरी जितैँ हारेको युद्ध, नाम नपाएको सम्बन्ध, चालिस वर्षदेखिको पश्चाताप, म, आशीर्वाद र ऊ लगायत विभिन्न शीर्षकका १३ वटा कथाहरू समावेश छन् । यस सङ्ग्रहभित्रको वाटरलु, मञ्जु म्याडम र काका शीर्षकको पहिलो कथामा विश्व इतिहासमा वाटरलुको युद्ध निकै प्रचलित छ । सतीशले आफू सरिताप्रति बढी आकर्षित भएको कहिले पनि भन्न चाहि सकेन । सरितालाई हेर्ने चक्करमा सतीशले आफ्नो पढाइ नै विगाऱ्यो । त्यति राम्रो विद्यार्थी सतीश भनिएको छ । यसरी जितैँ हारेको युद्ध शीर्षकको कथाभित्र उर्मिलाका आँखाहरू राताराता भए । हातमा रहेको सानो तकियाले मधुलाई प्रहार गर्न खोजिन् तर के सोचेर त्यस्तो गरिनन् । शान्त भइन् भनिएको छ । नाम नपाएको सम्बन्ध शीर्षकको कथामा विवाह भएर दोस्रो जीवन पनि लामो समय विताएका पूर्व प्रेमी प्रेमिकाको निरन्तर भेटघाट र सौहार्दपूर्ण सम्बन्धलाई चित्रण गरिएको छ ।

प्रेमलाई कतिपयले हार्दिक समर्पणका रूपमा लिने गर्छन् भने कतिपयले स्वार्थसिद्धिको बहानाका रूपमा । विश्वराजले लेखेका कथाहरूमध्ये अधिकतम कथाहरू प्रेमकै सेरोफेरोसंग गाँसिएका छन् । त्यसमा पनि नारीले पुरूषबाट अपेक्षा गरेका प्रेमका परिसन्दर्भहरू मुखरित भएका छन् । प्रेमकै धरातलसंग गाँसिएर आएका अन्य सन्दर्भहरू मध्ये विशेषतः नारीवादी चिन्तन, पुरूषको सङ्कीर्ण मनोवृत्ति, यौनिक जीवनका सुक्ष्मतम तन्तुहरू र स्वार्थीपनहरूजस्ता विषयहरू



विश्वराजका कथामा समेटिएका छन् । यस सङ्ग्रहभित्रका कथाहरूले केही निश्चित स्थानहरूको मात्र प्रतिनिधित्व गरेको हुनाले ती कथाहरूले व्यापकता लिन सकेको देखिन्छ । भाषिक सरलता र विषयवस्तुको सही प्रस्तुतिले भने कथाहरूलाई अब्बल बनाएको छ । मध्यम वर्गका नेपाली नारीहरूको पीडालाई कथाहरूले उचित किसिमले पाठकहरू समक्ष ल्याएका छन् । म भ्रममा नै रहुँ शीर्षकको कथामा नातिनातिना भइसकेपछि पनि फेसबुकबाट साथी बनेका पात्रलाई भेटेर प्रेमप्रस्ताव गरेको र यो प्रेममा यौन सम्बन्धको कुनै अर्थ नरहने शुद्ध निःस्वार्थ प्रेम रहने भएकाले प्रेमलाई स्वीकार्न अनुरोध गरिएको देखिन्छ ।

वर्तमान समयमा कथा लेखनमा अत्याधुनिक सोच र नवीनशैली प्रस्तुत हुने गरेका छन् । यस दृष्टिले हेर्दा विश्वराजद्वारा लेखिएका कथाहरू अध्ययन गर्दा शीर्षक, संरचना, विषयवस्तु र प्रस्तुतिमा पनि त्यसको आभाससम्म पाइँदैन । कुनै कथाको खाका बनाइसकेपछि शब्दमा नउतारूञ्जेलसम्म कथाकार विश्वराजलाई एकप्रकारको छटपटी भइरहन्छ । विशेष गरी तिनका पात्रहरूले उनका आँखावरिपरि ओहोर–दोहोर गरेर र अनेक उतार–चढावबाट परिस्थितिहरू गुज्रिएर मनलाई पीडादायी बनाइदिन्छन् । कथाकारले नारी पात्रमा मात्रै सहनशीलता हुँदैन । सहन सक्ने क्षमता पुरूष पात्रमा पनि त्यत्तिकै हुन्छ । पुरूषले पनि आफ्नो आफ्नै श्रीमतीका लागि कति त्याग गर्न सक्छ भन्ने कुरा म आशीर्वाद र ऊ शीर्षकको कथामा प्रष्ट पारेका छन् ।

कथाकार डायस्पोरामा रहेर नेपाली साहित्य सिर्जनामा अथक रूपमा लागिरहने एउटा साधक हुन् । गीत, गजल, कविता, समीक्षा निबन्ध आदि साहित्यका सबै विधामा निरन्तरता दिइरहने उनको अझ बढी लगााव कथामा देखिएको छ । साइबर वाइफ शीर्षकको कथाभित्र सीतालाई साहित्यमा रूचि थिएन । उनको भनाइ अनुसार कुनै कथा वा कविता उनले कहिले पनि लेखेकी थिइनन् । तर, कहिलेकाही पढ्ने गर्थिन् भनिएको छ । चालिस वर्षदेखिको पश्चाताप शीर्षकको कथाभित्र मेरा दृष्टिहरू भोला माझीका आँखाहरूबाट उफ्रिएर तेतरीका आँखाहरूमा गाडिए भनिएको छ । कथा सिर्जना त्यति सहज कुरो होइन । तथापि सहज ढङ्गले कथाकारिताको यात्रा तय गरेका छन् कथाकारले । कथाकार विश्वराजका कथाहरूले पाठकको संवेदनालाई जुरमुराइदिएको पाइन्छ । कथाले पाठकको सोचाइमा श्रीपेच लगाएर स्पन्दनमा राज गर्न सकेको देखिन्छ । जीवनका प्रत्येक पल कथावस्तु हुन् भने समाजका प्रत्येक घटना कथा हुन् । कथाकार विश्वराजद्वारा लेखिएका कथाहरूमा आफ्नै विशेषताहरू छन् । विश्वराजको सम्पूर्ण कथाकारितालाई अध्ययन गर्दा उनी प्रखर सामाजिक र समकालीन चेतना भएका अनि विविधतापूर्ण विषयहरूमा कलम चलाउन सक्ने एक कथाकार हुन् । उनको यस कथासङ्ग्रहले नेपाली साहित्यको इतिहासमा एउटा प्रभावकारी छाप छाड्न सक्नेछ । उनको कथालेखन अगाडि बढ्दै जाओस् । आउंदा दिनमा अरू कथाहरू जन्मन सकोस् भन्ने चाहान्छु । मेरो हार्दिक शुभेच्छा ।

*– सामाखुसी, काठमाडौँ*

# तीन कविता

(अवधि भाषा)



● **हंसा कुर्मी**
सिस्वा, कपिलवस्तु

## १. पागल वस्ती...... !

पातर औ उबड़-खाबड़
पगडण्डी पर
हाथेमलुक्काबारि कै
निरन्तर चलत रहा
एक बटोही !!
थका, ठेहियान
औ भूखि से व्याकूल
अपने आप से
सवाल पूछत है
अबहिन केतना दूर है ??
पागल वस्ती ...
जहाँ सब
हमरहिन जेस हैं
हाथेमलुक्काबारि कै चलत हैं
थका ठेहियान
औ भूखि से व्याकूल !
सहियै येकर तौ
न कउनो ओर है
न कउनो छोर
सोचतचलत है निरन्तर
वही पगडण्डी के सहारे
अपने आप से
सवाल पुछतै रहत है
अबहिन केतना दूर है ??
पागल वस्ती.....!

*(सारांश : एक स्वाभिमानी मान्छे जसले त्यस्तो बस्ती खोज्दै हिंडछ जहाँ समता र समानता हुन्छ तर त्यो कहींपनि भेटिदैन, अनिआजको कथितआधुनिक मान्छेले त्यसलाई पागल वस्ती भन्छन् ।)*

## २. मन

जी, जब से हमवोका
बुझै लागिहन
उ दूर दूर
हम से भागत रहत है ।
कलम के सहारे
सादाकागजपर क्यानभास
उतारैककोशिश में
आज वरसौं बितिगवा
एक लकिर न खिचिपायेन
आकार कल्पना करैकचाहेन
लेकिनकउनो ओर न पायेन
हरेकमुलाकात में
आभास होत है
उयहिकहूँ है
फिर कोशिशकरित है
लेकिन हर कोशिश
होयजात है नकाम
जब पिछे भागै के कोशिश
करित है तौ
कब्बौ अतित में डुबाय देत है
तौ कब्बौ कल्पना में उड़ाय देत है
अखिर मे,
सादाकागज पर
वोकर क्यानभासबनावैक
सपना
अधूरै रहि जात है !
काहे कि उ मन होय
अस्थिर, चन्चलऔ निर्मल !

*(सारांश : मान्छेको मन अतिचन्चल, अस्थिर र निर्मल छ । यसको चित्रउतार्न सकिंदैन । उतार्न खोज्नेलाई अतित र वर्तमानमा लगेर भुलाई दिन्छ । यसलाई नियन्त्रण गर्न कठिन छ । )*

## ३. तोहरहीखातिर लिखब

तुहुँकामालमु है न !
हमबहुत कुछ
लिखेनतोहरे नाव से
लेकिनअब
लिखबै तोरहीखातिर
हमरे लेखनी में
वहिमें रहाशब्दतौ
सब पढि लेत है
लेकिनभावसिरिफ
तुँही सम्झतहौ
वहिसे अबहम
तोरहीखातिर लिखबै
अजोरिया में देखानगाँव कै
सुन्दरतालिखबै
मधुमास मेंफुलान
फूल कै खुश्बु लिखबै
वर्षा ऋतु में लहरात
नदी से उठा संगितलिखबै
सहियै,
अबजउन कुछ लिखबै
तोहरहीखातिर लिखब!

*(सारांश : आफ्नो वास्तविकताविर्सेर अरूको बखानगर्दै हिंडेको मान्छेलाई आफ्नोपनको आहट भएपछि, आफैसँग गरेको प्रतिवद्धता हो । यहाँकविताले भन्छ कि जे लेख्छु अब तिम्रै लागि लेख्छु किनकिअरूले शब्दबुझ्छन् तर आफ्नोले त्यसको भाव पनि बुझ्छन् ।)*

बालबालिका माथि हुने
हिंसा, दुर्व्यवहार,
शोषण भएको, जोखिमपूर्ण
अवस्थामा रहेको वा
बालअधिकारको उल्लंघन भएको छ
भने बाल हेल्पलाइनको पैसा नलाग्ने
फोन नं. १०९८ मा
खबर गरौं ।

**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना तथा प्रसारण विभाग**




**कृतिः** जुनकिरीको उज्यालो
(बालकथा सङ्ग्रह)
**कृतिकारः** पुष्करराज भट्ट
**प्रकाशकः** अक्षरदाम प्रकाशन
**पृष्ठ** : ४०+४, **मूल्य** : १३५/-
**प्रकाशन साल** : २०७६




**कृतिः** स्रष्टा-हस्ताक्षर
(हस्ताक्षर सङ्कलन)
**कृतिकारः** ज्ञान दास
**प्रकाशकः** प्रेमा उदास
**पृष्ठ** : ३६०+४, **मूल्य** : ६००/-
**प्रकाशन साल** : २०७४




**कृतिः** ताङ्काहरू
(ताङ्का सङ्ग्रह)
**कृतिकारः** रेणुका भट्टराई
**प्रकाशकः** पेरोल प्रकाशन
**पृष्ठ** : १०८+४, **मूल्य** : २५१/-
**प्रकाशन साल** : २०७५




**कृतिः** हराएको हिरा
(बालकथा सङ्ग्रह)
**कृतिकारः** रामेश्वर राउत 'मातृदास'
**प्रकाशकः** स्वदेश प्रकाशन
**पृष्ठ** : १०२०+४, **मूल्य** : १५०/-
**प्रकाशन साल** : २०७५

# एऽ कुरा त्यस्तो ?


नेपालको धेरै भू-भाग दक्षिण तिर सरेको हो र ??
भू-भाग सरेको होइन क्या! दक्षिणतिर का मान्छेहरू बढेर हाम्रो देशमा सरेको हो क्या !